# अध्याय- एक

## १.१ सुवांगीको परिचय

लिम्बु समुदायमा प्रचलित सुवांगी प्रणाली एक राजनीतिक प्रणालीको रूप हो । यस प्रणालीको उद्‌भवको रूपमा शाब्दिक र प्रायोगिकरूपमा भने शान मकवानीको शासनकालमा र मुगलको राजनीतिको पदावालीको रूपमा जोडिएर हेरिएको छ । तथापी यो प्रणाली लिम्बु समुदाय निकट विगतमा चलिरहेको राजनीतिक व्यवस्थाको रूपमा रहेको प्रमाणिक इतिहास रहेको छ । लिम्बु समुदायमा रहेको अन्तिम राजनीतिक व्यवस्था भनेको सुवांगी प्रणाली रहेको थियो । यस प्रणालीको सम्बन्ध जमीन र त्यस माथीको अधिकारसँग सम्बन्धित रहेको थियो ।

सुवांगी शब्द 'सुवा' पदको धारण कर्तालाई सुवांगी भनिन्छ । त्यो सुवा शब्दको उत्पतीको सन्दर्भमा शान मकवानीहरूले मध्य वर्मामा संघात्मक राज्यको निर्माण गरेपछी ती क्षेत्रहरूको प्रमुख व्यक्तिलाई शोब्वा भनिन्थ्यो त्यही शब्द अपभ्रंश हुदै सुवा भएको हो ( चेम्जोङ्ग सन् २००३)। त्यस पछि यो शब्दको प्रयोग लिम्वु समुदायमा शाहवंशीय राजाहरूले पल्लो किरातलाई तत्कालिन गोर्खा राज्यको अधिनस्थमा राखेर नेपालको सिमानालाई पुर्वमा टिस्टासम्म पुऱ्याएका थिए । भाषिक रूपमा यस शब्दको सम्बन्ध हेर्ने हो भने यो फारसी भाषी अन्तर्गत रहेको पाइन्छ । शोब्वा शब्दको अर्थ राजा हुन्छ । भारतमा मुगल साम्राज्यको प्रभाव फौलिएपछि मुगल वादशाहले पुराना विजीत राज्यलाई प्रान्तका रूपमा यथावत राखी प्रशासनिक इकाई कायम गरेका थिए । त्यस्ता प्रान्तका प्रमुखलाई "सुवा" भनिन्थ्यो ( इङनाम, २०७०:७२) ।

कालान्तरमा मुगल बादशाहको अनुशरण गर्दै सेनवंशी राजाहरूले लिम्बुहरूलाई सुवा भनी सुवांगी दर्जाले सुवोभित गरेका हुन् । ह्यामिल्टन्का अनुसार सुवालाई राजस्व सङ्कलन, न्याय, सम्पादन र शान्ति सुरक्षा कायम गर्ने पदाधिकारीका रूपमा लिएका छन् । उनका अनुसार पहाड र तराईका जिल्लाहरूमा सुवाले प्रशासनको हैसियतले काम गर्दथे भने केही सुवाहरू केन्द्रिय कार्यलय जस्तै कोत, भण्डार र कुमारी चोकमा काम गर्दथे । जिल्लातिर सुवाहरू हाकिम हुन्थे भने केन्द्रिय कार्यलयमा काजी वा कपरदारका अधिनमा रही काम गर्दथे । लिम्बु वाहेक अन्य सुवाहरू पूर्णरूपमा सरकारको जागिरदारको रूपमा रहेको, ,निजहरूलाई काम गरे वापत तलव वा खान्कीको रूपमा जग्गा जमिन दिएको हुन्थ्यो

तर पल्लो किरातका किपटिया लिम्बुहरूलाई मात्र “सुवा” भनिन्थ्यो । लिम्बु सुवाहरू जागिरको रूपमा नभई किपट जग्गाको प्रशासन तिरो उठाउने त्यसक्षेत्रको शान्तिसुरक्षा, विकास निर्माण, वनजङ्गलको सुरक्षा, सरकारको आदेश कार्यन्वयन एवं पालना गराउने दायित्व रहन्थ्यो । यो पद पुस्तौनी हुन्थ्यो । सुवा पछी उनकै जेठा सन्तानले सुवा वा सुवांगी पद प्राप्त गर्दथे । यसरी हेर्दा पल्लो किरातको किपट भूमिको निश्चित भुभागमा परम्परा देखि उपभोग गर्दै आएको किपट भूमीको रेखदेख, हेरचाह नियन्त्रण र प्रशासन गर्न लालमोहर रूक्का, सरकारी आदेशबाट अधिकार प्राप्त लिम्बुहरूलाई सुवा, जिम्मावाल, तालुकदार भनिथ्यो र उसको अधिकार क्षेत्रलाई सुवांगी भनिथ्यो । (इङनाम, २०७०:७३)

वि.सं. १८६१ आस्विन वदी १० मा राजा पृथ्वीनारायण शाहले पल्लो किरात लिम्बुवानमा रहेको राजभारा सामर्थ्य अभिमान सिंह, पारथ भण्डारी, कीर्तिसिंह खवास, वली वानियालाई लेखेको पत्रमा .... उप्रान्त पत्र आयो अर्थ मालुम भयो .... लिम्बु श्रंग्याका सुवाले मान्न आयाको सबै विस्तार विन्ति गरी पठाया छौं भन्ने लेखिएकोले एकिकरण अघि नै सुवा पद रहेछ । जुन पद सेन राजाले दिएको पदवी हो भन्ने बुझिन्छ ।

लिम्बुवानका प्रमुखहरूलाई वि.सं. १८३१ अघि नै सुवा भनिन्थ्यो जातीय स्वायत्तताको रूपमा सुवा प्रयोग लिम्बुवान क्षेत्रका लिम्बु वाहेक अन्य जातिहरूलाई प्रयोग गरेको पाइन्दैन । नेपालको तत्कालिन राजदरबारबाट लिइएका रूक्का इस्तिहार र आदेशमा अन्य ठाउमा जागिरको रूपमा सुवा शब्दको प्रयोग भने गरेको तथ्यहरू छन् ।

सुवांगी एउटा पद हो ।सुवांगी प्रथाको वारेमा चर्चा इतिहासकाल देखि नै भएको भनेर पाइन्छ । यी विभिन्न अध्ययन कर्ताहरूका अनुसार आधुनिक राज्यको विस्तार अगाडि नै त्यस भौगोलिक क्षेत्रलाई विभिन्न थुम तथा गढी विभाजन गरी स्थानिय समुहको नेतृत्वमा स्वशासित थिए । त्यस समयमा स्थापना भएका थुम र गढीहरू वनाउदा दश लिम्बुवान सत्र थुमको स्वशासनको नीति अन्तर्गत शासन सञ्चालन हुन्थ्यो । यसै संरचनालाई आधार मानेर अगाडी बढेको थियो । १८३१ को सन्धी र सम्झौता ताका वास्तवमा यो सन्धीमा हस्ताक्षरकर्ताहरूबाट पनि के बुझिन्छ भने लिम्बु समुदायहरूसामुहिक रितिथितिमा रहेको तर थर, उपथर भने धेरै रहेको सामाजिक समुह भनेर बुझिन्छ ।यसरी हेर्दा लिम्बू समाजमा प्रचलित चिफडम प्रणाली आधारित शासन पद्धति थियो ।

चिफडम प्रणालीमा रहेका विशेषताहरूलाई लिम्बु समुदायमा पनि देख्न पाइएको छ । यो क्रमिक रूपमा पुनः हस्तान्तरण हुदै आएको थियो ।

लिम्बू समुदायमा वि.सं. १८३७ देखि भने गोर्खा राज्य अन्तर्गतको सुवाको प्रसँगहरू व्यापक चलेको थियो । यहाँ देखि मात्र  धेरै लिम्बूहरूले सुवा भएर जुन १८३१ अनुशारको आफनो भूमी माथि स्वशासन संचालनको लागि अधिकारिकता लिइ र दिइ औपचारिक रूपमा आधुनिक नेपाललाई स्वीकार गरी शासन गर्न थालेको बुझिन्छ ।उदाहरणार्थ फेदाप थुमका मञ्चित राईलाई वि.सं. १८३७ मा वार्षिक रु ६० सिर्तोक वुझाउने गरी शाहकालमा पहिलो पल्ट सुवांगी प्रदान गरेको देखिन्छ । लिम्बुवान क्षेत्रमा शाहकालमासुवांगी प्राप्त गर्ने उनी नै प्रथम सुवा देखिन्छन् । यधपीलिम्वुवान क्षेत्रमाशाहवंशिय शासन अगावै सेनकालमा सुवांगी प्राप्त गर्ने  सुवा लुम्बा, खापुङ्ग समुदायका ब्यक्ती देखिन्छन् उनले बि.सं १८३६ मा ४ किल्ला वाधी सोह्र आनामा डाँडागाउँ अडबुङको लामा जातीलाई किपट दिएको देखिन्छ ( परिशिष्ट -१५) । उक्त कागजमा उनी सुवा देखिन्छन् जुन नेपाल एकिकरण भन्दा अघिका सुवा प्रमाणित हुन्छ । नेपाल ऐकिकरण पछी शाहवंशिय शासनकालमा उनका ३ जना छोराहरू सुवा नै देखिन्छन् जो १८९० को सुवांगी हुने नयाँ नीति अघि नै सुवा  देखिन्छन् ।

राज्यले लिम्वूहरूको त्यो स्थापित राजनीतिक संरचनालाई कमजोर बनाउने हेतुले नयाँ सुवाहरूको नियुक्तिलाई आधिकारिकता प्रदान गर्न थाल्यो । वि.सं. १८८४ देखि १८९१ सम्ममा सुवांगी प्राप्त गर्ने नयाँ नीति अवलम्वन गरियो । नीति अनुशार रु ३० उठ्ती हुने ६० मुरी माटो र रु ५२ नगद सलामी चढाएमा सुवाको दर्ता र उसलाई रु ३ तिरो लाग्ने ६ घर मिनाहा हुने र रु १५ उठ्ती हुने ३० मुरी माटो र रु २६ नगद सलामी चढाएमा राईको दर्जा र उसलाई रु ३ तिरो लाग्ने ३ घर मिनाहा हुने र माटो मुरी चढाउन नसक्नेले दर्ता सलामी रु ५२ र साल वसाल सलामी वापत रु १ तिरो वुझाएमा तिरुवासुवा हुने भए । उसलाई १ घर पनी मिनाहा हुदैनथ्यो भने डोकेभाइलाई भने रु ६/५० तिरो लाग्दथ्यो । वि.सं. १८७७ सम्म सुवांगी प्राप्त गर्ने सुवाहरूलाई आगे वा पुरानिया सुवा भनिथ्यो र माटो चढाइ सुवा हुनेहरूलाई फुटी सुवा तथा नयाँ सुवा भनियो (श्रेष्ठ, २०४२)। वि.सं. १८९१ मा महाराजधिराजबाट छथर पोखरी गाउँमा सुवांगी प्रदान गरेको रुकका जारी गरीएको छ हेर्नुहोस् (परिशिष्ट - अ) ।

वि.सं. १९२५ को टेकविर जाच र वि.सं. १९३७ को हस्तविर जाचले सलामी वापत रु ५२/२६ हटाइ रु ३० उठ्ती हुने मुरीमाटोको खेत सरकारलाई चढाउने किपटियालाई सुवाको दर्जा र रु १५ उठ्ती हुने ३० मुरी माटोको खेत सरकारलाई चढाउने किपटियालाई राई पगरीको दर्जा दिइयो । सुवा र राइले अमाली गर्न पाउने तर तिरुवा सुवाले अमाली गर्न नपाउने थिति कायम भयो । यसरी सरकारलाई चढाएको खेत सबै रैकर हुने नियम कायम भयो । रैकर भन्नाले सिधा अर्थमा राज्यको स्वामित्वमा भएको जग्गा र राज्यलाई कर तिर्नुपर्ने । वि.सं. १९२५ को व्यवस्थालाई वि.सं. १९३७, १९४८, १९५०, १९९७ जाच टोलीले पनी सुवांगी प्राप्त गर्ने तरिकालाई यथावत कायम गऱ्यो । यस व्यवस्थाले धेरै संख्यामा सुवाहरूको संख्या पुऱ्याउने काम गऱ्यो । यस प्रक्रियालाई राज्यको लिम्बूहरूमा रहेको परम्परा देखिको स्वशासनको संरचना भत्काउने मुख्य जगका रूपमा लिन सकिन्छ । यसरी नयाँ सुवा वन्ने प्रक्रियालाई राज्यले मात्र प्रयोग गरेन यानकी लिम्वूहरूले पनि प्रयोग गरे । यसले सुवा वन्नको लागि छोरा वा भाइ तथा अन्य लिम्वूमा दमित सुवा वन्ने इच्छालाई सम्वोधन गऱ्यो । यसले लिम्वू दाजुभाईमा भएको शक्तिको लागि झगडा द्वन्द, फुट, अन्तरविरोध, पनि निम्त्यायो । साथसाथै कसैलाई सुवांगी चलाउन सक्ने क्षमताको कमी वा मन नहुदा पनि यो व्यवस्थाले सहयोग गरेको पाइयो । यसरी नयाँ सुवा वन्दा वा सुवांगी प्रत्यायोजन गर्दा त्यहाँ केही जमिन र पैसा केन्द्र सरकारलाई वुझाएर आधिकारिकता दिने लिने गरिन्थ्यो । त्यस क्षेत्रमा रहेको सम्पूर्ण वनजंगल, प्राकृतिक स्रोत साधन, कर शासन व्यवस्था सुवांगी प्रथा अन्तर्गत संचालनमा रहेको थियो । सुवांगी प्रथा केन्द्रको तिरो उठाउने संयन्त्र मालको रूपमा मात्र व्याख्या गर्दा न्याय गर्न नसकिएको हुन्छ, किनकी लिम्वूवानमा लिम्वू जातिका सुवालाई मात्र नगरनिशाना, पाखा खेत, हातहतियार, खर्क मात्र नभएर वनजंगल, खोलानाला, खानी नदीहरूमा पनि लिम्वू जातिको अधिकार सुवा अन्तर्गत कायम राखेको थियो । यसरी लिम्वूहरूको राजनीतिक स्वशासनको अधिकारलाई केन्द्रसरकारले क्रमिक रूपमा कटौती गर्दै लगेको थियो । यस संरचनाको अन्त्य भने औपचारिक रूपमा २०२१ सालमा भएको थियो भने तेह्रथुममा ३४ सालमा नापी पश्चात लिम्वूहरूको अस्तित्व आधुनिक नेपालमा सामान्य जनताको रूपमा रही आयो । किपटीया सुवाहरूले आफ्नो सुवांगी भित्रको अथाह जगर वगर दर्ता नगरेकाले कतिपय उनीहरूकै दावी नै रहेको छ भने अन्यथा सरकारको भएको छ (माबुहाङ, २०७३, इङ्नाम २०७०) ।

सुवांगी अध्ययनमा लिम्वू जातिको वृहद इतिहास सभ्यताको खोज पाइन्छ । थुम थुम र मौजा मौजामा विभाजित सुवांगीले लिम्वू जातिहरू अनेकौ थरहरूमा विभाजित भई उनीहरूको लुकेको महत्वपूर्ण इतिहास, सँस्कृति, पहिचान, लिखित, दस्तावेजहरू मिहिन सुक्ष्म ढंगले जान्न वुझ्न सकिन्छ । खापुङ सुवांगीको विषयमा पर्याप्त मात्रामा अध्ययन अनुसन्धान र शोधकार्य भएको देखिदैन त्यसैले यस विषयमा नविनतम् सत्य तथ्य थाहा पाउन थप जानकारी प्राप्त गर्ने उद्देश्यले यो अध्ययन गरिएको हो ।

## १.२ समस्याको कथन

समाजमा विविध किसिमका जातजाति, धर्म, संस्कार, संस्कृति, परम्परा र इतिहास भएका मानिसहरूको बसोवास भएको पाइन्छ । जसले गर्दा समाज एक वृहत अन्तर सम्बन्धको जालो हो समाजमा बसिरहदा आफ्नो इतिहास पहिचान महत्वपूर्ण हो । लिम्बू समाज भित्र आफ्नो भिन्ना भिन्नै खालको इतिहास रहेको हुन्छ । आफ्नो इतिहास थुथुरीवेद अनुसार मौखिक रूपमा कतिपय रहेको हुन्छ । भने कतिपय लिखित दस्तावेजको रूपमा । जुन आजको परिस्थितिमा खोज अनुसन्धान गर्न अति आवश्यक रहेको छ । प्रभावशाली इतिहास बोकेका व्यक्ति, व्यक्तित्वहरू अर्को वंशको भनेर दावि गरिरहेको अवस्थामा इतिहास भनेको जित्नेहरूको घोडा जता कुदाए पनि हुने जस्तो महसुस भइरहेको छ ।

सुवांगी सञ्चालनकर्ता विगतका सुवाहरूकै सन्ततीहरू वर्तमानमा राजनीतिक सामाजिक ,आर्थिक रूपमा प्रभुत्वशाली भइरहेको छन् । लामो कालखण्ड सम्म अस्तीत्वमा रहेको सुवांगी जसले निमार्ण गरेको सामाजिक उच निचता, राजनीतिक हैसियत र प्रभुत्व । सुवांगी संस्थाले समुदायमा सिर्जना गरेको अन्तरविरोध, वर्गिय विभाजन साथै त्यसमा आएको परिवर्तन र त्यसले छाडेका प्रभावहरू । सुबांगीमा आएको परिबर्तन ।सुवांगी संस्थाले समाजमा स्थानीय स्तरीकरण र त्यसको प्रभावको अध्ययन गर्ने ।

## १.३ अध्ययनको उद्देश्य

हरेक अध्ययन अनुसन्धान गर्नुको उद्देश्य रहेको हुन्छ । अध्ययनका विषयवस्तु अनुसार आ-आफ्नै किसिमका उद्देश्यहरू हुन्छन् । जसले गर्दा यस अध्ययनको पनि आफ्नो छुट्टै मौलिक उद्देश्यहरू रहेका छन् । यस अध्ययनको मुख्य उद्देश्य भनेको लिम्बू जातिको सुवांगीको बारे अध्ययन हो । लिम्बु भित्रको खापुङ्गको सुवांगीको विगत र वर्तमानबारे

अध्ययन गर्ने हो । करिब २५० वर्ष अघिदेखि आइरहेको वंशीय पिढीमा सामाजिक हैसियत, आर्थिक सबलीकरण, राजनीतिक प्रभुत्वमा धक्का, क्रमभङ्गता थोरै खापुङ्गहरूले मात्रै गरेको त्यसको कारणबारे अध्ययन गर्ने । खापुङ्ग सुवांगीको अध्ययन सम्पुर्ण समाजमा जानकारी गराउने  तथासुवांगीको हस्तक्षेप, फुटाइले समाजको आर्थिक, सामाजिक र भु-स्वामित्व र राजनीतिमा ल्याउने प्रभावहरूको खोजी गर्ने उद्देश्यले अध्ययन गरिने छ जस मार्फत विभिन्न थर, खलक, व्यक्ति तथा संस्थालाई पनि केही हदसम्म सहयोग पुग्ने उद्देश्य रहेको छ ।यी उद्देश्य पुरा गर्नको लागि निम्नानुशारका उद्देश्यहरू राखी अध्ययन गरिने छ ।मोराहाङ्गको लिम्बू खापुङ्ग परिवारको सुवांगी प्रणालीले स्थानिय शासन पद्धतिमा खेलेको भुमिका कस्तो प्रकारको थियो ?सुवाका पछिल्लो पुस्ता/सन्ततीहरूमा केन्द्रिय र स्थानिय राजनीतिको शासन सत्ता शक्तिमा कस्तो भुमिका ,जिम्मेवारी, प्रभाव रह्यो त्यसवारे विश्लेषण गर्ने, मुख्य उद्देश्यहरू भने निम्न छन् :

क) खापुङ्ग सुवांगीको विगतको अध्ययन ।

ख) खापुङ्ग सुवांगीको वर्तमान असर र त्यसका प्रभावहरू ।

### १.४अध्ययनको महत्व

समाजशास्त्रिय वा मानवशास्त्रीय दृष्टिकोणमा समाजमा रहने जनजातिहरूको अध्ययन एउटा महत्वपूर्ण अध्ययन हो । यस्ता अध्ययनहरूले स्थानिय स्वरूप, जनजातीहरूको सामाजिक  सांस्कृतिक , ऐतिहासिक पहिचान लगायत विविध पक्षको जानकारी गराउनका सधैं संस्कृति, इतिहासको संरक्षण र सम्वर्द्धन गर्न पनि सहयोग पुऱ्याइरहेका छन् । मानव विकास क्रमसँगै मानिससँग सम्बन्धीत भए गरेका क्रियाकलापहरू खोजी तथा अनुसन्धान भएर इतिहासका पानामा समेटिएका हुन्छन् । इतिहासबाट नै मानिसले विगतका पाठहरू सिकेर वर्तमानमा अनुभव गरेर भविष्यको परिकल्पना वा संकेत गर्दछन् । इतिहासको खोजी गर्नु र त्यसको विश्लेषण गर्नु चेतनशिल प्राणी मानिसको महान कर्तव्य पनि हो । इतिहासको अन्त्य कहिल्यै हुदैंन भन्ने मत राख्छन् मार्क्सवादीहरू । भविष्यका पिडीहरू(सन्तानहरू)लाई इतिहास निर्माण गरेर सजग र सचेत गराउनु आजको आवश्यकता र महत्व हो ।

लिम्बू जातिभित्र सानो संख्यामा रहेका खापुङ्गहरूको इतिहास, पहिचान, उनीहरूको सामाजिक राजनीतिक प्रभाव, उत्पादनको सम्बन्ध, सुवांगीका सन्तानहरू र ठोकेभाइका

सन्तानहरू विचको द्वन्द त्यसले देखिएको परिवर्तन । खापुङ्ग थरमा वर्गहरूको विश्लेषण,समाजको स्थानीय स्तरीकरण र त्यसले वर्तमान अवस्थामा पारेको प्रभाव वारेमा विस्तृत अध्ययन गरी सोको जानकारी स्वयं लिम्बू जातिहरू अझ खापुङ्गहरूलाई गराउन आवश्यक भएकोले यो अध्ययनको महत्व रहेको छ ।

लिम्बू जाति संस्कृति, इतिहास हस्तान्तरण पद्धतिमा आधारित छ । हाम्रो संस्कृति, इतिहास, व्यवस्थीत रूपले हस्तान्तरण गर्ने प्रणालीको व्यवस्थापन गर्न नसकिएको खण्डमा निश्चय नै पनि हाम्रो अस्तित्व नरहन सक्छ । संस्कृति, इतिहास मानव सभ्यताको धरोहर हो जबसम्म संस्कृति इतिहास रहन्छ तबसम्म मात्र जातिय अस्तित्वको कल्पना गर्न सकिन्छ । हाम्रो पहिचान र अस्तित्वका आधारस्तम्भहरूलाई प्रकाश पार्न आवश्यक भएकोले यस अध्ययनको महत्व रहेको छ ।

# अध्याय दुई

# पूर्व साहित्यको अवलोकन

## २.१ सैद्धान्तिक अवधारणा

कुनै पनि व्यवस्थामा दुइवटा खम्बाकारूपमा रहेका सामाजिक गतिशिलताहरू र सामाजिक स्थिरताको अध्ययन गर्ने नयाँ विज्ञानको रूपमा सामाजिक भौतिकशास्त्रको विकास गरी यसलाई सन् १८३९ मा फ्रान्सेली आगस्ट कोम्टले 'समाजशास्त्र'भनेर नामाकरण गरे । त्यसैले अगस्ट कोम्टलाई समाजशास्त्रका पिता पनि भनिन्छ । १९ औँ शताब्दीको तेस्रो दशकमा उत्पति भएको समाजशास्त्रलाई विश्वव्यापी फैलाउन वा यो विषयलाई अझ स्पष्ट वा विकास गर्न वेलायतका हवर्ट स्पेन्सर (१८२०-१९०३), फ्रान्सका इमाइल दुर्खिम (१८५८-१९१७) र जर्मनीका मार्क्स वैवर (१८६४-१९२०) ले महत्वपूर्ण भूमिका खेलेका छन् । त्यसैले अगस्ट कम्टे लगायत यी ३ विद्धानहरूलाई समाजशास्त्रका संस्थापक पनि भन्ने गरिन्छ । समाजशास्त्र समाजको विभिन्न अंगहरू वीच हुने अन्तर सम्बन्धको अध्ययन (हवर्ट स्पेन्सर), समाजशास्त्र समग्र रूपमा समाजको व्याख्या तथा व्यवस्थीत विवरण (इमाइल दुर्खिम), समाजशास्त्र त्यो विज्ञान हो जसले सामाजिक क्रियालाई व्याख्यात्मक ढङ्गले बुझ्ने प्रयास गर्दछ (माकस वैवर) । समग्रमा समाजको अध्ययन गर्ने विज्ञानलाई नै समाजशास्त्र भनिन्छ ।

कुनै पनि विषयवस्तुको अनुसन्धान वैज्ञानिक हुनुलाई कुनै परिचित सैद्धान्तिक दृष्टिकोणमा आधारित हुनु पर्ने भएकोले यस समाजशास्त्रीय अध्ययन अन्तर्गत "सुबांगी संस्थाको विगत र वर्तमानः तेह्रथुम मेन्छयायेम गाउपालिका मोराहाङ्ग  खापुङ्गहरूको एक अध्ययन" शीर्षकको शोधपत्र तयार गर्नका लागि मार्क्सवाद सिद्धान्तलाई आधार मानिएको छ। मार्क्सवादी सिद्धान्त सन् १९५० पछिमात्र समाजशास्त्र र मानवशास्त्रमा देखा परेको सिद्धान्त हो । मानव सामाजिक जीवन, आर्थिक उत्पादन प्रणाली, सँस्कृती र समाज यसको इतिहास र परिवर्तन यसभित्रको अर्न्तविरोध, द्वन्द आदि घटनालाई मार्क्स र एंगेल्सले जुन विधि र दृष्टिकोणको आधारमा व्याख्या गरे त्यही राजनीतिक, सामाजिक, आर्थिक, सिद्धान्त सम्बन्धि दृष्टिकोणहरूको समुच्व दार्शनिक प्रणालीलाई नै मार्क्सवादी दृष्टिकोण भनिन्छ । द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवादी विश्लेषण विधि नै मार्क्सको विचार विधि हो । समाजको

अन्तर विरोधात्मक गतिशिलतालाई आर्थिक तत्वको आधारमा व्याख्या एवम् विश्लेषण गर्ने समाजशास्त्र भित्र जुन दृष्टिकोण छ त्यसको सुत्रधार नै मार्क्स हुन् । मार्क्सवादले संसार स्थीर जड होइन गतिशिल छ निरन्तर र परिवर्तनशील छ चलायमान छ, भन्छ भने संसारका हरेक घटना तथा वस्तुलाई द्वन्दमा गतिमा, निरन्तर र ऐतिहासिकतामा व्याख्या गर्दछ । मानव इतिहासका विभिन्न चरणहरू आर्थिक उत्पादन प्रणालीमा आधारित हुने कुरा गर्दछ । द्वन्दात्मक अवधारणाले विचार र यससँग सम्बन्धित विभिन्न पक्षहरूको परिवर्तनलाई जोड दिन्छ । उत्पादनका साधन र शक्तिको विकासले उत्पादनका सम्बन्धको नयाँ रूपलाई झल्काउछ । मार्क्सवादका अनुसार संसारका भौतिक पदार्थबाट नै चेतनाको विकास हुन्छ । उत्पादनका सम्बन्धले सामाजिक चेतनाको निर्माण गर्दछ । भौतिक जीवनमा उत्पादनका साधनहरूबाट नै सामाजिक राजनीतिक, अध्यात्मिक विभिन्न प्रक्रियाहरूको निर्धारण भएको हुन्छ । डा. प्रदिप गिरी लेख्नुहुन्छ “आजको समसामयिक मार्क्सवाद कालमार्क्सको देहान्त पछि अनेकौ नेता र चिन्तनद्वारा समृद्ध गरिएको एक विचार परम्परा भएको छ ।” (गिरी २०६६: १३)

**डा. चैतन्य मिश्र लेख्छन् :**

“मार्क्सले सामन्तवादी प्रणाली अन्तर्गत सामन्त र आश्रित श्रमको वीचमा अर्न्तविरोध वढ्ने, आश्रित श्रमले रैतीबाट आफूलाई स्वतन्त्र श्रमिक र नागरिकमा बदल्न द्वन्द छेड्ने र यो क्रममा सहरी औद्योगिक वित्तिय व्यापारिक वुर्जुवा वर्ग र सहरी सिपयुक्त र रैतीबाट निकै हदसम्म ‘स्वतन्त्रता’ आर्जन गरिसकेको श्रमिकको नेतृत्वमा सामन्तवाद विरुद्धको क्रान्तिले निर्णायक मोड लिने वताए । अर्थात सामन्तवाद भित्रको वर्गिय सङ्घर्षले मात्र पुजीवादलाई जन्म दिने बताए । त्यसैगरी उनले पुजीवादी प्रणालीको विकासको दौरानमा नभइ नछोड्ने पुजीपति र उत्पादनका साधन विहिन श्रमीकहरूका वीचमा हुने द्वन्दले मात्र समाजवादको जन्म हुने बताए । पुजीपति र श्रमिकको सङ्घर्ष विना सही अर्थमा समाजवादको जन्म हुन सक्छ र सामन्तवाद वा अर्धसामन्तवाद बाटै समाजवादमा विकराल छलाङ मार्न सकिन्छ भनेर मार्क्सले कहिल्यै भनेनन् र स्वीकारेनन् । (मिश्र, २०६४ : २३)

माक्सवादले उत्पादनको स्वरूपहरूको आधारमा समाजको विकास र परिवर्तन हुन्छ । समाजमा जस्तो आधार संरचना छ, त्यस्तै उपरी संरचनाको श्रृजना हुने गर्दछ भन्ने मान्यता राख्दछ । मार्क्सवाद स्वयं एउटा गतिशिल विज्ञान हुनाले र भौतिक जगत्मा

परिवर्तन सँगसँगै त्यसमा पनि परिवर्तन हुँदै जाने हुनाले मार्क्सवादको रक्षाको अर्थ त्यसलाई निरन्तर गतिशिलतामा ग्रहण, ठोस स्थितिको ठोस विश्लेषणको आधारमा प्रयोग र समयानुकूल विकास वा नयाँ संश्लेषण नै हो ।

## २.२. पूर्वसाहित्यको पुनरावलोकन

### लिम्बू सम्बन्धी अवधारणा

नेपालमा बसोबास गर्ने लिम्बू जातिको इतिहास सम्बन्धी साथै यस शिर्षक सम्बन्धीत सान्दर्भिक साहित्यको पुनरावलोकन निम्नानुशार गर्न सकिन्छ ।

सन् १८११ मा कर्कपेट्रिक द्वारा लिखित पुस्तक 'एकाउण्ट  अफ द किङडम अफ नेपाल' नामक पुस्तकको पुष्ठ १८४ मा नेपालको पूर्वी भागमा लिम्बू जनजातिको बसोवास भएको उल्लेख छ । सन् १९७४ मा एच. हड्सनले आफ्नो पुस्तकको पृष्ठ १ मा लिम्बूवान शब्दको उच्चारण गरेका छन् । हड्सन पान्डुलिपीमा लिम्बूहरूले आफूलाई थाकथुङवा भन्दछन् । तर खस पर्वतेहरूले उनीहरूलाई लिम्बू भने भनी उल्लेख गरिएको छ । इडेन भान्सिटार्टका अनुसार फेदापे लिम्बूहरू भुइफुट्टा थिए ।उनीहरूवालिङ, मेवा, मैवा, तमोर, छथर, चौविस सम्म फैलिए । हज्सनले सङ्कलन गरेको पाण्डुलिपीमा भोलम ८५.२६।१ (पृष्ठ ६४) मा लिम्बूहरूका रहने जगह मेचिसे पश्चिम, अरुनसे पूर्व । तोप्केगोला दक्षिण/ चिउरामाक्रा उत्तर । हिन्दी भाषामा लेखिएको छ । उक्त हिन्दीभाषा पछि नेपालीमा लिम्बूदेशको चारकिल्ला अरुनदेखि पूर्व मेची नदी पश्चिम सम्म र तोप्के वालुङसम्म गोलादेखि दखिन चिउरामाक्रा (चकरघट्टी) सम्म लेखिएको छ भनी प्राज्ञ वैरागी काइलाले हज्सन पाण्डुलिपीमा लिम्बू भाषा सम्बन्धी सामाग्रीको संक्षिप्त विवरण (२०६६) नामक लेख लेखी वहाः जर्नल (वर्ष ३ अंक ३) मा प्रकाशित गरेका छन् ।

लिम्बूहरूलाई व्यापक अर्थमा किरात भनिन्छ । उनीहरू किरात धर्म मान्छन् । उनीहरूलाई किराती पनि भन्ने गरिन्छ । इमानसिं चेम्जोङका अनुसार "किरात शब्द किरयात अथवा किरजय शब्दको अपभ्रंस हो र भुमध्येसागरिय क्षेत्रको मोआवाइट भाषामा यसको अर्थ हो किल्ला अथवा शहर, जब तिनीहरूको संख्या बढ्यो, तिनीहरूले धेरै किल्लाहरू र शहरहरूनिर्माण गरे र तिनीहरूलाई किरियात-हाडम, किरयात-यारिम किरयात-सन्ना र किरयात साफेर भने । जुन शहरका बासिन्दाहरूले आफूलाई केरेती भन्दथे जो पछि करेटाइट अथवा केराइत जाति भए । विभिन्न भाषाशास्त्री र इतिहासकारहरूको मत लिने हो भने 'किरात' जुन समूहले हिमाल पर्वतमा बसेर मानव सभ्यताको सुरु गरे,

जसले आफ्नो छुट्टै भाषिक पहिचान र साँस्कृतिक इकाइहरू, परम्परागत ढङ्गबाट निर्माण गरेर आफ्ना दरसन्तानहरू हस्तान्तरित गराउदै आए, जसको मूलतः बौद्धिक आर्यहरूसँग युगौदेखि आजसम्म भाषिक, साँस्कृतिक प्रशासनिक र राजनैतिक रूपमा द्वन्द चल्दै आइरहेको छ ति समूहहरूलाई आर्यहरूले 'किरात' भन्दै आइरहेका छन् । जुन आदि काल देखिको समूह, वर्ग, जाति सभ्यता र पहिचानसँग जोडिएर आएको छ ।

अहिलेसम्मका धेरै इतिहासकारहरूले लिम्वू सम्बन्धमा लेखेका इतिहासमा लिम्बू शब्दको प्रयोगको इतिहास वि.सं. १८३१ भन्दा उता जादैन । तर नेपाल एकिकरण पृथ्वीनारायण शाहको नेतृत्वमा हुनु अघिनै तेह्रथुम मोराहाङ्गमा संजाहां सुबा साक्षी बसेको वि.सं. १८१७ को तमसुकमा पाध्या भट्टराई, दाहाल, गाड्तौला, घर्ती र लिम्वू उल्लेख छ । जुन कागजले एकीकरण अघि सेनकालमै लिम्वू भनी स्थानिय स्तरमा सम्वोधन गर्ने गर्दथे भने लिम्बुहरूको सुबांगी सञ्चालनकर्ताका छोराहरूलाई पनी सुबा नै भनिन्थ्यो ।संजाहां आगे पुरानिया खापुङ्गहरूका सेनकालिन सुबा लुम्बाका छोरा हुन् ,हेर्नुहोस (परिशिष्ट -१६)।संजाहांका दाजु ईसाहां र भाई छबिलाल पनी स्वत सुबा देखिन्छन्। सुबाका जेठो छोरा उत्तराधिकारी सुबा हुने नियम लागु पश्चात ,सुबा छबिलाल मोराहाङ्ग हुदै डाडागाउँ आङबुङमा बि.सं १९३७ अघितिरुवा सुबामा दर्ता देखिन्छन् । शाहकालिन शासनमा तिनै लिम्वूहरूलाई राई भनी व्यापक तहमा सम्बोधन गरेको पाइन्छ (परिशिष्ट -१७) । राई भन्नाले लिम्वूहरूका पुर्खाहरूलाई जनाउदछ भने वर्तमान राई थर लेख्नेहरूको पुर्खाहरूले १० लिम्वूवानमा खम्वू लेखेको लिखतहरूमा पाइन्छ । लिम्बुहरूलाई राई नलेखी पुन लिम्बु बि.सं १९६० आसपासको समयमा व्यापक रूपमा लिखतहरूमैउल्लेखित भई सम्बोधन भएको पाईन्छ (हेर्नुहोस परिशिष्ट ११)।

प्रेम बहादुर माबोहाङ र ढुङ्गेलका अनुसार सांगाबाट पल्लो किरात सुसुवादेनमा राजधानी सार्ने नेपाल उपत्यकाका अन्तिम किरात राजा योकनेहाङका छोरा लिलिमहाङका सन्तानवाटै लिम्बू भए । भने इमान सिंह चेम्जोङको अनुसार छैटौ शताब्दीमा आठ सरदारहरूलाई दश सरदारहरूले लिम्बूभाषामा लि→धनु र आवु → हान्नु अर्थात् धनुधारीहरूले विजयप्राप्त गरिकोले लि आवुवाट लिम्बू भयो र लिम्बूहरूको देशलाई लिम्बूवान भन्यो भन्ने तर्क छ । भने फेदाङ्बा,येबा, साम्बाले बर्णितमुन्धुमलाई आधार मानेर अर्जुन माबुहाङ लेख्नु हुन्छ मुजिङनाखेयङनाका छोरा सुसुवालिलिम याक्थुमहाङका सन्तान

लिम्बूहरूहुन् । सेन र शाहशासकहरूले लिलिम भन्दा भन्दै लिम्बू भनेर सम्बोधन गरेको पुष्टी हुन जान्छ।

लिम्बूहरू ह्लासावाट आउने ह्लासा वंशी र काशी तथा श्यान मकवानबाट आउनेलाई काशी वंशी भन्दछन् । यसैले ह्लासा, काशी र श्यानवंशीको समिश्रणबाट लिम्बू जाति भएको भन्दछन् । काशी वंश सुरुमा मुनातेम्बे (तिब्बत) वाट गङ्गा यमुनाको बाटो हुँदै सिमाङगढबाट एक हागाँ यलम्बरको नेतृत्वमा नेपाल खाल्डोमा राज्य कायम गर्न पुगे । यलम्बर वंशकै अर्को हागो लुकथुयोको नेतृत्वमा सिमाङगढवाटै विजुगखोला हुँदै सुनकोशी नदी तरी फेदाप पहाड उजाडगरी भुइफुट्टावंशी भई बसे । काशी, ह्लासा, ताईश्यानवंशी तथा दस चिनिया सरदार एकै पुर्खाका सन्तान हुन । राजा यलम्बरका पुर्खाहरू तिब्बत र चीनबाट विभिन्न कालखण्डमा बेग्ला वेग्लै बाटो भएर पल्लो किरात लिम्बूवानमा प्रवेश गरेको देखिन्छ । लिला बहादुर तुम्वाहाम्फे (२०६३) का अनुसार लिम्बुवानको शुरुवातीमा खाम्बोङवा नागाहरूको बसोवास रहेको थियो । पछिवाट आएका चोङ (लिम्बू) र खाम ( राई)) सँग यिनीहरूको भीषण युद्ध भयो । युद्धमा टिक्न नसकेर नागाहरूको एक ठूलो हुद्दा बराहाक्षेत्र गढी हुँदै पूर्वी आसाम नागालैण्ड तर्फ विस्थापित भएर गए । धनुकुटाको हात्तिखर्क बस्ने छथरे खेवा लिम्बूहरू छथर ताकलुङबाट बसाइसराई जानुभन्दा अगाडी खाम्बोङवा नागाहरूको नेता छोङदेनहाङ थिए । आफ्नो प्रभावक्षेत्र विस्तार गर्ने क्रममा वर्तमान माझियाहरूको रुदुवाहाङ नाम गरेका एक पुर्खासँग हात्तिखर्कका नागा प्रमुख छोङदेनहाङको घमासान युद्धमा छथर ताकलुङका खेवा राजा हाङ जिलिहाङलाई माङमावा खोलापूर्वका भूमिहरू सुम्पीदिने शर्तमा सहयोग मागेर वचन अनुसार जमिनदिए जहाँ खेवाहरू बसोवास गरिरहेका छन् । हाल छोङदेनहाङकै सन्तान आठपहरिया जिम्दारहरू रहेका छन् । भने कतिपय लिम्बूमा पनि परिवर्तित भएका छन् ।

खाम्वोङवा नागाहरू पछि ,आठ खाम्बोङवा किराती राजाहरूको बोलवाला शुरु भएको थियो । तिनीहरूको प्रमुख गढ वर्तमान फेदाप आठराईको पोमाजङमा थियो भन्ने गरिन्छ ।

आठ किराती राजा पछि शानमोकवानी दश सरदारहरू वर्मा आसाम हुँदै पूर्वी नेपाल आइपुगेका थिए । अतः ती दश सरदारहरूले आठ किराती राजाहरूको शरण लिइ तिनीहरूको मन्त्री र सल्लाहकार समेत भइ वसे । आठ किराती राजाहरू अति क्रुर र

निरंकुश थिए । अतः दश सरदार र शानमोकवानी जनताले आठ राजाहरूको विरुद्धमा युद्ध छेडी आठ किराती राजाहरूको हार भयो, दश सरदारहरूले आफ्नो हातमा शासन सत्ता कायम गरे । धनुवाणले जितेको राज्य हुनाले राज्यको नाम समग्र लिम्बुवान राखियो । लिम्बुवानलाई १० प्रान्तमा विभाजन गरियो, त्यसमध्ये फेदाप भुमिमा सेङसेङगुम फेदापहाङ राजा भए । अन्य राज्यहरू आठ रायको सन्तती र दश सरदार विच सहमतिमा राज्य वाडफाड भई फेदापको भुगोल तमोर पश्चिम नुभो खोला पूर्व छथर याकसिङजङ उत्तर सोवुवा चागें दक्षिण कायम गरिएको थियो ।

इमानसिं चेम्जोङ (२०५९) का अनुसार वि.सं.१४२१ साल देखि साङलाइन लिम्बु राजा थिए । उनको मृत्यु पछी छोरा पुङलाईन राजा भए । उनले हिन्दु मत ग्रहण गरी अमर राय उपनाम राखे । त्यही बेलादेखी लिम्बूहरूले राय लेख्न थालेका हुन् । उनका वंशका सत्रौ पिडीका विजयनारायण राय मोरङका राजा भए । विजयनारायणले फेदाप थुमका राजा मुरेहाङ खेवाङलाई हिन्दु राय पदविले सुशोभित गरे । चौतरिया बनाए त्यसपछि दश लिम्बुवानका थुम थुमका हाङ ( राजा ) लाई पालैपालो ६/६ महिना मन्त्रि बनी विजयपुरमा रहेर राजपाटमा सहभागी हने सम्झौता भयो ।

मुरेहाङ चौतारिया भएको अवस्थामा राजा विजयनारायणको मैया नाम गरेकी छोरीलाई गोमांस भक्षक भनेर निन्दा गरेको बदलास्वरूप सतित्व लुटि दिए । यस्तो कुकर्मको सजायस्वरूप राजाद्वारा मुरेहाङलाई झुन्डयाएर प्राणदण्ड दिइयो । उनका छोरा बाजाहाङले आफ्नो पितालाई प्राणदण्ड दिएकोमा विजयनारायण सँग बदला लिन मकवानपुरमा राजा लोहाङसेनसँग सहायता माग्न पुगे । लडाईकै क्रममा बाजाहाङको मृत्यु भयो । लोहाङसेन विजयपुर आउँदै गर्दा विजयनारायण रायको मृत्यु भयो र विना लडाई विजयपुर लोहाङसेनको हातमा आयो । लोहाङसेनले आफूलाई विजयपुरका राजा घोषणा गरी गिद्धे पहाडको युद्धमा मृत्यु भएका चौतारिया बाजाहाङको छोरा पानोहाङलाई मुख्य चौतारिया बनाए । यसरी सेन वंश र लिम्बू वंशको राजा, चौतरियाको रूपमा सम्बन्ध कायम भयो र लोहाङसेनले पानोहाङ खेवाङलाई हिन्दुमत ग्रहण गराई विधाचन्द्र राय नामाकरण गरिदिए । उनकै पालामा पहाडी खण्डको लिम्बू रायलाई रस्ती चलाई वस्ती बसाउने, पञ्च अपराध बाहेकको दण्डकुण्डगरी मुद्दा मामिला हेर्ने लगायत नगरा-निसान सहितको अधिकारको सर्तनामा गरिदिए ।

नेपाल एकिकरणको क्रममा पृथ्वीनारायण शाहको फौजले वि.सं. १८३१ मा विजयपुरमा आक्रमण गर्दा त्यहाँका राजा कर्णसेन र चौतारा बुद्धिकर्ण राय लिम्बू त्यहाँबाट पलायन भए । तर पहाड थुमका राय राजाहरूले गोर्खाली फौजसँग पटक पटक युद्ध गरे । अन्त्यमा गोरखा र लिम्बुवानी सेनाविच वि.सं. १८३१ श्रावण २२ गते तसल्ली सन्धीपत्र भयो । त्यस उप्रान्त लिम्बूवानी भुभाग गोरखा राज्यमा विलय भएता पनि सेनको पालामा लिम्बूवानी राजालाई दिईएको आर्थिक, प्रशासनिक, न्यायिक सम्पूर्ण अधिकार लिम्बू सरदारहरूले नै पाएका थिए । उक्त सन्धी सम्झौता अनुसार लिम्बू रायहरूले अघिसेनकालदेखि खाइपाइ आएको 'खाइन पाइन' यथावत दिने भनि आफ्नो कुलदेवतालाई साक्षीराखि कसम खाई सम्झौता गरेका थिए । लिम्बु रायहरूले सेनकाल देखि नै उपभोग गर्दै आएका राजा लोहाङ सेन संग सन्धि गरे बमोजिम खाइन पाइनको निरन्तरता पाएका थिए ।

सम्वत् १८७७,१८८५, १८८८,१८८९, १८९२, १८९५, १८९६, १८९८, १८९९, १९०७, १९१७ मा लिम्बू रायहरूलाई प्रदान गरिएको लालमोहरहरूमा उडन्ता (आकासमा) उड्ने चराचुरुङ्गीहरू), गडन्ता (जमिनमुनिको वस्तुहरू) जलचर, बनकर ( जङ्गलको प्राणीहरू) अरिङ्गाल, बच्छीउ, महभीर, तीतेमाछा, खोलानाला, तालतलाउ, वनजङ्गल, आदिको नियन्त्रण रेखदेख गर्ने जिम्मा किपटिया लिम्बूहरूलाई अधिकार दिएका थिए । भने मात्र गैडाको खाग, हात्तिको दाहिने दाँत, गौरी गाईको दाहिने सिं र वाज (चिल) सरकार लाई बुझाउन पर्दथ्यो ।

भागिराज इङनाम र शेरबहादुर इङनाम(२०७०) अनुशार बिर्ता, गुठी, रैकर, किपट जागिर जस्ता भूमि थियो । ति जग्गा मध्ये किपटभुमी व्यक्तिगत नभएर जात विशेष समुदायको थियो । भने अन्य जग्गा व्यक्ति विशेष वा सङ्घ, संस्थाको हुन्थ्यो । तसर्थ पल्लो किरात लिम्बूवानको किपट भुमी प्रथालाई जातीय भुमि व्यवस्था भन्नुमा अत्युक्ती नहोला ।

किपट जग्गाको आन्तरिक प्रशासनको जिम्मा किपटिया सुवा मातहतमा दिईएको थियो । सुवाले आफ्नो किपटभित्र रस्ती चलाई वस्ती वसाउने, तिरो असुल गरी सरकारमा बुझाउने, बनजङ्गलको रेखदेख सुरक्षा गर्ने, आफ्नो सुवांगीभित्र शान्ति व्यवस्था कायम गर्ने, ,विकाश निर्माण, बाटोघाटो, मर्मत सम्भार, पुलफलेसा, साघु नहर, सिँचाई कुलो चालु हालतमा राख्ने जस्ता कार्यहरू पनि किपटिया सुवाले गर्नु पर्दथ्यो ।

सुवा शब्दको प्रयोग आधुनिक नेपालको निर्माण अघिका थुम प्रमुखहरू जसले १७ थुममा शासन गर्दथे । आधुनिक राज्य अरुणनदी पारीका आदिवासीहरूलाई दिइएको राजनीतिक पद जो विशेष प्रकारको राजनीतिक प्रणाली तथा संरचनाका कर्तालाई पनि दिइएको थियो । लिम्बूवानमा सुवा भन्नाले स्वशासनको प्रमुखकर्ताको रूपमा रहेको थियो । पछि केन्द्रिय सरकारले त्यसमा अधिकार कटौती गर्दै लगेको थियो । तर पनि यसले लिम्बू समुदायमा राजनीतिको मेरुदण्डको रूपमा काम गरेको थियो । यस्तो सुवाको शासन कर्मलाई भने मौलिक रूपमा सुबा (चेम्जोङ २००३) भनिन्थ्यो र सेनले पनि प्रयोग गरेको थियो । यसै शासन संरचना र प्रणाली लिम्बूहरूको मात्र भूमि र शासनको क्षेत्र भनी राजनीतिक स्वशासनको प्रत्याभूति गरेको थियो । यसले के प्रतिविम्ब गर्थ्यो भने उसको कुनै पुर्खा त्यस भुमिको एक महत्वपूर्ण व्यक्तिको रूपमा रहेको थियो वा हो भनी बुझाउथ्यो ।सुवा शब्द निजामती सेवातर्फ नायब सुवा भन्दा माथि र मीर सुवा भन्दा मुनिको सरकारी सेवाको दर्जा पनि हो भने लिम्बु जातिमा मानबोधक शब्द हो भन्ने बुझिन्छ । पछिल्लो समय यसलाई थरको रूपमा पनि प्रयोग गर्न थालियो । यो पदलाई थरको रूपमा लेख्दा हिजो राजनीतिक प्रभावशाली वर्गका सन्तान भनेर चिनिन्थ्यो भन्ने मान्यता अनुरूप यसको निरन्तर प्रयोग हुन पुग्यो ।

लिम्बू जातिको मुन्धुम (मौखिक इतिहास) अनुसार उनीहरूको पछिल्लो साझा सम्झनामा रहेको क्षेत्र फक्ताङलुङ ,अरुण र तमोर नदीको आसपास, वरिपरीका यकहरू पाइन्छ जहाँ 'दश लिम्बूवान सत्र थुम' भनी भौगोलिक विभाजन गरि वसेको लोक उक्ति प्रचलन रहेको थियो । दश लिम्वूवान भन्नाले १० वटा यकहरूलाई जनाउदछ जुन भ्यान्सिटार्ट (१९०६) ले लिम्वूवानका दश राजाहरूले आ-आफ्नो गढी वनाएर राज्य गरे भन्ने उल्लेख गरेका छन् त्यसअनुशार ।

(१) तम्वर खोला इलाकामा सामलुपली साम्वाहाङले शासन गरे उनले त्यहाँ तमर योक गढी वनाए ।

(२) थालायक गढी वनाई ताप्पेसो पेरुङहाङले शासन गरे

(३) आठराइ इलाकामा थोकतोक्सो आङवोहाङले शासन गरे र उनले त्यहाँ पोमाजङ गढी वनाए ।

(४) फेदाप इलाकामा सेङसेनगुम फेदापहांगले शासन गरे र उनले त्यहाँ पोकलावाङ गढी वनाए ।

(५) याङरुक इलाकामा तिन्दोलुङ कोयाहाङले शासन गरे र उनले त्यहाँ हस्तपुर गढ वनाए

(६) मेवाखोला इलाकामा सिसियेङ सेरेङ हांगले शासन गरे र उनले त्यहाँ मेरिङदेन गढी वनाए ।

(७) पाँचथर इलाकामा यिङासो पापोहांगले शासन गरे र उनले त्यहाँ यासोक फेदेन गढी वनाए ।

(८) इडेन वंसिटार्ट र इमानसिंह चेम्जोङ अनुशार छथर इलाकामा ताकलुङ खजुमहांगले शासन गरे र उनले त्यहाँ चामलिङ चिमलिङ गढी वनाए । तर नन्द प्रसाद लिम्वू अनुशार छथर इलाकामा ताक्लुङमा सुन्जेली सुमेन्दीहाङले शासन गरे र उनले त्यहाँ ताक्लुङ योक गढी वनाए ।

(९) चौविस इलाकामा सोइयाक लाहोहांगले शासन गरेर उनले त्यहाँ साँगोरी योकमा गढी वनाए ।

(१०) चारखोला इलाकामा इमेहांगले शासन गरे र उनले त्यहाँ आङदाङ इलाम गढी वनाए । यद्यपी शासक र इलाका विचमा विद्धानहरू विच मतभिन्नता रहे पनी यक वारेमा धारणाहरू वाझिएका पाइन्दैन ।

त्यो भुगोलमा आधुनिक नेपाल राज्य बन्नुभन्दा अगाडिको समय देखि त्यस ठाउँमा सत्रवटा थुमवाट स्वशासन संचालन हुने गरेको थियो । ति थुमहरूको नाम यस प्रकार थियो ।

१) मेवा खोला २) मैवा खोला ३) तमोर खोला ४) याङरूपथुम ५) पानथर (नुभो उत्तर र नुमो दक्षिण) ६) संखुवा उत्तर ७) सभा उत्तर ८) छथर ९) फेदाप १०) आठराई ११) झलरा वेलहारा १२) सोह्र खाल्सा १३) दश मझिया १४) चैनपुर १५) पाचखपन १६) चौविस मिकलुक १७) फाकफोक थुम (चारखोला-इलाम) र वर्तमान अवस्थामा यी थुमलाई विशेष गरी २०२१ साल पछि स्वशासनलाई विकेन्द्रीकरण गर्दा भने ताप्लेजुङ , पाचथर, तेह्रथुम, संखुवासभा, धनकुटा आदि जिल्ला भनी नामाकरण गरिएको छ ।

नेपाल एकिकरण पूर्व ५२ वटा जातिय गणराज्यहरू रहेको थियो । गण्डक प्रदेशमा चौविस (२४) , कर्णाली प्रदेशमा बाइसे , उपत्यकामा ३, पूर्वी नेपालमा ३ वटा राज्य (

वराल र तिगेला २०६४) थिए । ती सबैलाई कुनै न कुनै प्रकारले गोर्खा राज्यमा गाभेका थिए र हालको नेपालको सिमाना कोरिएको थियो । यसै प्रसंगमा लिम्बूवानलाई पनि १८३१मा सत्रपटकको निरन्तर लडाई पछि गोर्खाले सन्धि मार्फत आधुनिक नेपालमा गाभेका थिए । त्यसरी लिम्बूवानलाई गाभ्दा उनले गरेको सम्झौतामा लिम्बूवानलाई राज्यले स्वशासनको प्रत्याभूति सुनिश्चित गरेको थियो । त्यो स्वशासनमा त्यहाँको सम्पूर्ण जगरवगर पशुपंक्षी देवदेवता सबै लिम्बूका रीतिथिती अनुसार हुने भनेर सम्झौता भएको थियो । यसका लागि त्यो स्वशासन गर्ने अधिकार स्थानीय याकथुङ लिम्बू जातिलाई मात्र रहेको थियो । जसको छनौट हिजो हाङ्ग तुम्याङ्ग रहेकालाई नेतृत्वदिई, गोर्खा राज्यको पद सुवा भनेर सम्बोधन गरियो । र ती सुवाले गर्ने शासन पद्धति, संरचना र प्रणालीलाई सुवांगी भनिएको थियो । पल्लो किरातका किपटीया लिम्बूहरूलाई मात्र सुवा भनिन्थ्यो । यो पद पुस्तौनी हुन्थ्यो । सुवापछि उनकै जेठा सन्तानले सुवा वा सुवाङ्गी पद प्राप्त  गर्दर्थे । यसरी हेर्दा पल्लो किरातको किपट भुमिको निश्चित भुभागमा परम्परादेखि उपभोग गर्दै आएको किपट भुमिको रेखदेख , हेरचाह, नियन्त्रण र प्रशासन गर्न लालमोहर, रुक्का सरकारी आदेशवाट अधिकार प्राप्त लिम्बूहरूलाई सुवा, जिम्मावाल , तालुकदार भनिन्थ्यो । र उसको अधिकार क्षेत्रलाई सुवांगी भनिन्थ्यो ।

वि.सं. १८३१ आश्विन बदी  १० मा राजा पृथ्वीनारायण शाहले पल्लो किरात लिम्बूवानमा रहेका राजभारा सामर्थ्य अभिमानसिंह, पारथ भण्डारी, कीर्तिसिंह खवास वली बानियालाई लेखेको पत्रमा 'उप्रान्त पत्र आयो अर्थ मालुम भयो  लिम्बू श्रृग्याका सुवाले मान्न आयाको सबै विस्तार विन्ति गरी पठाया छौं'  भन्ने लेखिएकोले पल्लो किरात लिम्बुवान पूर्णरूपमा सर नहुँदै लिम्बू सुवा भन्ने शब्द परेकोले एकिकरण अघि नै सुवा पद रहेछ जुन पद सेन राजाले दिएको पदवी हो । पल्लो किरात लिम्बूवान क्षेत्रमा लिम्बूले मात्र सुवांगी प्राप्त गर्दर्थे । लिम्बू वाहेक गैर लिम्बूहरूले सुवांगी वा सुवा दर्जा पद पाउन सक्तैन्थे । पल्लिो समयमा सवै लिम्बूहरूको किपट भुमि थिएन । सुवा हुनलाई किपट भुमि हुनु अनिवार्य थियो । किपटमा भने वनजंगल, खर्क, सिमखेत, अनिवार्य हुनु पर्दथ्यो । कुनै मौजा वा क्षेत्रको सुवांगी पाउन वा सुवा हुनलाई लिम्बू भएर मात्र हुदैनथ्यो । त्यसै मौजा वा क्षेत्रमा किपटिया लिम्बू जातिले मात्र सुवा हुन पाउथे ।

भगिराज इङ्नाम, शेर बहादुर इङनाम(२०७०) अनुसार तेह्रथुम जिल्ला निम्न प्रकारका सुवाहरू रहेको पाइन्छ। (स्थानिय लिम्बूहरू)

१) आगे सुवा २) फुटी सुवा ३) राई पगरी ४) तिरुवा सुवा
५) थामी सुवा ६) ठिङ्गे सुवा आदि थिए।

पल्लो किरात लिम्बूवान क्षेत्रमा लिम्बू रायहरूले विभिन्न तरिकावाट सुवांगी प्राप्त गदर्थे। (१) सरकारको तर्फबाट लालमोहर कस्य, रुकका प्रदान गरेर (२) लिम्बू रायहरूले सुवांगी पाउ भनी सरकार समक्ष निवेदन दिएर ३) किपटिया क्षेत्रमा महाजाँचको वेला तोकिएको माटोमुरी वा सलामी नगद चढाएर ४) हकवाला उत्तराधिकारी र दामकाम गर्ने सुवा ५) थामी सुवा भएर ६) ठिङ्गे सुवा भएर।

लिम्बू जातिमा पनि विविध थरिका लिम्बूहरू रहेका छन्। ति लिम्बूहरूको मिङस्रा रहेका हुन्छ जहाँवाट थरहरू छुट्टिएर लिम्बूवाट नै नयाँ थरहरू बनेका छन्। कतिपय चोकफुङथिम मार्फत भैयाद बनाएर लिम्बू थरमा परिणत भएका छन्। मिङस्रासँग यक जोडिएको हुन्छ जसलाई माङगेन्ना यक भनिन्छ। शिर उठाउनी गर्दा यसलाई मुन्धुम बमोजिम फेदाङवा, साम्बा, येवाले यकलाई पुकारेर शिर उठाउनी गरिन्छ भने विवाहको साइनोमा पनि यकको खोजी गरिन्छ।


लिम्बूहरूको विभिन्न थर हुनुमा आफ्नै इतिहास रहेको छ। जुन विशेषत त्यहाँकै प्रकृती र भुगोलसँगको सामिप्यताको मुख्य आधार बनेको पाइन्छ। जस्तोकी योङयाङहरूले खेदेर नभेटिएका (मेन्याङवा) हरू मेन्याङवो भए। जसको पुर्खाहरू आङवुहाङका दाजुभाई थिए। घोडा (अन) चड्नेहरू अन्छङवो भए।बिच गाउँमा बस्ने लिम्बूहरू (कुलुमपाङ्भे) बस्नेहरू कुरुम्भाङ भए, डुली हिड्ने (कन्दुआङकेवाबा) कन्दङ्वा भए। गतिला वडालो ( फोनेवा) देखिनेहरू फोम्बो भए। तुम्वाहाङ/तुङघङ का छोरा नाउ (खोङवे) चडेर सुङनाम आइ बसोवास गर्ने खवा भए। गोलामा नुन लिन जादा वाटोमा भोक लागेर भोजन गर्दा चराले भोजनमा वृष्टि गरि दिएको र उक्त वृष्टिसँगै भोजन गर्दा विरामी भएकाहरू ( वारेखेरुसिवा) खेवा भए। भोजपुर सिस्नेरीबाट भैसी(सांयेत) मा चढेर आएका लिम्बूहरू सावा भए। चोयाका काम गर्ने (चोकेफवा) लिम्बूहरू चवेगु भए। मैदाने संखुवासभाबाट साघुँ ताप्लेजुङ्ग पठाइएका पाङमा भए। ताप्लेजुङ्गवाट भाग्दा नुनठाकीमा ठुङगा गाडी बसेको (थकलुङ)हरू थकलुङ भए। बाउ (पापा) संग बस्ने पाहिम भए । वि.सं. १७६४ मा

हिन्दुराज राजेश्वरीले लिम्बू मन्त्री चेम्जोङ भनेर स्याहामोहर गरिदिएको हेर्दा पछि तिनै चोम्जोगका सन्तानहरू नै वर्तमान चेम्जोङ लिम्बूहरू भए ।आमा (माआ) सँग बस्नेहरू मादेन भए, उच्च (चोङ) मा बस्नेहरू चोङवाङ भए ,नयाँ गाउँहरूमा बस्नेहरू (सङ पाङफेवो) केयुङवाहरू सङवाङफे भए ।सेर्मा, तुम्रोकहरूलाई झुक्याउनेहरू (इङलेक्मा) इङनाम भए । विशेष मादेन, चोङवाङ, सङवाङफे, कुरुम्बाङ, तुम्बाहाङफे लगायत जातहरू धेरै ठाउँहरूमा बसोवास गरेको पाइन्छ । जसले गर्दा यिनीहरूको वंशावलीको सुरुवातमा फरक वेमेल देखिने गरिएको छ । जुन कारण आमाहरूसँग बस्नेहरू धेरैले मादेन लेखे, नयाँ गाउँहरूमा बस्नेहरूले सङवाङफे लेखे, शिखर तिर वस्नेहरू चोङवाङ भए । विचगाउँमा वस्नेहरू कुरुम्वाङ भए । तेह्रथुम म्याङलुङ तम्फुला आसपासमा वस्ने तुम्वाहाम्फेहरू ( तुम्भुङला पाङभेवो केयुङवा) तुम्बाहाम्फे भए जुन तुम्भुङला वाट तम्फुला गाउँ बनेको छ । भने अन्यत्र जेठो (तुम्वा) हरू तुम्वाहाम्फे भएका छन् । जसले गर्दा वर्तमान अवस्थामा धेरै लिम्बूहरूको थर मिलेता पनि वँशावली छुट्टिदाको एउटै पुर्खा नभएर फरक फरक पुर्खा थातथलो पनि फरक जस्तो देखिएको पाइन्छ ।

किरात याक्थुङ्ग चुम्लुङ्ग तेह्रथुमका जिल्ला सदस्य सुविन्द्र थेगुवाका अनुसार तेह्रथुमका छौरेहरू एउटै बावु ताप्पेसो पेरुहाङका  सन्तानहरू हुन् अचेल भिन्न भिन्न मिंङस्रा लिइ भिन्न भिन्न वंश भइ बसेका हुन् । लिम्बु भाषामा पु-चरा, तोङ- गुलेली वोकेर चरा मारी हिड्ने फुदोङ भएका छन् भने अङलिङ-ओरालो झर्ने अङलिङ्ग थरि भए, सिङजागु फुल सुघी हिड्ने सिङजाङगु, डाँडामा कुदि हिड्ने थेगुवा, झोला भिरेर हिड्ने सुक्वाबा, सभा-बादर ( सभा केदेम्बा) सोदेम्बा भए यी छ थरीहरूको नाम थलङ्गनामा उनीहरूको चेलीले राखी दिएका थिए जसको विहे उनीहरूले समाएर राखेका (तेम्युङ) तेयुङका पुर्खा संग भएको थियो ।

खापुङ्ग थर लिम्बू जाति भित्रको एउटा थर हो जुन लिम्बू भाषामा खावा भनेको काभ्रा र वुङ भनेको लिम्बू भाषमा रुख/वोट हो । र प्राचिन समयमा (खावा वुङवो) केयुङवाहरू खापूङ्ग भएको हो ।

खापूङ्गहरूले आफ्नो पुर्खा तेन्हाङलाई मान्दछन् जो तेन्हाङ सात्रे (सात राय) हरूका पुर्खा बुझिन्छ । जसमा ७ वटा श्रीमती पट्टीका छोराहरू देखिन्छ।




प्राय: सवै यी थरका वंशावलीमा तेन्हाङ पूर्खा जोडिएको छ भने सिदिइङ पनि माथिल्लो क्रममा जोडिएको छ । यिनीहरू सवै थरीहरूको यक पोकलावाङ रहेको छ । तेन्हाङ, देखि माथिका लिम्बू थरका मिङस्राहरूमा चिकुफुङ, खोवयुङ, हाङस्रङ, फोम्वो, मुसाङ, सेन्दाङ, सङहिम्वा, सेगिमहाङ ,इशिवो, इधिङ्ग, मुअलुङहाङ आदि भेटिन्छ । खापुङ वंशावली खोजकर्ता, स्व. रमेशराज खापुङका अनुशार खापुङहरूले आफ्नो सुरुवाती पुर्खा सेङ्सेकुम भनेर सेङसेकुम फेदापहाङलाई जो आठ रायहरू सँगको लडाइमा दश सरदारहरूले युद्धमा विजय पश्चात १०लिम्बूवानमा राज्य विभाजित गर्दाताका बखत प्राप्त भएको फेदाप राज्यका राजालाई आफ्नो पुर्खा मानेको पाइन्छ । त्यसपछिको वंशावलीको क्रममा हेर्दा सिदिइङ जोडिएको पाइन्छ ।

खापुङहरू मोराहाङवाट हाल तेह्रथुमको ओयाकजुङ जलजले, सम्दु, इसिबु, खाम्लालुङ आङवुङ, विस्कुने, म्याङलुङ, सुङनाम ,अम्फुवा , इलामको गोर्खे, समालवुङ, नाम्सालिङ, पाचथरको याङरक आदि स्थानमा आफ्नो परापूर्वकालदेखि किपटको रूपमा बसोबास गरेको देखिन्छ । वर्तमान समयमा झापा, सुनसरी , मोरङ, काठमाडौं, चितवन आदिमा बसोवास गरेको पाइन्छ ।

लिम्बू जातिमा प्रचलित सुवांगी संस्था एक राजनीतिक प्रणालीको रूप हो । सुवांगीको सम्बन्ध जमीन र त्यसमाथिको अधिकार र सामाजिक राजनीतिक हैसियतसँग सम्बन्धीत रहेको थियो । यस प्रणालीलाई कमजोर बनाउन राज्यले विविध प्रकारका व्यवस्था गरेर थुप्रै सुवाहरूलाई स्थापित गराउदा एउटा लिम्बू भन्दा वढी लिम्बूहरू राज्यको कानून निती नियम सँग परिचित भएको पाइन्छ । साथसाथै यसले लिम्बू समुदायमा रहेको जमिन माथीको पकड र अधिकारबाट विस्थापित पनि गरेको देखिन्छ । लिम्बु जाति भित्रका बिभिन्न थरहरूका नयाँ नयाँ सुवाहरूको उदय पश्चात राज्यले किपट भुमि माथिको रैकरमा परिणत र राजनीतिक सम्बन्ध सुवाहरूबाट याँ सुवा फुटाएर फुटाउँ र शासन गर नीति झल्किन्छ । सुवांगीको अध्ययनलाई विशेषत (१) किपट भुमि र सुवांगीको सम्बन्ध (२)

अमाल प्रथा र सुवांगी संग गरीन्छ । सुवांगी प्रथा महत्वपूर्ण भएकोले यो सुवांगी संस्था विषयमा प्रयाप्त मात्रामा अध्ययन अनुसन्धान र शोध कार्य भएको यद्यपी देखिदैन् । त्यसैले लिम्बू खापुङ्गहरूको सुवांगी संस्थामा नविनतम् सत्य तथ्य थाहा पाउँन थप जानकारी प्राप्त गर्ने उद्देश्यले यो अध्ययन गरिएको हो ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन छनोट

कुनै पनि विषयमा अनुसन्धान गर्नको लागि सर्वप्रथम कुन क्षेत्रलाई केन्द्रित गरेर अध्ययन गर्ने हो सो को जानकारी हुन आवश्यक छ। नेपालको पूर्वी पहाडी क्षेत्रमा बसोवास गर्ने लिम्बूहरूको इतिहासलाई अध्ययन गरी लिम्बूहरूको सुबांगीलाई प्रतिनिधित्व गर्ने गरी फेदाप थुम तेह्रथुम जिल्लाको मेन्छयायेम गाउपालिका मोराहाङ वडा नं. ५ र ६ मा बसोवास गर्दै आएका लिम्बू खापुङ्गहरूको सुबांगी अध्ययनको केन्द्रविन्दु मानिएको छ। मोराहाङ गाउँ ऐतिहासिक गाउँ जसको नामाकरण लिम्बू भाषा वाट भएको हो। ठूलो पहरा भिरको टुप्पामा मान्छे को मुख (मुरा) जस्तो आ गरिरहेको दुलो (हङ्ग) भएकाले त्यो ठाउँलाई मुराहङ्ग भन्दा भन्दै अप्रभंस भई मोराहाङ्ग गाउँ भनियो । मोराहाङ्ग, गाउँ खापुङ्ग थरीको बसोवास धेरै रहेको र अध्ययनकर्ता पनि सोही क्षेत्रमा नै बसोवास गर्ने भएकाले यस क्षेत्रलाई छनोट गरिएको हो। अध्ययनकर्तालाई त्यस ठाउँका खापुङ्गहरूको ईतिहास, संस्कार, सभ्यता, नेपालको केन्द्रिय, स्थानिय, राजनीति, राजनीतिक.दलहरूमा भएका खापुङ्गहरूको सम्बन्ध हिजोको सुवांगी प्रणालीका शासक सुवाका वंशसँग तुलनात्मक अध्ययन गर्ने रुची भएकोले र सुवांगीको उत्पादन सम्बन्ध त्यसले आउने परिवर्तन, हालसम्म यस क्षेत्रमा बसोवास गर्ने लिम्बूहरू खापुङ्गहरूको अर्न्तविरोध, वर्गिय विभाजनको वारेमा समाजशास्त्रीय रूपमा अध्ययन अनुसन्धान नगरेकाले यस क्षेत्रलाई सोधपत्रको रूपमा छनोट गरिने छ।

## ३.२ अनुसन्धान ढाँचा

यस सोध पत्रको लागि वर्णनात्मक र अन्वेषणात्मक दुवै अध्ययन विधिको प्रयोग गरिएको छ । वर्णनात्मक अनुसन्धान भनेको अनसुन्धान गरिएको अध्ययनको विषयलाई विस्तारपूर्वक वर्णन गर्नु हो। समस्यालाई लिएर वास्तविक तथ्यमा आधारित भई वर्णनात्मक विवरण प्रस्तुत गर्नु यसको मुख्य लक्ष्य हो। यसमा वर्णनात्मक विधिलाई आधारमानी लिम्बू खापूङ्ग सुवांगीको बारेमा व्याख्या गरिएको छ। कुनै पनि अपरिचित समस्याका बारेमा खोज अनुसन्धान गर्नका लागि बनाईएको योजनालाई अन्वेषणात्मक अनुसन्धान ढाँचा भनिन्छ । यस विधिबाट खापूङ्ग सुवांगीको बारेमा पत्ता नलागेका वा खोज अनुसन्धान नभइसकेका तथ्यहरूको अनुसन्धान गर्ने तथा पत्ता लगाउने प्रयास गरिने छ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरू

यस अध्ययनको लागि प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको हुनेछ । प्राथमिक स्रोत अन्तर्गत पुराना खापूङ्ग वुडापाकाहरूको अन्तवार्ता, समुहगत छलफल, स्थलगत अध्ययन, प्रत्यक्ष भेटघाट आदिवाट आवश्यक तथ्याङक सङकलन गरिनेछ । दित्तिय स्रोत अर्न्तगत लिम्बू सुवांगी सम्बन्धी विभिन्न लेख, रचना, पुस्तक, जर्नल, प्रतिवेदन शोधपत्र आदिलाई लिइने छ ।

### ३.३.१ अवलोकन

खापुङ्गहरूको थातथलोमा अवस्थीत ओखल, कोक्सी मारा ढुङ्गा, तेन्हाङ राजा (खापुङ्ग लगायत सात्रेहरूका पुर्खा) को घोडा वाध्ने ढुङ्गा, सुबाहरूका मौलोका अवशेष लगायत पुर्खाहरूका सम्बन्धीत स्थानहरूमा गई हेर्ने, निरिक्षण गर्ने, फोटो खिच्ने, अवलोकन गरी सोधखोज गरिएको छ ।

खापुङ्ग सुवाका सन्तानसँग भएका पुराना कागजातहरू यादव ब. खापुङ्ग ,टंक खापुङ्ग, आङवुङ डाँडागाउँमा सुवा लुम्वाका सन्तानसँग भएका पुराना कागजातहरू, टिपोट तमसुक पुराना लिखित दस्तावेजहरू हेरिएको किनकी त्यसले प्रमाणको रूपमा स्पष्टता साथै अनुसन्धानको पाटोलाई वलियो आधार बनाउने छ ।

### ३.३.२ प्रमुख जानकार व्यक्तिहरूसंगको अन्तरवार्ता

सुवा हां नारायणका छोरा वेदि नारायण खापुङ्गसँग सुवांगीको अधिकार क्षेत्र के-के पर्दथे, ,सुवा हुनेहरू र नहुनेहरू विचमाके फरकता हुन्थ्यो, तत्कालिन सामन्ती समाजमा कस्तो खालको सामाजिक हैसियत सुवाको हुने गर्दथ्यो लगायत प्रश्न गरियो । सुवा पृथदलका नाती कुवेर सिं खापुङ्गसँग जम्मा मोराहाङ्ग मौजाका कति जना सुवा रहेका थिए ती मध्येमा आगे सुवा, उत्तराधिकारी, तिरुवा सुवाहरू को को थिए ? तिरुवा सुवा, नरविरका खनाती शिवनाथ खापुङ्ग, नाती अमृत खापुङ्ग लगायतलाई नरविरका ३ छोराहरू कसरी ३ सुवा भए त्यो कारण र उनीहरूको मौलो थरीवारे प्रश्न सोधियो, ३ भाईया अरिङगालेहरू एउटै मौलो पुजेर त्रिपल सुवा कसरी भए त्यो बारेमा सुवा मान वहादुरका नातीहरू वेलायती सेनाका जमदार (wo2)एकल वहादुर खापुङ्ग, गौखुरी मा.वी.का शिक्षक योगेन्द्र वहादुर खापुङ्ग गौखुरी मा.वी.का प्रधानाध्यापक विश्व राज खापुङ्ग, मेन्छयायेम गाउपालिका प्रमुख यादव खापुङ्ग

,सुवा हां नारायणका नाती वेलायती सेनाका जमदार (Wo2) दलनारायण खापुङ्ग र वषत बहादुरका नाती नेपाल प्रहरीका प्रहरी उपरिक्षक (S.P)चन्द्र कुवेर खापुङ्ग लगायतसँग प्रश्नोत्तर गरियो । तत्कालिन खापुङ्गमा सुवांगी हत्याउन भएको संघर्ष, मुद्धाको वारेमा सुवा पृथमानका सन्तान टंक खापुङ्गसँग जिज्ञासा स्वरूप प्रश्नोत्तर गरियो । सुवा लुम्वा खापुङ्गका छोरा इसाहाङ्गका आङवुङमा रहेका सन्तानहरूसँग सुवांगी अरुले हत्याएपछिको जीवन परिस्थिती, आर्थिक उत्तार चडाव, वर्गिय अवस्था, धरातल बारे प्रश्नोत्तर गरियो भने इसिवुको लायम्बा, खाम्लालुङ कोयाषोला र तोकमा जलजलेमा सुवांगी सञ्चालन नगरेका हरूका सन्ततीसँग सामाजिक, आर्थिक राजनीतिक हैसियत, विरासतबारे प्रश्नोत्तर गरियो । सुवा हुने र नहुनेले ल्याएको सामाजिक स्तरीकरण, उच निच वारेमा सुवा मान बहादुरका नाती केआइसिं खापुङ्ग, फत्तेजंग खापुङ्ग, मकर खापुङ्गसँग प्रश्न गरियो, साथै सुवा नभएका सन्तानहरू सन्त खापुङ्ग, विशाल कुमार पहिम, थरीका सन्तानहरू राम भट्टराई लगायतसँग खापुङ्ग सुवा हुनेहरू र नहुनेमा फरकता त्यसको सामाजिक हैसियत प्रभाव वारे प्रश्न सोधियो ।

### ३.३.४ द्वितीय स्रोतहरू

अनुसन्धान कर्ताले आफ्नो अनुसन्धानको विषय अनुरूप दित्तिय स्रोत अर्न्तगत अभिलेख, व्यक्तिगत डायरी, जिवन बृतान्त, प्रकासित तथा अप्रकासित लेख रचना । लिम्बू खापुङ सुवांगी संग सम्वन्धित विभिन्न पुस्तक, लेख, रचना, पत्रपत्रिका वंशावली, लालमोहर, इस्तीहार, रुक्का मालपोतका कागजपत्रहरू लगायत तथ्याङ्कहरू आदि द्वितिया स्रोतका रूपमा लिईएको छ । किनभने अनुसन्धान कर्तालाई आफ्नो क्षेत्रगत कार्य गर्न जानु भन्दा अगाडि दित्तिय स्रोतबाट नै तथ्याङक सङकलन गर्न सजिलो भएको हुनाले दित्तिय स्रोतको महत्व र आवश्यकता अनुसन्धान कर्ताको लागि बढिरहेको छ ।

## ३.४ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस शोधपत्रलाई पूर्ण बनाउनका लागि उपलब्ध तथ्याङ्कहरूलाई तथ्याङ्कको प्रकृति अनुसार वर्गीकरण गरी व्याख्या गरिने छ । यसरी वर्गीकरण गरिएका तथ्याङ्कहरूलाई व्याख्यात्मक रूपमा प्रस्तुत गरिने छ । गुणात्मक प्रकृतिको सुचनाहरूलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक वोधगम्य बनाउन त्यसलाई विस्तार गरिने छ । परिणात्मक प्रकृतिको तथ्याङकहरूलाई आवश्यकता अनुसार तालिका

बनाई सूचनाहरूलाई तुलनात्मक र वोधगम्य बनाउन साङख्यिक विधिको प्रयोग गरी तथ्याङ्कको व्याख्या विशलेषण गरिने छ ।

## ३.५ अध्ययनको सिमा

अनुसन्धान कार्य एउटा जटिल र चुनौतिपूर्ण कार्य हो । कुनै पनि समाजको विभिन्न पक्षमा बृहत रूपमा अध्ययन अनुसन्धान गर्दा लामो समयको साथै वढी मात्रामा स्रोत साधनको आवश्यकता पर्ने हुन्छ । हरेक पक्षलाई दृष्टिगत गर्दा प्रत्येक अनुसन्धान को अध्ययनलाई सिमाबद्द गर्नपर्ने हुन्छ । यो अध्ययन अनुसन्धान खास गरी मानविकी संकायको समाजशास्त्र विभागको स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्ने उद्देश्यले लेख्न थालिएकोले निश्चित समय अवधिमा पुरा गर्नु पर्ने भएकाले समय, स्रोत, साधन र जनशक्तिको आवश्यकतालाई मध्यनजर राख्दै यस अध्ययनलाई निम्न सिमाहरूमा सिमित गरिएको छ ।

१) यस अध्ययनमा फेदाप थुम तेह्रथुम जिल्लाको मेन्छयायेम गाउँपालिका वडा नं. ५ र ६ मोराहाङ्ग गाउँको खापूङ्गहरूको मात्र अध्ययन गरिएको छ ।

२) यस अनुसन्धानले मोराहाङ्ग बाहेक अन्य क्षेत्रमा बसोवास गर्ने खापुङ्गहरूको प्रतिनिधित्व नगर्न सक्छ ।

३) यस अनुसन्धानमा खापुङ्ग सुवांगीको अन्त्य पछी उनीहरूको आर्थिक अवस्था, जमिनसँगको सम्बन्ध के-कस्तो रह्यो,सामाजिक उचनिचता, राजनीतिक प्रभाव, वर्ग विभाजन आदि अध्ययन गर्ने समग्रमा मार्क्सवादि दृष्टिकोणबाट हेरिएको छ ।

४) मोराहाङ्गको खापुङ्ग परिवारको सुवांगी प्रणालीले स्थानिय शासन पद्धतीमा खेलेको भुमिका कस्तो प्रकारको थियो ?सुवाका पछिल्लो पुस्ता खलकहरूमा वातावरणको प्रभावले  केन्द्रिय र स्थानिय राजनीतिको शासनसत्ता, शाक्तिमा उनीहरूको भुमिका, जिम्मेवारी, पहुच बारेमा अध्ययन गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको अवस्थिति

## ४.१ फेदाप तेह्रथुम जिल्लाको परिचय

पल्लो किरातलाई सुरुवातीमा महाफेदाप भनिएको पाउछौँ । पछी आएर फेदापहुदै दश लिम्बू सत्रथुम, पल्लो किरात लिम्बूवान पनि भनिन्थ्यो । फे भनेको खुकुरी खुर्पाले, दाप भन्नाले बोट बिरुवा लहराहरूले जेलिएको घना जंगललाई ढाल फाड गरेर आबाद गरिएको जमिनलाई फेदाप भनियो ।सेनकालका स्याहामोहरहरूमा फेदाप उल्लेख गरेको पाउछौ । भने शाह राजाहरूबाट विभिन्न समयमा विभिन्न थुमहरूको उल्लेख गरी लालमोहर तथा रूक्का प्रदान गरेकोपाईन्छ । ति लिखतहरूमा तेह्रथुम उल्लेख गरेको पाइन्छ । तेह्रथुम जिल्ला उक्त सत्रथुम मध्ये फेदाप पुरै आठराइको अधिकांश भाग र छथर थुमका केही भागमा फैलिएको छ ।

गोरखा लिम्बू सेनाविच युद्ध हुँदा लिम्बू सेनालाई परास्त गर्न नसकेपछि गोरखा लिम्बू दुवै सेनाको सहमतीपछि वि.सं. १८३१ श्रावण वदी २२ को तसल्ली लालमोहरबाट पल्लो किरात लिम्बूवान गोरखा राज्यमा सम्मिलित भयो । वि.सं. १८३२ मा चैनपुर, १७ थुम दश लिम्बूवानको प्रशासनिक तथा तिरो उठाउने केन्द्र थियो भने सेनकालमै सो क्षेत्र विकसित भइसकेको थियो । वि.सं. १८४४ मा सरदार अभिमान सिंह वस्न्यातले पुरानो चैनपुरबाट प्रशासनिक केन्द्र हालको चैनपुरमा सारेका हुन् ।

वि.सं. १९५१ सालसम्म पल्लो किरात लिम्बूवानको तिरो चैनपुर कम्पु पल्टनबाट उठाईदै आएकोमा वि.सं. १९५२ सालमा १७ थुमको वीच भागमा पर्ने म्याङलुङमा तहसिल अड्डा स्थापना भई १७ थुम मध्ये झलहरा, सोरखाल्सा, चौविस र मिकलुङ गरी चारथुम धनकुटाबाट र वाकी मैवाखोला, मेवा खोला, तम्मर खोला, पाचथर, सोभा उत्तर, फेदाप, फाकफोक, याङरूप, पाचखपन, छथर, आठराई, दशमझिया, चैनपुर गरी १३ थुमको मालपोत म्याङ्लुङ तहसिल अड्डाबाट असुल गरिने व्यवस्था भयो । यसरी १३ वटा थुमको मालपोत वुझ्ने अड्डा भएकोले म्याङ्लुङलाई तेह्रथुम नामाकरण भएको भन्ने भनाई रहेको छ । तर राजा गीवार्ण युद्ध विक्रम शाहको वि.सं. १८६७ चैत्र वदी ८ रोज १ को कस्य रूक्कामा  फेदाप फाकफोक तेह्रथुम गैरह, भनी उस वेलै तेह्रथुम नामाकरण भैसकेकोले

उक्त मालपोत उठाउन अड्डा राख्न अगावै तेह्रथुम नामाकरण भैसकेको प्रमाणित हुन्छ । विभिन्न वंशावली ऐतिहासिक कागजातहरूको टिपोट अनुरूपफेदाप भन्नाले विशेषत सात राय र ६ रायहरूको ऐतिहासिक भौगोलिक क्षेत्रलाई देखाउछ । त्यहाँ वसोवास गर्ने सातराय र छ राय हरूको विसाल चारकिल्ला क्षेत्रलाई नै फेदाप तेह्रथुम भनेर सम्वोधन गरिएको मतलाई वलियो आधार मानिन्छ (परिशिष्ट १२) । सात रायहरूको पुर्खा हंशु रायका नाममा दिएको कामदत्तसेन, विजयपुरका राजा वि.सं. १८१८ को स्याहामोहरमा सात राय भनेर उल्लेखित गरिएको छ (परिशिष्ट १)। तुगुहाङ लोकसु राइले छथर देखि परको भुभाग दावी गरी भारदार काजी रन्जित पाण्डेका कचहरीमा श्रीनामा चढाउदा फेदापे छराय, सात राय वसी विडिकपर्न गरी पुर्पछ गरी खेवा र तुगुहाङको सिमाना छुट्याइदिएको वि.सं. १८४२ को लालमोहरले पनि थप पुष्टी हुन्छ (परिशिष्ट २) । सुवा विमान खापुङ्गले सुवा लुम्वा खापुङ्गलाई वि.सं. १९१० मा मोराहाङ्गको जात्या षर्क राजीनामा लेषी धनकुटा अदालतको कचहरीमा बुझाएका उल्लेखित कागजमा अघी ६ राई र ७ राईले भागलाई दिएको खिरौल्याको श्रीमाने डठेलो भालुखोप भुसुन्या षर्क भन्ने लिखत पाइन्छ -परिशिष्ट १८) ।

वि.सं. १८६० मा श्री ५ गिवार्णयुद्ध विक्रमबाट टटुवा राइ समेत ले भाइ सरहको सुवांगीको लालमोहर पाएका थिए । आतहाङको नामको लालमोहर जिम्माबाट फुट्दा सातरायबाट फुटेकाले, आठ राय वन्न पुगेका टटुवा राईको आठराई थुम सक्रान्ति डाँडाँमा रहेको लुङछाता (छातेढुङ्गा) ले ओडाई राखेको एउटा शिला छ त्यो नै आठराइ र फेदापको साध सिमाना निर्धारणको स्तम्भ रऱ्यो (चित्र नं. च) । यसरी सात रायबाट फुटी गएर आठराय वन्न पुगेका टटुवा राइको भूमि नै पछि आठराय वा आठराई नामले प्रख्यात हुन पुग्यो (तुम्वाहाम्फे वंशाली २०६३)।त्यसरी नै छथरको नामाकरण पनी त्यहाँका स्थानीय लिम्वू जातीय थरसँग जोडिएको लालमोहर, रूक्का मार्फत पाइन्छ । वि.सं. १८६७ को कागजमा ६ थर थुमको नामाकरण भएको पाइन्छ । छथरको नामाकरण, खेवा, खजुम, खादी, हवेरु, हाङवेरु र मुवेरु गरी ६ थरीका लिम्वूका थरहरूबाट नामाकरण हुनसक्ने केही टिपोटहरूले औल्याउन खोजेको अनुमान लगाउन सकिन्छ । वि.सं. २०१८ सालमा नेपाल अधिराज्यलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेपछि तेह्रथुम जिल्लामा फेदाप थुमको पुरै आठराई थुमको अधिकांश तथा छथर थुमको केही गाविसको मात्र तिरो वुझ्ने काम तेह्रथुम तहसिल अड्डाबाट भयो । २०३२ सालमा जिल्ला पुनसंरचना हुदा तेह्रथुम जिल्ला आठराई थुमको ८ गाउँ ताप्लेजुङ जिल्लामा गाभियो र हाल ३२ गाविस मात्र रहेको छ ।

### ४.२ मोराहाङ(मुराहङ)

पोकलावाङ यकका राजा तेन्हाङ भए पछि श्रीजुङको (सेरचुङ) तुम्वायक र मोराहाङको काहुले अवस्थित वोलचालमा संसारी डाडाको टापुमा (प्राकृतिक यक्वा तङनाम पुजा स्थल) मा सानो दरवार वनाइ वसे ।उनको अस्तित्व१६ औँ शताब्दीताका देखिन्छ। उनको दरवारको केही ठिकमुनी धान कुट्ने ओखल यथावत रहेको छ (चित्र नं.क) । उक्त ठाउमा घोडा वाध्ने ठुलो लामो ढुङगा रहेको थियो । तर कसै खापुङ्गले नै आधा भचाई दिएको भन्ने गरिन्छ (चित्र नं. ख)। तुम्वायक श्रीजुङ्गमा ८ फीट र १०फिट उचाइ भएका दुइ प्रसिद्ध शीला स्तम्भहरू अधावधी ठडिएर रहेका छन् । उक्त शिलाहरूमाघोडा वाध्ने गरिएको फलामे साङ्लीका डोवहरू र राजाले घोडाहरूलाई दानापानी दिने गरेको ढुङ्गाका भाग्नावशेषहरू आजपर्यन्त रहेका छन् (चित्र नं. ग ) । जहाँ तेन्हाङका सन्तती चोङवाङ र लुम्फुङवाहरूको वासस्थल रहेको छ यो थर संगै पहिम थर छुटेको बताईन्छ । सेन्छेनहाङ हरि हुकपा चेङवाङ लेख्नुहुन्छ “तेन्हाङ राजा हिउँद समयमा मयन्ताप्पा गाउँमुनि तम्वरको किनारमा सिकार खेल्न झर्थे । त्यस समयमा तम्वरमा ढुङ्गा खियाएर पार तारि दिने काम लिम्वूहरूले नै गर्थे त्यहाँ त्यसरी नाउ तार गर्ने व्यक्तिको छोरी अत्यन्तै सुन्दरी थिइन् । तिनीसँग तेन्हाङ राजाको अवैध सम्बन्ध कायम भयो । पछि गएर ति सुन्दरीले एउटा छोरा पाइन् । राजालाई सुम्पन नसकेर ती वालक त्यत्तीकै उमेर पुगे र गाउँ घर घुम्दा उनलाई कन्दुले नाम लगाए । उमेरले निकै पाका भएपछी तेन्हाङ राजाले आफ्नो भेद अरुले पत्ता पाउने र धर्म पोल्नु भन्दा सत्य घटनाको रहस्य आफै पर्दाफास गर्ने निश्चय गरे । आफ्नो रानीहरूका सवै छोराहरूलाई जम्मा गरेर भने ... इश्वरले व्रह्माण्डको सृष्टि रचना गर्दा भूल भएर यही पृथ्वीतलमा ठुला ठुला विरक्त लाग्दा मरुभूमिहरू वन्न गए । तर त्यस्तो भूल पनि गरेको छुइन । जुन वस्तुले मलाई ज्यादै मोहित तुल्यायो त्यतिखेरको सङ्गममा नसोचेको सृष्टि हुन गएछ र राज कुमारहरूमा अझ एक राजकुमारको थप हुन पुग्यो । अहिले उ तिमीहरू जतिकै जवान भएको छ । मेरो आत्मा सन्तुष्टिको लागि त्यसलाई वोलाएर भाइ ठानी अङ्स देउ भनी हुकुम गरे राजकुमारहरूले पनि आफ्नो पिताकै हुकुम वमोजिम कन्दुलेलाई वोलाएर अङ्श दिए (चोङवाङ, २०७१:५३,५४)। उनै कन्दुलेका सन्तानहरू कन्दङ्वा भए, कन्दङ्वाहरूको पुर्खा टटुवा राइले फेदापका आतहाङ राईसँग हाङगर हाङदङ ,सुवा गर सुवादङ” चाहे सात राइहरू राजा हुन अथवा सुवा हुन म पनि फेदापको अधिपति हुँ, फेदाप भूमिको भाग मैले पनि पाउनु पर्छ” भनेर दावी गरेका थिए ।

फलतः सातरायबाट फुटी गएर आठराय वन्न पुगेका टटुवा राईको आठराई थुमको साँध सिमाना फेदाप छेउ कोयाखोला लिसिवुङ संक्रान्ति डाँडाबाट ढाडो झर्ने मुसे खोला पुर्वेत्तर हुदै ताप्लेजुङ्ग जिल्लाको चागे गाविस सम्म निर्धारण हन गयो । टटुवा राईले आठराई सक्रान्ति बजारमा लुङछातामा शिलाखोपी फेदाप र आठराईको सीमाना छुट्याईएको देखिन्छ (चित्र नं. च) ॥ आतहाङबाट फुटी गएको वखत वि.सं. १८६० मा श्री ५ गीवार्णयुद्ध विक्रमबाट टटुवाराई समेतले भाइ सरहको सुवांगीको लालमोहर पाएका थिए । (तुम्वाहाम्फे, २०६३:१९ र २०)

तेन्हाङको प्रभुत्वले नै थलायकमा राज गर्ने सोदेम्वा ६ रायहरूलाई अधिनमा राखी थलायक र पोकलावाङ यक लगायत सम्पूर्ण जिमी भुमीको प्रतिनिधित्व गर्ने शासकको रूपमा देखिन्छ । प्रमाणिक हिसावले फेदापमाथी गोर्खा राज्यको अधिनस्थ हुने खेर आतहाङ राय, मन्जीत रायको नाम आएको देखिन्छ जुन नाम सात रायका सन्ततीसँग जोडिएको पाइन्छ । तुम्वाहाम्फे वंशावलीका अनुसार तमोर खोलाको वयालुङ काम्भेलुङको तिल्लिङ जोकमा तिल्लिङहरूको आदिवास स्थल थियो । तीनजुरे पहाडको फेदी मंगलवारे चौकी हुदै सोल्माको तिल्लिङटारमा आइ तिल्लिङ यक (गढ) वनाएर वसे । पछि ६ रायहरूको यकमा आसपासमा तिल्लिङहरूले आक्रमण गर्दा ठुलो लडाई भएको थियो । उनीहरूको आक्रमणको रोकथाम गर्न नसकिने भइ  छौरेहरूले फेदाप प्रमुख पोकलावाङका सातरेहरूका पुर्खालाई गुहार मागे । छौरेहरूको सहयोगार्थ फेदाप प्रमुख दलवल कसेर तुम्फुङलामा (फुलको नाम तुम्फुङ) आई किल्ला जमाएर वसे । तिल्लिङहरू अति लडाकु भएकाले पूर्व वन्दोवस्तका साथ लड्न छौरे र सातरे मिलेर हालको गढी थुम्कामा उत्तर र दक्षिणतर्फ दुइ प्रसिद्ध गढहरू निर्माण गरी लडाई गरेर विशाल भिषण लडाई भयो । उक्त घटनाक्रममा शरीरका हड्डिहरू उछिट्टिने गरी काटाकाट भएको थियो । अतः त्यस ठाउँलाई लिम्वूहरूले येप्पिचाटार भनी नामाकरण गरे । गढि थुम्कामा भएको लडाईमा तिल्लिङहरूको नराम्रोसँग हार भयो । तिल्लिङहरू त्यहाँबाट पछि हटेर सोल्माको तिल्लिङटार गढमा फर्किए तिल्लिङहरूलाई तिल्लिङटारबाट पनि लखेट्न छौरेहरूले त्यहाँ पनि आक्रमण गरे । दोहोरो लडाईबाट छौरेहरूको जित हुन नसक्दा तिल्लिङ राजाको मुख्य कमारो ललेवालाई विष खुवाउन लगाए । योजना अनुसार विष खुवाएर राजालाई मारीसक्दा छौरेहरूले लेलेवा लाई पनि मार्न झम्टिए तर उनी भागे । उनी भागेर सुदाप खेवा राजाकोमा पुग्दा शरण नदिएपछि वसन्तपुर केवुक मुसाङखेलमा गई माङभु राजाकोमा शरण लिन पुगे । लेलेवा

विशाल रुखमा गएर तालाछापे (चडहिम) वनाई वसे । तिल्लिङ राजाको रानीले माइतीमा छोरा जन्माएपछी लेलेवा कमारोलाई खोजी नावालाख वच्चा लिएर त्यहाँ आई पुगिन । लेलेवाले वनाएको घर टाडमाथि लेलेवा वसे भने टाडमुनि रानी र छोरा वसे । यसरी टाडमाथि वस्ने लेलेवाका सन्तानहरू तिल्लिङ चोङवाङ र टाडमुनि आमासँग वस्नेका सन्तानहरू तिल्लिङ मादेन गरी दुई थरीमा विभक्त हुन पुगे । हाल वसन्तपुर केवुकमा वस्नेहरू तिल्लिङ चोङवाङहरू हुन र दागपामा वस्नेहरू तिल्लिङ मादेनहरू हुन् । यसरी ६ रायहरूलाई सहायता गरे वापत सातरायका सन्तानलाई वर्तमान थलायक आसपासमा वस्न दिएको तुम्फुङ्ला पाङभेमा वस्नेहरू तुम्वाहाम्फे भएको वुझिन्छ ।साथै मोराहाङ्गका खापुङ्गहरू पनी किपटको रूपमा त्यहाँ गएका देखिन्छन जो २५ औं पुस्ताका वन्दमान खापुङ्ग, धर्मरूप खापुङ्ग, जयदल खापुङ्ग हुन्भने पङयाङगु पनी किपटकै रूपमा गएका देखिन्छन । जुन तुम्फुङला नै तम्फुला गाउँ भएको छ । यसरी सातरायका सन्ततीहरूमा तुम्वाहाम्फेका पुर्खानै तम्फुला आई वसोवास गरे तर वि.सं. १८६० मा आठराईका कन्दङ्वाहरूका पुर्खा टटुवा राईलाई सातराय सरही सुबांगीको लालमोहर गरिदिदा चारकिल्ला जनाउँदा देवी म्याङलुङदेखि पूर्व भनिएकाले म्याङलुङ देवीको उत्पती सेनकालमै भएको देखिन्छ । जो समय छरायहरूले उत्पती गरी मानिमनितो गरेर ल्याएको हो या तुम्वाहाम्फेले अध्ययनको विषय भएको छ ।छराय र सातरायले तिल्लिङहरूलाई सिमाना छुटयाउन उम्फुवा दोभानमा ढुङ्गा गाडिएको छ (चित्र नं. ६) । यसरी छौरेहरूले ढालफाड गरेको भुमागमा तुम्वाहाम्फे, पङयाङगु, खापुङ्ग वसेपछी अर्को सातरायका सन्तान कुरुम्वाङलाई सिमाना रक्षकको रूपमा सुङनाममा राखि छोडेका थिए । भुमी सुधार नभए सम्म उनीहरूसुवांगी मान्न र डोकेभाइ तिरो तिर्न सिम्ले पोकलावुङ जाने गर्थे जहाँ सिम्ले गाउँमा कुरुम्वाङहरू वसिरहेकौ छन् । तेन्हाङको दबदबामा पुरै फेदाप भुभागको अधिपति पाईएको छ । मोराहाङको विसाल भिरको शिरमा रहेको दुलो भ्वाङमा जाने वाटो रहेको थियो पछी त्यो वाटोको ठुलो चट्टान झरेको वताइन्छ । भिरको टुप्पीमा हवाङ्ग भएकाले लिम्वू भाषामा मुरा भनेको मुख र हङ्ग भनेको भ्वाङ्ग हुनाले त्यसक्षेत्रको नाम मुराहङ्ग नै मोराहाङ्ग भएको भन्ने किवदन्ती रहेको छ (चित्र नं. घ) । जुन हङ्ग वल्लो छेउमा विशाल ओडार छ जहाँ सयौं मान्छे अट्ने देखिन्छ । खापुङ्गहरूको पुर्खा यसै स्थलमा मानव जीवन वस्तीको सुरुवात गरेको पाइन्छ । खावा भन्नाले लिम्वू भाषामा काभ्रा र वुङ्ग भन्नाले रुख खावाबुङ्ग नै खापुङ्ग भएको र काभ्राको वोट मा वस्ने खावाबुङ्ग वो केयुङवाहरू खापुङ्ग भएको वताइन्छ । मोराहाङ्गमा पुरानो खावावुङ्ग

रहेको स्थान काभ्रेखेत, तेन्हाङका सिफाहीहरूले घोडा कुदाउने (अनलोकसुवा) अन =घोडा लोक्सु= कुदाउनु = ओलेखु डाडा, रानी पोखरी, धारा विभिन्न खर खजाना लुकाउने ठाउ काहुले आसपास, ताक्मारे खोल्साको आसपासको विशाल भिर पहरालाई याङरके राज्यद्रोही दोषी हरूलाई मृत्युदण्ड दिने स्थान वोक्सीमारा ढुङ्गा (चित्र नं.ङ) आज पनि यथावत रहेको छ । बोक्सीमारा ढुङ्गा नजीक भीरको टुप्पामा ६०/७० जना अट्ने गुफा रहेको छ जहाँ बोक्सी मारा ढुङ्गाकोसुरक्षार्थ सिपाही रहने गर्दथे ।तेन्हाङ्गको जीवन्त ईतिहास कुनै न कुनै रूपमा भएपनी मोराहाङ्गमा सुरक्षित रहेको छ । यिनै तेन्हाङ्गका७ रानी मध्ये १ रानीका छोराका सन्ततीहरू खापुङ्ग थरी हुन् ।पूर्वमन्त्री काजिमान कन्दङवाका, कन्दडवा वंशावली ( २०४४) मा  उल्लेख भए अनुसार  सम्वत् १८८५ साल मिति आषाढ बदी ७ रोज ५ सुभम्को सम्झौता पत्रमा फेदापका सुवा आतहाङ राई, आठराइको सुवा टटुवा सँगै हाङसु राईले खाके भनेर खापुङ्ग उल्लेख छ जुन खापुङ्ग थर नै सम्वोधन गरेको देखिन्छ । (परिशिष्ट - १९)

विशेषतः२४ औ पुस्ता नुबोहां , २५ औ पुस्ता संजहां ओयाकजुङ नेवाई प्रबेश , ओयाकजुङ जलजले अदलविर, फौदरूप, रूपकर्ण, चौथर,  हुदै प्रवेश । सन्दु र इसिवुमा २४ औ पुस्ता वागविर, पृथ सिं, महाविर । कोयाषोला खाम्लालुङ २६ औ पुस्ता मल्लु । आङवुङ डाँडागाउँ २५ औ पुस्ता इसाहाङ लगायत, २६ औ पुस्ता भगिपाल, २६ औ बुद्धिलाल प्रबेश । २६ औ आकासमान लगायत थुप्रै इलाममा। म्याङलुङ २५ औ पुस्ता वन्दमान, धर्मरूप,जयदल । इलामको गोर्खे, समालवुङ्ग नाम्सालिङ २५ औ पुस्ता चन्द्रलाल, २६ औ पुस्ताका रूपदल, सिंहदल, २६ औ पुस्ताका नानीहाङ कालु, नाहार सिं लगायत भने पाँचथरको याङरक २६ औ पुस्ता राजमान, याङनाम आसध्वज, अम्फुवा र सुङनामपुरानो पुस्ता गएको भने  ताप्लेजुङ्ग थुम्बेदिन तिर पनी खापुङ्गवसाई गएको पाइन्छ । प्रदेश तिर लागेर अत्तो पत्तो नभएकाहरू २५ पुस्ताका महादल, २६ पुस्ताका हिमालध्वज ,धुरीसाम्वा ( वर्मा)  २७ पुस्ताका कुवेर सिं, साइला परदेश । मेघनाथ, मनजित, धनरूप, कान्छा सिक्किम, काइला पाचथर ऐक्तीन, २८ पुस्ताका गौथले, शमशेर वहादुर, पूर्ण वहादुर, धर्मध्वज ( आसाम) पोते (वर्मा), धनवहादुर (सिक्किम), नरपति टाउके (आसाम खुनावारी), करै वहादुर (आसाम खुनावारी) २९ औ पुस्ताहरूमा पदम वहादुर (परदेश आसाम), रत्नवहादुर (परदेश), अर्जुन (आसाम खुनावारी), दिलिप (आसाम), वहादुर (आसाम), गङ्गा (आसाम), फौदरूप ( आसाम), हर्कराज (सिक्किम), साइला (प्रदेश), कान्छा तार प्रसाद (कलकत्ता), जेठा

भेडे,साइला-आसाम, कान्छा आसाम लगायत २९ पुस्ता मोराहाङ बाट कुनै न कुनै रूपमा बाहिरीएको देखिन्छ र त्यो क्रम पछिल्लो पुस्ताहरूमा पनि निरन्तरता भएको देखिन्छ । वर्तमान रूपमा तराईका जिल्लाहरूमा व्यापक रूपमा साथै काठमाडौँमा बसेको र हङकङ हुँदै वेलायत मै पनि वसोवास गरेको पाइन्छ ।

# अध्याय पाँच

# खापुङ्गसुवांगी विगत र वर्तमान

## ५.१ सुवांगी र किपटभुमी

विभिन्न लालमोहर, रूक्काको अध्ययन गर्दा तेह्रथुम जिल्लामा वि.सं. १८३७ देखि वि.सं. १९९७ साल सम्म तत्कालिन राजा तथा शासक वर्गबाट लालमोहर कस्यरूक्का, इस्तिहार, सनद जारी गरी लिम्वू रायहरूले लालमोहरीया, पुरानिया सुवाको रूपमा फुटी सुवाको रूपमा र निवेदन तथा विन्तिपत्र चढाई सुवा भएका पाउँछौ । पूर्वी नेपालमा किरात जातिमा कहिले देखी किपट प्रथा सुरु भयो भन्नेमा मतमतान्तर भएको पाइन्छ । पृथ्वी नारायण शाह भन्दा अगाडी नै किपट थियो भन्ने स्याहामोहरहरूबाट पाउँन सकिन्छ । र लिम्वूहरूले चर्ची भोगी आएको भुमीलाई शासकवर्गले किपट भनी नामाकरण गरेका छन् । किपट र सुवांगीविच आयोन्याश्रित सम्बन्ध रहेको छ । केन्द्र सरकारले सुवांगीको अधिकारलाई प्रयोग गरी किपट लिम्वूहरूबाट छिन्न भिन्न वनाई, रैकर वनाई लिम्वू जमिन्दार सामन्तबाट सुवांगीको नितीले षेतहरू चढाउन लगाई रैकर गर्दा गैर लिम्वूहरूमा उत्पादनका स्रोत साधनहरू हस्तान्तरण गरिएको देखिन्छ । जंगलात भएको ठाउमा सोह्र आनी पैसा लिएर किपटिया सुवाहरूले आफ्नो जगर वगर ढेककामा गैर लिम्वू विशेष वाहुन क्षेत्रीहरूलाई दिई पैसा ऋण लिने क्रमसँग थप वढ लिदै अन्ततः जमिननै विशेष थरी( थऱ्याई) क्षेत्री, वाहुनहरूलाई सुम्पीएको पाइन्छ । त्यसमा चार किल्ला तोकिएको क्षेत्र नै किपट वुझिन्छ ।

किपट भूमिको परिभाषाहरूमा इमानसिंह चेम्जोङ्गले प्राचिनकालमा किरात समुदायका मानिस वसोवास गरेका ठाउँलाई किपट भनिन्छ । यसलाई ताङसिङ खोकसिङ पनि भनिएको उल्लेख गर्नु भएको छ । उहिल्यै पल्लो किरात लिम्वूवान क्षेत्र जङगलात मुलुक भएकोले वसोवास ज्यादै पातलो भएको वेला लिम्वू किरातीले बनजङ्गल रेखदेख गरी कमाई गरेको जग्गा किपट हो । जङ्गल फडानी गरी यती जग्गा मेरो हो भनी साध लगाउने जनाउने त्यती जमिन भित्रको उडन्ता, गडन्ता वस्तु लगायत सवै उसैको हुन्थ्यो ( प्रधान, गजेन्द्रवहादुर २००९) । कृष्ण प्रसाद भण्डारीका अनुशार कि = किराती, पट= वाझो जग्गा = किपट (भण्डारी कृष्णप्रसाद २०६६ पल्लो किरातको जग्गा संयुक्त प्रयास) ।

किपट शब्द राजा रणवहादुर शाहवाट वि.सं. १८४५ सालको लालमोहरमा मात्र किपटको उल्लेख छ । लालमोहरमा आगे श्री देउ राइके हिंवा सिद्धिपुर पूर्व वाघा खोला उत्तर जङ्गल उघार्न वन किपट गरिवकस्यो । रोकटोक कसैको नास्ती आफ्नो खातिरज्मा किपट जानी भोग्य गर" भनी उल्लेख गरेको पाइन्छ ।

गोरखा र लिम्वू विचको सन्धीमा गोरखा पट्टी, लाग्ने ५ जना राजाहरूमध्ये फेदापका आतहाङ राय पनी गोरखा पट्टी लागेको भनेर उल्लेखित रहेको छ । आतहाङ जो सात रायहरू भित्र पर्दथे । उनैलाई प्रदान गरिएको लालमोहरमा फेदापको किपटको चारकिल्ला उल्लेख गरिएको छ (परिशिष्ट १४) । वि.सं. १८३९ सालको महाराज रणवहादुर शाहको नामको लालमोहर चिठीमा श्री आतहाङ पङयाङ राय भनी सम्वोधन गरिएको छ । आतहाङ पङयाङ नै पङयाङगु थरीहरूको पुर्खा भएको हुन सक्छ जसले १८३१ पछी सात राय र छ रायहरूको तेह्रथुम भुगोलको प्रतिनिधित्व गरिएको देखिन्छ । पोकलावाङ्ग गडीको आसपासमा यिनै पयाङ्गुहरू सँग नजिकका मिङस्राहरू सिङगक, निङलेखु, कुरुम्वाङहरू रहेकाले तेन्हाङका धेरै श्रीमतीहरूमा जेठो सन्ततीका रूपमा उनको प्रतिनिधित्व हुने कुरा जनाउँदछ । तुम्वाहाम्फे वंशावली (२०६३) मापनी एउटै नजिकका दाजुभाइहरू भनेर ती ४ थरीलाई जनाइएकोछ । मेरो अध्ययनमा सातरायहरूमा पङयाङगु र तुम्वाहाम्फे अलिकनजिक हुनुपर्छ अरु रायहरू भन्दा यद्यपी तुम्वाहाम्फेहरूको दावी मन्जीत रायको वुवा आतहाङ भनेर लेखिएको छ । लिम्वु चलन चल्तीमा तुम्वा (जेठो वुवा) ले भाइको छोरालाई पनी छोरा भनिने हुनाले त्यो दुइ/तीन पुस्ता सम्म नजिकनै मानिन्छ । मञ्जीत भतिजो हुनसक्छ । वावु र छोरा स्वयम् नै हुन नसक्ने लालमोहर, रुक्काहरूले प्रमाणिक पेश गर्दछ । किनकी तेन्हाङको जेठो सन्ततीको रूपमा पङयाङगुले प्रतिनिधित्व गर्दा सम्पूर्ण फेदापको सेनकालिन सुवांगी हुन सक्दछ । तेन्हाङलाई सुरुवातीमा दावी आफ्नो वंश हो भनेर खापुङ्गले गरेको हो । यो वंशको विकास धेरै लामो नभएको देखिन्छ, तेन्हाङ्ग १६ औं शताब्दीका शासक हुनाले वानहाङ्गफुङ्ग तुम्वाहाम्फेले दावी गरेको योमाहाङ खापङ्गको वंशावलीमा तेन्हाङ्गका वुवा उल्लेख छ । त्यो सान्दर्भिक पनी हुन जान्छ किनकी वानहाङफुङ सेनकालमा विजयपुर दरवारमा रहनाले उनको पहुचले फेदापमा उनका छोरा तेन्हाङ राजा भनेर कहलियो र त्यसको अवशेषहरू यद्यपी पाइन्छ । जुन इतिहासको लामो कालखण्डको सभ्यतासँग नजोडिएर र गोरखाको प्रभुत्व सँग पनि नजोडिएर उनै तेन्हाङ्गसँग जोडिएको पाइन्छ । तसर्थ गोरखा, फेदापमा प्रवेश गर्न अगाडी नै तेन्हाङ्ग भन्दा ५ पुस्ता पछीका (

नहाङजित) जस रायका नाउँको सुबांगी खापुङ्गको देखिन्छ ।तेन्हाङ्ग १७ औँ पुस्ता रहदा २५ औ पुस्तामा निकै समृद्ध वनिसकेको मोराहाङ्ग थुप्रै वसाइसराई जानेक्रम चलिरहेको वखत पुरानीया सुवा लुम्वा खापुङ्गका नाम उल्लेखित कागज अनुसारवि.सं. १८३६ मा उनी सुवा देखिन्छन्  भने उनका छोरा संजहां सुबा उल्लेखित बि.सं १८१७ को तमसुकमा देखिन्छ । लुम्बाका बुबा जस राईको सुवांगी उल्लेख पाइन्छ । २४ औँ पुस्ताका भेगिदार गोर्खाली प्रबेश पछी सुबा देखिन्छन् भने उनका छोरा,  विमान खापूङले सरकारले तोकेको माटोमुरी तिरेर बि.सं १८९१ मा सुवा भएको पाइन्छ । भने २५ पुस्ताका जैमानपनिसुवा गोर्खाली प्रबेश पछी  भएको देखिन्छ भने पृथमान पनी त्यस समयकै सुवा देखिन्छ जो बि.सं १८९० अघीकै सुवाहरू थिए । जुन समय मुकुन्द सिंहको समययताका देखिन्छ । यसरी खापुङ्गवंशमा तेन्हाङ्गसँग ८ पुस्ताको फरक रह्यो भने तुम्वाहाम्फेमा ६ पुस्ताको फरक रह्यो । तुम्वाहाम्फेले दावी गरेको वानहाङफुङ्ग मुकुन्द सिं बाट माथि ५ पुस्तामा देखिन्छ । जुन उनीहरूको पुर्खा भनेर दावी गरिएको छ । लालमोहरहरूमा फेदाप पुरै भुभागको उल्लेख गर्दा वानहाङफङ्ग जोडिएको छ जुन साध सिमाना आतहाङ्गलाई दिइएको लालमोहरमा पनी उल्लेख हुन्छ । यसर्थ, वानहाङ्गफुङ्ग १६ शताब्दीको  सेनकालिन विजयपुरको शासनताका पुरै फेदाप भूमिका प्रतिनिधि देखिन्छ , तेन्हाङ्गका पिता देखिन्छन् । यदी त्यसो नभए त्यत्रो चारकिल्लाको किपटमा अरु सातरायका सन्तान तेन्हाङका सन्ततीहरूको प्रसस्त किपट भेटिने थिएन होला र पुराना आगे सुवाहरूपनि हुदैनथे होला । तुम्वाहाम्फेको एकमात्रै पुर्खाहरूले सम्पूर्ण फेदापको प्रतिनिधित्व गर्ने कुरामा विवादित हुन सक्छ किनकी वि.सं. १८३७ मै मञ्जित राई जो तुम्वाहाम्फेले दावी गरेको पुर्खाको नाममा सुवांगी सिर्तोक पत्र सालवसाल ६० रूपैया तिर्ने सर्तमा जारी गरिएको छ पछीमात्र वि.सं. १८३९ देखि मात्र लालमोहर झरेको पाइन्छ । उक्त लालमोहरमा आतहाङ पङयाङ राय भनेर अन्य लिम्वू शासकहरूको थर जोडिदा आतहाङको पनी जोडिएर जारी भएको छ । मञ्जीतको सुबांगी सिर्तोकमा चारकिल्ले व्यहोराको सट्टा मकवानीको समय महाफेदाप अम्वल गरी खाया भित्रको अधिकारसँग जोडेको छ । भने आतहाङ रायको नाममा वि.सं. १८४० मा जारी भएको लालमोहरमा फेदापको चारकिल्ला तोकी किपट थामी दिएको छ । यद्यपी तुम्वाहाम्फेहरूको दावी वि.सं. १८७६ को रूक्कामा मञ्जीत राईलाई फेदाप जमिनको सुवासुवांगी पगरीको कास्य रूक्का गरिदिएको व्यहोरालाई आधार प्रस्तुत गरिएको छ । उक्त रूक्कामा वानहाङफुङ राइले सुवांगीको पगरी वाधी खाई आएको साध चारकिल्ला आतहाङ

रायलाई दिइएको उल्लेखित भुभाग नै उल्लेख गरिएको छ । उक्त कस्यरूक्कामा वंशावलीमा मिल्ने हिसावले फेदापका शाषक वानहाङफुङलाई तुम्वाहाम्फे वनाउन रूक्कामा मञ्जीतको जिजु थपी पुन मकवानी राजाको पाला भनी थपिएको छ । जुन थपथापले इतिहासको तोडमोड भएको जस्तो देखिन्छ  रूक्का भन्नाले श्री ३ महाराजबाट जारी हुनाले कुनै पनि रूक्कामा जारी हुदा थपेर केरमेट भएको पाइदैन । चाहे आतहाङलाई होस या मञ्जित दुवैलाई सम्वोधन गर्दा वानहाङफुङको पुरै फेदापको चारकिल्लासँग जोडिएकाले वानहाङफुङ सात्रेहरूको पुर्खा भएको देखिन्छ । तुम्वाहाम्फेले वंशावलीमा राखेको उनीहरूको मात्रै पुर्खा प्रष्टीदैन (परिशिष्ट ३)।तसर्थ यदि मञ्जितको वाउ आतहाङ भए वारम्बार आतहाङको नाम दोहोरिएर लालमोहर, कास्यरूक्काहरू जारी हुदैनथ्यो । अझ आतहाङ पछाडी पडयाङ राय जस्ता शब्द जोडिएको पाइएको छ । यद्यपी १८३१ ताका गोरखालीको अधिनपछी फेदापमाआतहाङ र मञ्जित दुइजनाको शक्ति चलखेलमा भुमिका देखिन्छ । त्यस पछि दुवै जनालाई नै पालै पालो लालमोहर, रूक्काहरू प्रदान गरिनाले एउटै नजिकका वंश जस्तो देखिन्छ वाउ छोरा जस्तो नदेखिएर जेठाकी सम्पूर्ण फेदापको सुवांगीको प्रतिनिधित्व चही आतहाङले गरको देखिन्छ । किनकी वि.सं. १८४० मा थुमथुमका शासकहरू रैन सिंह राइ, श्रीदेव राई, शुभवन्त राई सँगै आतहाङ राईको नाममा २५२ खुडा, २५ वन्दुक २२७ घना हातहतियार, वाह्य आक्रमणको सामना गर्न केन्द्रिय शासक शाह राजाले प्रदान गरेको देखिन्छ । जसमा पुन आतहाङ कै नाम आएको देखिन्छ । जुन आतहाङको हातहतियार वर्तमान अवस्थामा निजका वंश लिला प्रसाद पडयाङ्गो तेह्रथुम सँग रहेको छ (परिशिष्ट ४) ।

पूर्वमन्त्री काजिमान कन्दङवाद्धारा लिखित कन्दङवा वंशावली (२०४४) अनुसार १८४९ मा दरवारबाट वोलाहट हुदा तोतुवा गई आतहाङवाट सुवांगी फुटाई ल्याएका थिए । तत्पश्चात सुवा श्रीहाङ काठमाण्डु गए भनिएको छ । तथापी लिम्वूवानको सुवामा श्रीहाङ पछिल्लो समय देखिन्छ इतिहासमा उनको नाम मुकुन्द सिं (मञ्जीतको छोरा ) सँगै देखिन्छ । वि.सं. १९०५ मा लिम्बूवान किपट भूमीको नापजाच गर्न आएका शिवदल खड्काले म्याङलुङ देवीमा चढाएको नगद जिन्सि फेहरिस्त भएको कागजमा आगे सुवा श्रीहां उल्लेख छ ।भने श्रीहांको नाम मोराहाङको श्रीमाने डाडा आसपासको खर्क ६ रायले दावी गर्दा सात्रे श्रीहां सुवाका नामले उक्त खर्क नेपाल (काडमाडौ) बाट सदर गरी खर्क खापुङ्गहरूमा अंशवण्डा  गरी दावी गर्ने छौरेहरूलाई मोराहाङ्गमा खेत दिएको देखिन्छ । उक्त कागजमा

उल्लेखित खापुङ्गहरूको किपट षिरैाले षर्क, श्रिमान डढेलो , डागिभ्कोर ,भालु खोक/खोप,जलजल्या पोषरी ,भुसुने देखिन्छ ।खापुङ्गहरू विच विशेषत सुवा लुम्वा र सुवा विमान विच खर्कमा भ्कगडा पर्दा सुवा श्रीहांले १९०६ मा सहि मुचुल्का लेखी सहीछाप गरिदिएको देखिन्छ ।

मंजित राईलाई वि.सं. १८३७ सालमा वार्षिक ६० रूपैया सिर्तोक वा तिरो तोकी सुवांगी प्रदान गरिएको थियो (परिशिष्ट ५) ।वि.सं. १८४७मा तोतुवा राईलाई सुवांगी दिइएको छ । वि.सं. १८६० मा रणवहादुर शाहको पालामा आठराई थुमका किदाहाङ राई, ततुवा राई, फेदाप थुमका आसार सिंह राई तथा तुम्याङ तराई राई फेदाप र आठराई थुमको सम्पूर्ण क्षेत्रफल आगट्ने गरी चारकिल्ला वाधी सामुहिक रूपमा सुवांगी प्रदान गरेका थिए । उक्त रूक्काको पूर्णपाठ निम्नानुसार छ :

स्वस्ति श्री.. आगे आसारसिं, तुम्याङईतराई, किदाहाङ राई, ततुवा राई के हिजो तंम्रा बाबावाफ ज्यादा देखि सेनका पालामा साँध किल्ला गरिदियाको फेदाप घड्यारी सेङसेङरुम्वा देखि पूर्व तमोर देखि पश्चिम मछवुवा खोला देखि दक्षिण लुमु खोला (-लम्वू) देखि उत्तर इति ४ किल्ला भित्रको जग्गा जमिनमा भाइ सरहका रीति सुवांगी आजतक गरी आयाको रहेछ तसर्थ हिजका वमोजिम थितिरिती थामी वकस्यौ आफना खातिरजामासँग थितिरिती जमिन जानी दस लिम्वूवानका सरहसँग भोगेगर सेवाटहलमा रुजु रहनु इति संवत् १८६० साल मिति मंसीर वदी ३० रोज २ शुभम्  (इङनाम, २०७०:८१)। त्यस्तै राजा गिवार्णयुद्ध बिक्रम शाहको पालामा वि.सं. १८६७ मा छथर थुमका रामजित राई, रामव्रि सिंह राई इसदल राई लाई सुवांगी दिइएको पाइन्छ । उक्त लालमोहरको वेहोरा निम्नप्रकारको छ ।

स्वस्ति आगे रामजीत राई, रामव्रिसिं राई, हसदल राई के फकुवा जसिंकोट डाँडा उत्तर नुभु षोला दक्षिण हुऱ्या षोला पूर्व तमोर पश्चिम यति चार किल्लाभित्रका जिमी अघि तम्रा जिजु वराज्यूले साँची चर्ची आजतक षाई वेहोरी आयाको घर घडयारी रछेवुं छोदन याकसिंजो मांवायाक तुम्मरपानी तस्को लगापातसमेत तम्रा थिति वितिका मोहर वमोजिम थामिबक्स्यौं । खातिरजामासित हाम्रा निमषको सोभ्को टहल गरी आफ्नु जिमी किपट जानी भोग्य गर । इति संवत् १८६७ साल मितिः फागु सुदी ६ रोजशुभम् (इङनाम २०७०:८१,८२)

गीवार्णयुद्ध विक्रम शाहको वि.सं. १८६० र १८६७ को रूक्का एवं लालमोहर हेर्दा वर्तमान तेह्रथुम जिल्लाको सम्पूर्ण भुभागको सुवांङ्गी ७ जना देखिन्छ भने राजा राजेन्द्र

विक्रम शाहका पालामा वि.सं. १८७७ मा फेदापका मज्जित राई, चित्रु राई, येरुहाङ इन्द्रजित, मयाई राइ र वि.सं. १८८५ मा मानराई, थुलिहाङ राई, जसकर्ण राई, कर्ण राई लाई एकै व्यहोराबाट सम्वोधन गरी फरक फरक किस्ता रकम तोकी लालमोहरद्वारासुवांगी दिएको देखिन्छ । फेदाप थुमका मुकुन्दसिंबाट करविर राई, येलोहाङ इन्द्रजित, मुचेइ राई, वन्दमानराईले पगरी फोडी नयाँ सुवांगी प्राप्त गरेका थिए । त्यसरी सुवांगी फोडी फुटी सुवा हुनेहरूलाई राजा राजेन्द्रबाट वि.सं. १८८४ मा सुवांगी प्रदान गरेको पाइन्छ । प्रदान गरेका लालमोहरमा निजहरूका पिता पुर्खाको पालादेखी चर्ची खाएको जग्गा वापत सालवसाल जम्मा मोहोर रुपियाँ ४३३ कम्पू पल्टनमा दाखिला गर्न आदेश गरिएको छ । ( तुम्वाहाम्फे वंशावली २०६२:२८४-८५) तथापी यो संख्यामा बढ्ने देखिन्छ किनकी केही मात्र सेनकालिन सुबांगी शाहकालमानबिकरण भएको र शाहकालबाट नयाँ सुबांगी पाएकाहरू ति ७ जना देखिन्छन् भने अधिकांश छुटेका छन् जसमा मोराहाङ्गकै खापुङ्गहरूको सुबांगी छुटेको देखिन्छ। पछिल्ला शासकहरूले तेह्रथुम जिल्ला (पुरानो आठराई, फेदाप र छथर थुम) क्षेत्रमा सुवांगी दिदै वि.सं. १९३७, हुदै १९९७ साल सम्मका नापीमा ८०४ जना सुवाहरू भए । यसरी वि.सं. २००० मा समग्र लिम्वूवान भुमीको किपटमा ८००० आठ हजार सुवाहरू भई निजहरूले चढाएको किपट भूमि रैकर भयो (इङनाम २०७० :२९१) ।

वि.सं. १८३७ देखि वि.सं. १८८४ सम्म सुवांगी प्राप्त गर्ने एक प्रकारको तौर तरिका थियो । यस विचमा सरकारबाट सेनकालवाटै प्रदान गरिएको सुवांगी तथा जमिनलाई समर्थन निरन्तरता नवीकरण मात्र गरेका थिए । सो समयसम्म निश्चित भुमाग तर धेरै क्षेत्रफल ओगट्ने गरी तोकिएको रकम किस्तावन्दीको रूपमा सरकार समक्ष वुझाउने गरी सुवांगी प्रदान गरिन्थ्यो ।

**तालिका नं. १**

**तेह्रथुम मोराहाङको मौजाको विवरण**

| क.सं. | लं. | मौजा | सुवा | ति.सु | राई पगरी | ठि.सु | राई | कर्ता | कारवारी | बुढयौली | गाउँ वुढा | पगरी | डोके भाइ | सुवांगीमा चढाएको खेत | थरी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | १४७ १६६ | मुराहङ | ८ | १० | १ | १ | ८ | ६ | ९ | ३ | - | १ | १३ | १/८० | १३ |

१९९७ सम्म दर्ता ढड्डामा भएका (इङनाम २०७० : १४४)

## तालिका नं. २

| मौजा | सुवांगीमा चढाएको खेत | कम्पुमा लेखिएको खेत | जङ्गिमा लेखिएको खेत | टागो ब षेत | टटुवा वेषी षेत | झारा वदे षेत | नितिवदे षेत | ढाक्रेघर |
|---|---|---|---|---|---|---|---|---|
| मुराहङ | १/८० | २/३/२ | १/७१/१ | /२७/१७ | - | ४/६८/० | /३/० | १२५ |

वि.सं. १९३७-९७ सम्म किपट भुमीरैकरमा दर्ता भएको (इङनाम २०७० : २५९)

**नोट :**

२० पाथी १मुरी, ४ मुरी १ रोपनी, १०० मुरी =१ षेत पुरानो मुलुकी एने,

## तालिका नं. ३

| सि.नं. | ल.नं. | १६ मौजा मोराहा | सरकारमा चढाएको माटो | ठिङ्गे सुवा | थरी संख्या | दर्ता मिती | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १४७ | ति.सु विहार सिं जिम्मा | | | १ | ३७ साल | |
| २. | १४८ | ति.सु नरवीर | | | | ३७ साल | |
| ३. | १४९ | ति.सु भगिश्वर | | | | ३७ साल | |
| ४. | १५० | सु पञ्चकर्ण | | | | | |
| ५. | १५१ | ति.सु रूपसिं | | | | ३७ साल | |
| ६. | १५२ | ति.सु ठिकासिं | | | | ३७ साल | |
| ७. | १५३ | सु पृथदल | | | | | |
| ८. | १५४ | सु तिङ्ग | | | | | |
| ९. | १५५ | राई रङ्गध्वज | ३० | | | ५० साल | |
| १०. | १५६ | सु. चन्द्रहा | | | | | |
| ११. | १५७ | ति.सु जैवहादुर | | | | ३७ साल | |
| १२. | ११४ | सु वागविर | | | | | साविकमा कम्पु भनी लेषियाको |
| १३. | ११५ | सु. जैमान | | | | | |
| १४. | ११६ | राई गइए सिं | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५. | १२० | सु. मयन्सी | | | | ३७ साल | |
| १६. | १२१ | सु. टिकाहां | | | | | |
| १७. | १२२ | सु. हांङराज | | | | ३७ साल | |
| १८. | १२४ | सु. माहाजीत | | | | | |
| १९. | १२६ | सु. छविलाल | | | | ३७ साल | |
| २०. | १४७ | सु. रन्जवीर | | | | | ४/३/२१ म पोकलांथु यही परेकोले ३/१०/२२ मोर ९९/७/२० मिनाहा |
| २१. | १४७ | ठि.सु. कर्नपाल | | | | | |
| | | | ३० | १ | १३ | | |

(इङनाम २०७० : १२६, १२७)

वि.सं. १८८४-९१ मा तेह्रथुम लगायत पल्लो किरात लिम्बूवान क्षेत्रमा सुवांगी प्राप्त गर्न तरिकामा सरकारले नयाँ नीति अवलम्वन गरेको पाइन्छ । सो समयदेखि सुवांगी प्राप्त गर्ने किपटिया लिम्वूहरूले आफ्नो केही किपट भूमी सरकार समक्ष चढाउन पर्ने भयो सो अनुसार सरकारमा रु ३० उठ्ती हुने ६० मुरी माटोको माटो खेत र वहाली सलामी वापत रु ५२ चढाएमा सुवा र १५ उठ्ती हुने ३० मुरी माटो खेत र वहाली सलामी वापत रु २६ चढाएमा राइपगरी र माटो मुरी चढाउन नसक्नेले वहाली वापत रु ५२ सलामी र सालवसाल वापत रु १- थपगरी वार्षिक रु ७/५० तिरो वुझाउनेलाई तिरुवा सुवा हुने व्यवस्था थियो । सुवाको अमालमा ६ जना सहयोगी मध्ये एक जना राई पदवी हुन्थ्यो त्यही राई पनि वि.सं. १८९१ पछी तोकिएको माटोमुरी चढाइ सुवांगी  पाउन निवेदन दिदा रूक्का आदेशबाट सुवांगी पाएको देखिन्छ । स्मरणीय कुरा के छ भने सुवाका सहयोगी लगायत भैयादहरूले पनि तोकिएको माटो नगद चढाई सुवांगी पाउने व्यवस्था थियो ।

## ५.१.१ सुवा भेगिदार जिम्मा

सुवा.बिमानको नामचैनपुर अम्वलमध्ये फेदाप मोराहां मौजाका जैमान सुवा पंचकर्ण जिम्माको  बि सं १९२८ को कागजमा उल्लेख भए अनुसार उनी फुटी सुवा १८९१ सालमा भएको देखिन्छ  उनी सुवा हुदा चढाएको माटो /४० मुरी काहुल्या ढुंग्या २ ठाउँ गरी भनेर

उल्लेख गरेको किपटबाट रैकर भएको जग्गा भोगचलन श्रीकृष्ण पाध्याको नामबाट तिरो तिरिज बुझाइएको पाइएको छ (परिशिष्ट ६)।

तालिका नं. ३ को ल.नं. १५३ सु. पृथदलको पुर्खा विमान सुवाको रूपमा देखिन्छ ( परिशिष्ट -२०) भने विमानका बुबा भेगीदार सुवा नै देखिन्छ। जो भेगीदार तालिका नं. ३ को ल.नं. १५६ सुवा चन्द्रहाङ खापुङ्गका पुर्खा जिजु बाजे हुन्।भेगीदारका दुई छोराका नातीहरू सुवा पृथदल र सुबा चन्द्रहाङ हुन्। चन्द्रहाङको सुवांगी जुन दर्ता मिति १९३७ भन्दा अगाडि भएको हो भने सम्भवतः भेगीदार सुवाको उत्तराधीकारीको सुवांगीहो (परिशिष्ट - २१)। यो जिम्मामा धेरै जमिन किपट देखिन्छ भने विमानको कान्छा भाई केतिकहाङका सन्ततीहरू मोराहाङ्ग छोडेर खाम्लालुङ कोयषोला वसाई गएको देखिन्छ। सुवांगीमा माटोमुरी चढाए पछि विमानको भाइ कान्छा वसाई गएको देखिन्छ। उत्पादनको स्रोत जमिन रैकर भएपछि आफ्नो अंश किपट नै पर्ने हुनाले सुवाङ्गीको असर अनुरूप केतिकहाङ मोराहाङको सम्पूर्ण किपट छोडी कोयाखोला गएको देखिन्छ। विमानको पछिल्लो पुस्तामा पृथदलका नाती कुवेर सिं खापुङ्ग र चन्द्रहांको छोरा जंगविरहरूले रैकर हुदापनी वाकी रहेको जमिन भुमीसुधार पछी वेचिएको देखिन्छ। मैले कुवेर सिं खापुङ्गसँग अन्तवार्ता लिदा उनको कथन यसप्रकार रहेको छ।" वुवा सुवेदार भोगविर वितेपछी आयस्रोत नभएकाले छोराछोरीलाई विशेषत पढाउन घर खर्च गर्न जग्गा वेच्नु नै विकल्प रह्यो। थुप्रै भाइहरू त्यो थातथलो घरमा नबाज्दा (मर्दा) पनि पुर्खाको जमिन घडेरी घर भनेर बसी रहियो।" उनका धेरै जग्गा वर्तमान गौतमहरूले धेरै किनेको पाइन्छ। यसरी जमिनहरूसुवांगीमा चढाउँदै, वेच्दै गर्दा विमानको सन्ततीहरूले धेरै जमिन वेची अहिले कम देखिन्छ। भने जंगविरले वाहुन छिमेकीसँग ऋण खादाको कहानी गाउँघरमा वताइन्छ। छोरा वेलायती सेना भए पनी जंगविरले भएको हदवन्दीपछी वाकी रहेको जमिन छिमेकी वाह्हाते भट्टराईलाई राम्रो ५५ पाथीदेखी ६० पाथीको विउ लाग्ने एकै प्लट राजीनामा वेचेको देखिन्छ। कहावत अनुसार सुवांगीमा मौलो हान्दा ल्याउनु पर्ने रागा खसी छिमेकी घरबाट, विवाह मरण हुदा खसी रागाँ, धान, मकै, कोदो आदि जति पनि ल्याउदा ऋणबाट ल्याउनु पर्ने तत्पश्चात अरु आयस्रोत नभएकाले अन्ततः षेत राजिनामा भुमीसुधार पछी गरिदिइएको पाइन्छ। वि.सं. १९६० पछी लिम्वू किपटियाको षेत राजिनामा हुदैनथ्यो। त्यसैमा बढ लिदा धेरै पुगिसकेको हुन्थ्यो। धेरै बढ लिएर पैसा खाने सुवाहरूले राजिनामा नै पास गरिदिएको देखिन्छ।

### ५.१.२सुबा जैमान जिम्मा

ल.नं११५.सुबाजैमान पञ्चकर्णका बुबा देखिन्छन् ।आङबङ्गडाँडाँ गाउँमा भएको कागज हेर्दा सु. जैमानको नाम बि.सं १८७० मा पाक्सोरेहाङका नातीहरूको नाम उल्लेख संगै पाक्सोरेहाङका भाई हिमहाङका खनाती उनीउक्तकिपटको अंशियारीको रूपमा देखिन्छ ।जैमानको जेठा बाजेका छोरा भेगिदार जो मावली माझ किरातमा बसेकोमा सु.लुम्बाका बुबा जस राय , ६राय हरूले फेदाप भित्रको जग्गा दाबीका साथ किल्ला हाली मोहर गरेपछी,७ रायहरूले गरेको मुद्दामा उनी नेपाल जादा भेगिदारलाई ल्याएको देखिन्छ ।जुन कागजले अरुण देखी उता माझ किरात सम्बोधन भएको प्रष्टिन्छ ।पछी नेपालबाट ७ रायको पक्षमा फैसला स्वरूप अघीका भोग चलन अनुशार खानु पर्ने मोहर देखिन्छ भने ६ रायहरू लगायतलाई७ रायको किपटहरूमा केही अंशबंडा गरेको पाईन्छ ।सु पञ्चकर्ण बि.सं १९२७ मा चैनपुर अम्वलमा फेदाप थुं मोराहांको पुरानाषेत र नयाँबढ विह्लौटा जिम्मेवारी तिरिज कागजलाई अध्ययन गर्दा सु जैमानको पञ्चकर्ण जिम्मा उल्लेख छ जहाँ कम्पु ,पल्टन श्रीजङ्ग, झारा नीति वदे, सुवांगीमा चढाएको षेतको वढ, कुत, लगायतको टिपोट हेर्दा पञ्चकर्णले बुबाको सुवांगी आफ्ना नाउमा सारेको देखिन्छ । पछी बि.सं १९५० को जाचमा ल.नं १५० सुबा पञ्चकर्ण जिम्मा उल्लेख छ । उनीबाट पनी फुटी सुवा भएको देखिन्छ , उनैका काकाको छोरा सु. टिकाहां (रायमानका छोरा) पनी पुरानै सुवा देखिन्छ । पुरानो कागज तमसुक जुन बि.सं १९१७ मा उल्लेख हुदा जैमान मात्र सुवा भएको देखिन्छ ( परिशिष्ट ७) । रायमान राई नै देखिन्छ । तसर्थ उनी या उनका छोरा टिकाहां माटोमुरी चढाएर सुवा भएको देखिन्छ । तालिका नं. ३ मा हेर्दा ल.नं. १२१ सु. टिकाहां उल्लेख छ उनको दर्ता मिती ३७ सालभन्दा अघि भएको देखिन्छ । टिकाहांको नाती रत्नशेर अपुताली भई उनको सुवांगीरायमानको भाइ याक्रुङहाङको खनाती दल ब. खापुङ्गले दामकाम गर्ने सुवा भई अन्त्यमा चलाएको देखिन्छ। वि.सं. १८७७ को सरकारी आदेशले सुवांगी अधिकार पनि वंशाणुगत गराइयो तसर्थ सामन्तवादी व्यवस्थामा सुवाको जेठो छोरा जेठाकी सुवा उत्तराधिकारी हुने हुनाले निकै ठुलो किपट जमिन क्षेत्रको जुन किपट भुभाग सिलिथुंमा खर्क १६ आना पैसा लिई काला ढुङ्गा देखि जैते डाँडाँ देखी येसो सिक्रे पाताल समेत अग्रेषे देखिपूर्व घोने देषिको आसपाससम्म वि.सं. १९१३ देखि १९१७ सम्ममा किपट भूमी जैमान सुवा, रायमान राई, कुरुङहाङ राई, धर्मविर राई, करविर राईले मधु पाध्याबाट क्रमश जैमानले २० गंडि- रु ४०, राइमान २२ गंडी रु ५ कुरुहाङ (गुरुहां) २२ गंडी रु ५, धर्मविर २२ गंडी रु ५, करविर २२ गंडी रु ५ लिएको तमसुक देखिन्छ(परिशिष्ट ७)। यो रकमलाई

हेर्दा सुवाको हक अलिक वेसी जस्तो नै देखियो त्यसैले जैमानले रु ४० लिएको देखिन्छ । उनका दुई भाईले रु ५ का दरले लिएका छन् भने अलिक मास्तिरका धर्मविर र करविरले पनी रु ५ का दरले नै लिईएको देखिन्छ । त्यहाँ असमानता देखा पऱ्यो र उत्पादनका साधन जमिनको आयस्ता माथीको पकडमा असमान वितरण, पहुचमा कमी भएकाले त्यसको प्रतिविम्व एउटै वंश परिवार भित्र नै उच निच सृजना भयो । विभाजनको रेखाकोरी वर्गको पनि उत्पती भयो ।

तिङ्सानन्दका छोरा जैमानको किपटसँगै धर्मविर र करविरको किपटलाई पनी समग्रतामा पाध्यालाई दिइएको देखिन्छ । जुन किपट माथिल्लो पुस्ताबाट हस्तान्तरित भएको हो । त्यो किपटमा जैमानको अंश वढी लागेको देखिन्छ । अन्य भाइहरूको पुस्तापनी मोराहाङ्ग मै किपटमा वसेको तथ्यलाई हेर्दा वाहिर किपट नलिई मोराहाङ मै मात्र किपट अंशवण्डा जस्तो देखिन्छ । तिङसानन्दका सन्ततीहरू वाहिर किपटमा मोराहाङ्गबाट वसाई गएको देखिदैन । भने करविर जलजले बसेको देखिन्छ ,धर्मविरको छोरा नातीहरूअन्य ठाउँको आफ्नो किपटमा मोराहाङबाट वसाई गएको देखिन्छ ( खापुङ्ग वंशावली २०६२) ।

किपट जग्गामा रस्ती चलाई वस्ती वसाई जग्गा आवाद गुल्जार गरी वस भन्ने निर्देशन हुनाले १६ आनीमा दिएको किपट भित्र र अन्यमा पनि वस्ती वसाउनु पर्ने हुन्थ्यो । सोह्रआनीमा दिएको चारकिल्ला किपटमा वस्ती वसाउन थरी (थऱ्याई) राखिएको हुन्थ्यो । थरीले १२ घर रैती वसाएमा पुरै एक रूपैया लाग्ने तिरो मिनाहा हुन्थ्यो । थरीले राखेको रैतीहरूले ३ वर्ष वसेपछी विरौटा जाचँमा दर्ता गरिन्थ्यो र उसले अर्को जाँच नआइन्जेल सम्म विराएको जमिनमा तिरो लगाई सुवाले खान पाउथ्यो । जाँचपछि मात्र सरकारमा दाखिला गर्न पर्दथ्यो । वर्षमा प्रत्येक रैतीबाट ५ जना खेताला र जग्गा किनवेच हुदा रु ५, पुरानोले छोडेर गएपछि नयाँ घरमा रैती वसोवास गर्दा रु ५ सुवाले ठेकी खान पाउथ्यो, आफ्नो जिम्मा भित्रको किपट जग्गा अन्तर्गत वाझो जग्गामा रैती वसाउँदा ऐन वमोजिम रु ५ खान पाउथ्यो । यद्यपी वाझाँ जग्गामा तोकिएको भन्दा बढी रकम असुल गरेर मात्र सो चलानी पूर्जी दिन्थ्यो चारकिल्ला भित्रको किपट राजीनामा फार्स्या नदिएको वखतमा बढ स्वरूप रुपियाँ थप गर्न सुवाले गर्दथे । यसरी सुवाको आर्थिक पाटो मजवुत नै रहन्थ्यो । तथापी सुवाको नजिकका दाजुभाईहरूलाई डोकेभाई भनिन्थ्यो । जसले सुवांगीको अधिकार फुटाउन पाउथ्यो रसुवा र राई वन्न पाउँथ्यो । यसरी डोकेभाईले सुवा हुँदा भएको जग्गा चढाएर ति जग्गा रैकर भएको पाउछौ । जुन जग्गामा डोके भाई वस्न पाउदैनथ्यो । यसरी

माटो चढाएर सुवाहुदा तिरो रु ३ तिर्नु पर्थ्यो । यद्यपी चढाएको जग्गामा गएर वस्दा आफै रैतीहुनु पर्ने पुन तिरो फाल्टै तिर्नुपर्ने हुनाले गैर किपटमा वस्दैनथे, माटो नचढाई रु ५२ तिरी तिरुवा सुवा भएमा वार्षिक रु १ थप सलामीले रु ७/५० तिर्नु पर्ने, सुवा नभएमा जति दाजुभाई छुट्टियो त्यती धुरीकरको रूपमा रु ६/५० तिर्नुपर्ने तिरो निकै महंगो थियो । भने रैतीहरूलाई कम तिरो लाग्दथ्यो । यसरी जति किपट रैकर भयो त्यती वसाई जानुपर्ने हुन्थ्यो । वि.सं. १९१७ सालमा १६ आनीमा वन्धकी दिएको किपट जमिन १९२७ मा ढेकबन्दीमा थन्याई मानी सामान्य न्याय निसाफ सम्मको अधिकार दिदाको तमसुक हेर्दा सु पञ्चकर्ण र सु धर्मविर रहेका छन् भने, करविर मोराहां छोडेर जलजले भएको देखिन्छ । जहाँ जहाँ खापुङ्ग पुर्खाहरू वसाई गए आफ्नै अंशियार किपट भूमीमा गएको देखिन्छ । कमै ससुराली र मावली जग्गा गएको देखिन्छ । यसरी विशाल भुभागको किपट जमिनमा वस्ती बसाउनाले त्यसको जिम्मेवारी अधिकारवाला जेठाकी सुवा हुने हुनाले अंशियारी भाइहरू पुन किपट जग्गाहरूमा वस्नुपर्ने, रुखोपाखोमा खनी खोस्रिनु पर्ने, दैनिकी आय आर्जनहरू केही नहुनाले, रैतीबाट आउने आर्थिक स्रोतको कुनै अधिकार नहुनाले, उसले साहु विशेष वाहुन/क्षेत्री, गैर किपटिया लिम्वू जनजातिहरूसँग ऋण काडेर गुजारा गर्नु पर्दथ्यो । त्यो ऋण व्याजीमा लिएको हो भने उसले दिएको खेतबारी अन्तत ब्याज बढेर खेत सुम्पनु पर्दथ्यो । साँस्कृतिक हिसावले जाडपानी चल्ने हुनाले वाहुनको घरबाट कोदो १० पाथी ल्याएर जाड १० दिनमा खाईसक्ने लिम्वूले भने वाहुनले महिनौ दिन कोदोको खोले र रोटी खाने, खर्चमा व्यापकता विवाह, मरण आदि काममा धेरै खर्च, आदिले एउटै दाजुभाइ भित्र कोही धनीको स्तरबाट गुज्रदै जाने भने कोही गरिवीको रेखा मुनी हुने असमानता श्रृजना गऱ्यो । उत्पादनका साधन (आर्थिक तत्व) माथी समग्रतामा एउटा आंशियारीको पूर्ण अधिपत्यले द्वन्द वंश भित्र सुरुवात हुन्छ । त्यो द्वन्द एक अर्कामा ल्याएको फाटोले आफ्नो जन्मभएको ठाउको किपट भूमी छोडी अर्को स्थानमा रहेको अनकन्टार किपट भूमीमा मानववस्ती योग्य भुक्षेत्रको निर्माण किपटिया खापुङ्गहरूले गरेको पाइन्छ । सुवाजैमान आफ्ना भाईहरूका सन्ततीहरूलाई टाढा रहेको किपटमा अंशियार नबनाई आफ्नै आसपास किपट भुमीहरूमा राखिएको पाइन्छ । भौतिकवाद अनुसार संसार गतिमान हुन्छ । चलायमानरूपमा अनन्त वदली रहन्छ । यो प्रकृती सधै परिवर्तनशिल हुन्छ । मोराहाङ्गबाट गएका खापूङ्ग वन्धुहरूको विश्लेषण गर्दा सामान्य नै देखिन्छ ।

सुवा जैमानको नाम वि.सं. १९०२ सालको कागजमा सुवा भेगीदार र सुवा लुम्वासँगै देखिन्छ (परिशिष्ट -२९)।भने वि.सं. १९१३ को कागजमा पनि सुवा जैमान उल्लेखित छ (परिशिष्ट -२२)। जैमानको छोरा पञ्चकर्णको नाम १९२४ सालको कागज तमसुकमा आउछ (परिशिष्ट ८) उक्त कागजपछी १९२५ साल महाजाचका खेतको जिम्मावारी चैनपुरमा १९२८ मा वुझाएको नक्कल तिरिजमा उल्लेख छ (परिशिष्ट ६)। जसमा थुप्रै जिम्मा उल्लेखित पाइन्छ । जुन तिरिजवाट अध्ययन गर्दा वि.सं. १८९० भन्दा अगाडीको सुवा पञ्चकर्णका पुर्खा देखिन्छन् । वि.सं. १९५० सालको जाँचमा पाखाको मोठ उजार नक्कल कागजमा थुं फेदाप मोरां सुवा पंचकर्ण जीम्मा उल्लेख पाईन्छ उक्त कागजलाई अध्ययन गर्दा १९५० मा उनी नै सुवाजैमानको जेठाकी छोरा सुवा भै वि.सं. १९६२ मा पल्लो किराँत १३ थुम तहशिल अड्डाको कास्यपत्रमा उनले तिरेको तिरो रकम देखिन्छ (परिशिष्ट -३४) । उनीउत्तराधिकारी सुवा रही १९६४ सम्म मोराहाङ्गको दुईवटा थप जिम्मा सु. ल.नं. १२१ टीकासिं जिम्मा र ल.नं. १५१ सुवा रूपासीं जिम्मा साथै कोयाषोलाको सुवा विर्वल जिम्मा र सुवा पर्वल जिम्मा सु. पञ्चकर्ण जिम्मा अन्तर्गत मोठ उजार कागजमा उल्लेखित पाउछौं । टिकासिं जिम्मा उनको काका रायमानका छोरा थिएभने रूपासिं जिम्मा जैमानको कान्छा बाजेको नाती धर्मबिरको जिम्मा देखिन्छ । जुन पल्लो किरात लिम्वूवान १३ थुम माल अड्डा १९६४ को छाप लगाई, धनकुटा गौडाको पनी छाप लगाई सक्कल वमोजिम नक्कल उपलब्ध गराइएको छ (परिशिष्ट ९)। यो कागजलाई हेर्दा अरु दाजुभाई सुवाहरूको सुवांगीको प्रतिनिधित्व पनी तत्कालिन समयमा सु. पंचकर्णले गरेको देखिन्छ । तत्कालिन समयमा सरकार जसरी पनी किपट जग्गालाई रैकर वनाउने दौडमा रहेको हुन्थ्यो भने किपटिया लिम्वू दाजुभाई (डोकेभाई) भित्र प्रतिष्ठाको खातिर पनी द्वन्द भई सुवांगी वन्ने होडवाजी चल्ने गर्दथ्यो । मार्क्सवाद अनुसार एकको दुइमा विभाजनको नियम सवैमा लागु भए जस्तै सुवांगीमा पनी लागु भयो । सुवा विभाजन भई नयाँ सुवा, राई हुदा सरकारलाई फाइदा नै हुने भयो चढाइएको जग्गा रैकर हुने भयो र तिरो सरकारमा जम्मा हुने भयो भने तिरुवा सुवाबाट पनि सलामी रूपैयाँ साथै वार्षिक तिरो बढ्ने भयो । त्यो अवस्थाले थुप्रै सुवाहरूको श्रृजना भयो । सुवा भईसकेपछी चैनपुर तिरो वुझाउने देखि लिएर, सुवाहरूको आर्थिक ह्रास, उनका सन्ततीहरू परदेशीने वाध्यता, आदिले गर्दा सुवाजिम्मा पट्टा वन्धकी वा राजीनामा वेचविखन गर्ने चलनचल्यो तत्कालिन समयमा किपट जग्गाका डोके भाई परदेश गएपनी तालुकदार सुवाले तिरो सरकारलाई रु १

मिनाहा पाई रु ५ दाखिला गर्नुपर्थ्यो। ऊ परदेशबाट आएपछि उसले अंश स्वत पाउँथ्यो । किपटिया तालुकदारले चैत मसान्त सम्म तिरो अड्डामा वुझाइ सक्नु पर्दथ्यो । किपटिया जग्गावालाले समयमा तिरो तिर्न सकेन भने तालुकदारले उसलाई ७ दिनको म्याद दिई ५ प्रतिशत व्याज तिरी वाकी वक्यौता चुक्ता गर्ने उसको हकवाला खोज्नु पर्ने । हकवाला नभएमा अरु लिम्वूलाई वन्धकीमा उसको जग्गा दिइन्थ्यो । त्यती गर्दा पनी असुल उपर नभएमा रैकरमा परिवर्तन गरिन्थ्यो । भने किपटिया तालुकदारलाई वैशाख मसान्त सम्म तिरो नवुझाएमा उसलाई १५ दिनको म्याद दिईन्थ्यो । वाकि वकयौता तिरी तालुकदारी लिन चाहने हकवालालाई ७ दिनको म्याद दिइन्थ्यो १५ र ७ एकै दिनमा प्रकाशित हुन्थ्यो । हकवालाले नगरे अरुलाई दिइन्थ्यो राई लिम्वु वाहेक अरुलाई पनि वन्धकीमा दिइएको पाईन्छ । वाकी वकयौता कसैगरी असुल उपर नभएमा जग्गा लिलाम र रैकर वनाईन्थ्यो ( श्रेष्ठ २०४२:५३,५४)। लिम्वु आफ्नै वंशकोले सुवा लिई थामीदिएमा उसको किपट जस्ताको तस्तै रहन्थ्यो त्यो रैकरमा परिणत हुदैनथ्यो र पछिल्लो पुस्ता किपटको आंशियार भई सुवांगी पुन फिर्ता लिन सक्थ्यो । वि.सं. १९९८ को सनद अनुसार सुवांगी तालुकदारी प्रथा वेच्न नपाइने भयो ।

पञ्चकर्णको जिम्मा सुरुवातीमा ध्वजविरको जेठाकीले केही समय चलाएपछी सुवांगीको मतलब नगर्नाले उनका कान्छा भाई सिरहां/श्रीहांले चलाएको देखिन्छ ।श्रीहांले आफ्ना दाजु जेठा सुवा ध्वजविरलाई बुढाउली लेखाई सुवांगी दामकाम चलाउने धर्मपत्र लेखि सुवांगी चलाएको देखिन्छ (परिशिष्ट -२३) ।सिरहांले खर्कमा बढ लिन नरवहादुरको छोरा मानवहादुर, हांनारायण, वखतबहादुरलाई लगि पैसा लिएर टुहुरा भतिजहरूलाई पैसा नदिदा मान वहादुरले थोरै दिनु भन्दा पनी काका सिरहांले नदिएपछि भाईहरूसँग उठेर पैसा आफूले नलिएको हुनाले नतिर्ने साहुलाई जानकारी दिदै हिडेका थिए । उनको विद्रोह सुरु भैसकेको थियो अन्तरविरोध आफ्नै काकासँग देखिएको थियो । सिरहां पैसा नाङ्लो, मान्द्रोमा सुकाएर वस्ने गर्दथे । भने ध्वजविर, पञ्चकर्णको चैनपुरमा तिरो वुझाउने काम देखी कोयाषोला सम्मको तिरो लिन जान आउनु पर्ने जस्ता विविध कारणले पञ्चकर्णले पालेको घोडामा हिड्ने गर्दथे । घोडा र वन्दुक हरपल लिएर ध्वजविर गाउँ चाहर्ने गर्दथे । सुवांगीको कामदाम गर्ने लगायत जिम्मेवारी वोध नगर्ने, गाउँका दाजुभाईलाई हाप्काइ दप्काई  गर्न सक्ने, धेरै श्रीमती बटुल्ने हुनाले भाइ कान्छा, सिरहांले दाईको सुवांगी आफैले चलाए भने ध्वजवीर मुलघर छोडेर विशाल जंगलको चिप्ली पाखामा गएर वसे । ध्वजविरले

श्रीहांको नाउमा सुवांगी दर्ता गरी भोग चलन गर्नु भनी सुवांगीको छोडपत्र राजीनामा गरी छोरा नातीको नाउमा दर्ता गर्नु पर्छ भनी दाबी गर्ने छैन भनी वि.सं. १९६७ मा भाईश्रीहांलाई सुबांगी अधिकार दिए (परिशिष्ट -२४) । माइला नरवहादुर सोझो थिए । नर व. खापुङ्ग चाडै देहावसान भएपछी ३ भाइ टुहुरा भए । पञ्चकर्ण सँगै मुलघरमा उनीहरू रहे । पञ्चकर्णको देहावसान भइसकेपछी, सिरहां कान्छा काका सँग द्वन्द,सुबांगी मुद्धा गरी अन्तत माइला नरवहादुरको छोरा मान वहादुरले सम्पूर्ण रूपमा सुवांगी आफूमा ल्याएको देखिन्छ । कान्छा सिरहांका सन्ततीहरू सबै आसाम बसाई गएको देखिन्छ । भने जेठा ध्वजविरका छोराहरू मोराहाङ्गमै देखिन्छन् । यसरी सुवांगीको उत्तराधिकारी माइला सन्तानमा सरेको देखिन्छ । मार्क्सवादको सिद्धान्त अनुरूप सामन्तवादी राज्यव्यवस्थामा आर्थिक उत्पादन प्रणाली नै द्वन्दको आधार हुनाले त्यो मौजाको सुवांगीमा आर्थिक आय स्रोत हुनाले ३ भाइ टुहुरोहरूको दिनानुदिन उन्नती प्रगती तिव्र रफ्तारमा वढिरह्यो त्यसको कारण उनीहरूले धेरै संघर्षको जीवन पनी व्यहोर्नु पऱ्यो । झगडा,जेल नेल ज्यानकाण्ड सम्मको मुद्धा खेप्नु पऱ्यो । मान बहादुर खापुङ अरिङ्गालले बाहुनलाई चिलेर मर्दा मारेको आरोप वि.सं. १९९३ सालमा लाग्दा उनका साइला भाइ हांनारायण तत्कालीन इस्टइन्डिया कम्पनीमा सेनाको जागिरमा सुवेदार हुने तरखरमा रही कार्यरत रहँदा मोराहाङ्ग घरमा आएका थिए । साइला हांनारायण इस्टइन्डिया कम्पनी नफर्की धनकुटा जेलमा दाजु मानबहादुर खापुङ्गसँगै गई जेल दुवै जना बसेका थिए भने कान्छा भाइ बखतबहादुर लामो समय मुद्धा चलेपछी  तत्कालीन श्री ३ महाराज जुद्ध शमशेरको दौडाहा सवारीमा न्याय माग्न नेपाल काठमाण्डैँमा पछ्याउदा पछ्याउँदा अन्ततः श्री ३ महाराजजुद्ध शमशेरकोसवारी बग्गी जवर्जस्त समाईश्री ३ महाराज जुद्धबाट हुकुम प्रमांगीको लिखित रूपमा ल्याएर न्याय पाई धनकुटा जेलबाट मानबहादुर र हांनारायण  छुटेको देखिन्छ ।'पल्लो किरातको किपट ब्यबस्था'नामक पुस्तकको पेज नं १७५ मा लेखक  डा. नारायण प्र. संग्रौला लेख्नु हुन्छकी , न्यायमा चित्त नबुझनेले अपिल गर्ने ब्यबस्था अर्न्तगत अदालतले मुद्धा नछिनेमा हुकुम निक्सारी १ नं अड्डामा जानु पर्दथ्यो । सो अड्डाले ४५ दिन भित्र मुद्धाको फैसला नगरेमा वा निराकरण नगरेमा भने श्री ३ समक्ष कराउँन जानुपर्ने ब्यबस्था थियो । उल्लिखित रीत नपुऱ्याई केन्द्रमा वा श्री ३ समक्ष उजुर गर्न जानेको निबेदन माथी कुनै सुनुवाई नगरिनाको साथै भारी (ठुलो) सजाय हुने कुरा बि.सं १९३७ को इस्तिहारमा स्पष्ट उल्लेख भएको पाईन्छ ।उक्त ज्यान मुद्धाबाटमान बहादुर छुटी  आफु निर्दोष सावित

भएकोले मुद्धा लाउनेहरूलाई जेल हाली दिए भने मुद्धा लाउनेका साक्षीहरूलाई समेत जेल सजाए दिलाए उनको लेखा पढी तत्कालीन समयमा अब्बल मानिएको देखिन्छ । उनले धनकुटा जेल भित्र बाटै आफै लेखी प्रतिबादी गरेको देखिन्छ भने उनले रित पुर्बक केन्द्रमा/श्री ३ मा उजुरको निबेदन लेखेको बोकी काठमाण्डौं उनका कान्छा भाई बषत बहादुर गएको देखिन्छ । ३ भाइ मध्येका १ भाई हांनारायण खापुङ्गका छोरा वेदीनारायण खापुङ्गका अनुसार मानवहादुर प्रती दुइ भाईहांनारायण र वखतवहादुरको असाध्यै धेरै मान सम्मान थियो । सु. मान वहादुर १३ थुं माल अड्डा, धनकुटा गौंडा जादा अनिवार्य २ भाईहरूले साथी दिने एउटाले जुत्ता वोकिदिने, अर्काले टोपी वोकीदिने गर्दथे । सुवांगी एउटा जिम्मा भित्रमा प्रशासन हो । लरतरोको सुवाको शासन/न्याय भनेको डाँडाँको टुप्पामा वसेको नाङ्गो ,पखेटा विनाको चरा जस्तो हो । आफ्नो जिम्माको प्रत्येक डोकेभाईले यदी तिरो नतिरेमा आफूले व्यहोर्नु पर्ने हुनाले डोकेभाई सँगको जवरजस्ती तिरो असुल्नु पर्ने हुन्थ्यो । कुनै उपद्रो फटाइ गरेमा कुट्ने पिट्ने, ठिङ्रो मुङ्रो लाउने काम सुवाले गर्नुपर्दथ्यो । जसकारण द्वन्दको सामना भइरहन्थ्यो । त्यो हमेसा हांनारायण र वखतवहादुरले सम्हालेको वताइन्छ । अन्ततः त्यसको श्रृङखलामा जैमानको सुवांगीको पञ्चकर्ण जिम्माको उत्तरधिकारी, हकवालाजैमानका पनातीहरू सु.मानवहादुर खापुङ्ग, सु. हांनारायण खापुङ्ग, सु. वषत वहादुर खापुङ्ग ले संयुक्त रूपमा दशैमा मार हान्ने मौलो जैमानको भाई कुरुङहाङको पनाती पूर्णहाङ (मताने) ले उखेलेर फयालीदिने आदि गर्नाले सुवांगीको द्वन्द मौलोमा सम्म जोडियो (चित्र नं. झ) । सुबांगीले उच निच श्रृजनागर्ने कुरा अघि उल्लेख गरी सके किनकी सुवांगीमा जो सुवा हुदै जान्छ, उसको आर्थिक स्तर सुधिदै गएको देखिन्छ । किनकी सुवासँग अधिकार भएकाले अरुले भन्दा बढी जमिन राख्न पाउथ्यो (कप्लान, सन् २०१०) । जमिन नै उत्पादन स्वरूपको आधार हुनाले विभिन्न चरणमा डोकेभाइहरू भैयादहरू छुटिन्छन्, विभाजन हुन्छन्, जैमानसुवा हुदा उनी भन्दा माथिल्लो पुस्ता आर्थिक स्रोत साधनबाट पन्छीएको देखिन्छ । त्यसपछिजैमान र उनका भाईको चरण विभाजन हुन्छ । पञ्चकर्ण सुवा हुँदा उनका भाई दत्त सिं विच विभाजन हुन्छ । यसरी पञ्चकर्णको जिम्मा मान वहादुरमा आउँदा ध्वजविर र सिरहांका सन्ततीहरू वर्गिय धरातलमा छुटिन्छ । सुवाहुनेहरू अधिकारवाला भएर धनी वर्गमा रूपान्तरित हुन्छन् भने सुवा नहुनेहरू गरिव वर्गतिररूपान्तरित भएको देखिन्छ । मार्क्सवादका अनुशार खास चरण, कालखण्डमा सामाजिक वर्गहरू देखा पर्दछन् । सु. पञ्चकर्णको ५ वटा भन्दा धेरै ठुलो सुवांगी जिम्मासुवा

मानवहादुरले चलाएको हुनाले आफना भाईहरू हांनारायण र वषत वहादुरलाई पनी सुवा दिलाएको देखिन्छ त्यो अधिकारलाई सुवांगी जिम्माको उत्तराधिकारी, हकवाला अधिकार भनिन्छ । वि.सं. १९८७ मा सिमषेत रैकर वन्धकी दिएकोमा (स्मरण वि.सं. १९६० को नियमले षेत राजिनामा गर्न पाइने थिएन) । थप वढ लिएको तमसुकमा सही सुवा मां वहादुर लिम्वू ,सुवा हां नारायण लिम्वु,, सुवा वषत वहादुर लिम्वू भनी ३ भाइको नाम उल्लेखका साथ सुवाले चलाउने आधिकारिक छापको पनी प्रयोग गरिएको छ (परिशिष्ट १३)। लियोनल कप्लानले पूर्वी नेपालमा लिम्वू जातिको किपट र सामाजिक फेरवदल नामक पुस्तकमा लेख्नु भएको छ की "सुवाहरू सरकारको कर सङ्कलक मात्रै थिएनन् । उनीहरू क्षमता अनुसार वंशको प्रमुख, सुमदायका नेता र किपट भूमिको संरक्षक समेत थिए । सुवांगी भन्ने वित्तिकै भुमि सँग जोडिएको लिम्वूहरूको विचित्रको सम्वन्ध थियो ।" सुवा जैमानले वि.सं. १९१७ मा सोह्र आनी पट्टामा चारकिल्ला जनाई दिएको विशाल किपट भुमी वि.सं. १९२४ मा सु. पञ्चकर्णको जिम्मामा आईपुग्दा जैमानको छोरा सु. पञ्चकर्ण र धर्मविरको छोरा सु. रूपान्सींकोमा मात्र आएको देखिन्छ। अरु कुरुङहाङ र करविरको किपट मा स्वमीत्व नरहेको देखिन्छ। भने १९६० मा आएर पञ्चकर्णको भाईहरूमा नगई ध्वजविर र उनका भाईहरूमा किपटको स्वामित्व हस्तान्तरण भएको देखिन्छ। जहाँ रूपान्सींको पनी किपटमाथी हक समाप्त भएको देखिन्छ। ध्वजविरका भाई नरवहादुर र सिरहांले थप वढ रुपियाँ लिएको देखिन्छ । पञ्चकर्णको जिम्माको सुवांगी सु. मान वहादुरमा आएपछी ध्वजविर र सिरहांका सन्ततीहरू किपटको स्वामित्वबाट अलग भई सुवा मानवहादुर र उनका भाईहरूमा हस्तान्तरण भएको देखिन्छ। कप्लानले सुवांगीको भुमी सँग जोडिएको विचित्रको सम्बन्ध भनेको यो प्रक्रिया पनी एउटा हो । सुवाहरूको थुप्रै अधिकारले गर्दा आर्थिक हैसियत मजवुत हुन्थ्यो । जसमध्ये, ठेकी र रैती बसाउँदा लिने दस्तुर, अर्मल( गाइवस्तुले वाली खाएवापत दस्तुर), खर्चरी (किपट खर्कमा गोठ राखे वापत लिने दस्तुर) ,वेठ वेगर (प्रत्येक घरबाट खेती लगाउदा उठाउँदा लिने खेताला), सिसार (सिकार खेले वापत), सुवा मान्ने (लिम्वूहरूको रितभात हुँदा सुवालाई रु ५ र एक वोतल रक्सी राख्नु पर्ने), विधुवालाई लोग्ने खोजी दिए वापत रकम, अर्काको स्वास्नी लगी दिने लोग्नेलाई रु १५ सम्म रु ५ असन्तुष्ट पतिलाई रु दश देखि १२ अमालीले दस्तुर लिन्थ्यो । त्यस्तै जार काट्नेलाई रु ३५ सम्म दण्ड गर्न, अवैध ढङ्गले शिकार गर्ने शिकारीलाई रु ५, वर्षमा प्रत्येक रैतीबाट सित्तैमा ५ खेताला, नापी नआईन्जेल सम्म रैतीबाट उठेको तिरो उसैले

खान पाउँथ्यो । यसर्थ धेरै जिम्माको जिम्मावाला सुवाले प्रसस्त सम्पती वटुलेर धनी हुने भएभने डोकेभाइहरू तिरो पनी कडा तिर्नुपर्ने आर्थिक व्यवस्थापन गर्ने क्रममा भएको किपट जमिन जति आफ्नो हातबाट खुस्कीएर गयो त्यती गरीव हुदै जाने भयो । सुवाको सहायक थरी(थऱ्याई) हुने हुँनाले सोझो सुवालाई ओझेल पारी अत्यधिक धनी भएको पनि पाउँछौ । धनी र गरिवको खाडल रैती र थरी विच झन् धेरै देखिन्छ । थरीलाई १२ घर रैति भए तिरो मिन्हा हुन्थ्यो भने थरीलाई रैतीले वार्षिक खेताला सुवालाई जस्तै सघाउनु पर्दथ्यो । रैतीबाट उठेको तिरो सुवालाई नवुझाई अड्डामा वुझाउँने सम्म गर्दथे(कप्लान सन् २०१०)। चारकिल्लामा राजीनामा भएको रैकर जमिनमा वस्ती वसाउने, तिरो उठाएर जाचँ नआइन्जेल आफैले राख्ने आदिले मोराहांका थरीहरू तत्कालिन समयमा सुवा भन्दा धनी भएका पाउँछौ । सु. मानवहादुरको सुवांगीमा थरीहरूसँग शक्तिको लडाईमा मारामार सम्मको अवस्था देखा परेको थियो ।

उत्पादनका साधनमाथी धनी वर्गको पहुच र प्रभुत्व भएकाले सामन्तवादी राज्यव्यवस्थाको राजनीतिमा तिनै वर्गको पहुच देखियो । भुमीसँगको अविछिन्न सम्बन्धको कारण पञ्चायती राजनीतिमा उनीहरूकै सन्तती राजनीतिमा जमेका थिए । सु. मान वहादुरका छोरा दुर्गवहादुर खापुङ्ग प्रधानपञ्च र सुवा मानवहादुरका नाती गणेश वहादुर खापुङ्गका छोरा यादव खापुङ्ग पूर्व क्षेत्रिय सदस्य तेह्रथुम साथै वर्तमान गाउँपालिका प्रमुख भएका छन् भने सु. मानवहादुरका नाती देवी वहादुर खापुङ्गको छोरा एकलवहादुर खापुङ्ग, पूर्व गाविस उपाध्यक्ष भए मार्क्सवादका अनुसार सामाजिक वर्गहरू रहन्जेल तिनीहरू विच वर्ग सङघर्ष चलिरहन्छ । तर सामाजिक वर्गहरू युग समय अनुशार फेरिरहन्छन् । र वर्गसंघर्षको स्वरूप पनी सोही अनुशार वदलिरहन्छ । भने जस्तै सुवांगीको अन्त्य पछि पञ्चायती राजनीतिमा एउटै वंश भित्र द्वन्द, संघर्ष अन्तरविरोध भएको देखिन्छ । पहिलो कालखण्डमा सु. मान वहादुर खापुङ्गको छोरा दुर्गा वहादुर र सु. वषत वहादुर खापुङ्गको छोरा ललितवहादुर खापुङ्ग आफ्नै काका र तुम्बाका छोराहरू विच राजनैतिक प्रतिस्पर्धा देखिन्छ, जो दुर्गावहादुर मोराहां गाउँ पञ्चायतको वाड नं. १ को वडा अध्यक्ष भइसकेको भने ललित वहादुर खापुङ्ग वडा नं. ५ को वडा अध्यक्ष भएपछी भने तत्पश्चात वडा नं. ६ बाट हां नारायणको छोरा वेदी नारायण वडा अध्यक्ष भएको देखिन्छ । २०४३ सालमा दुर्गा वहादुर वा ललितवहादुरले जित्ने चुनाव हांनारायणको नाती, वेदी नारायणको छोरा शेर वहादुर खापुङ्ग र वखत वहादुरको छोरा युवराज (गेजेङ साइला) पनी चुनावी प्रतिस्पर्धा एउटै

पद प्रधानपञ्चमा लड्दा, मनोज गौतमले चुनाव जितेको देखिन्छ । मनोज गौतम भन्दा यी ४ जना एउटै परिवार खलकको भोट ज्यादा देखिएको छ । मनोज गौतम लगायत प्रधानपञ्च गाविस अध्यक्ष हुने वाहुनहरू पनी अहिलेसम्म थरी सामन्तकै छोराहरू देखिन्छ । यसर्थ यो सामन्तवादी/अर्ध सामन्तवादी राज्यव्यवस्था समाजमा, हिजोकै सामन्त पृष्ठभूमिबाट आएका हरूलाईनै परिवर्तित व्यवस्थामा पनी गाउँको नेतृत्व लिएको पाईयो भने धनी र गरिबको खाडल यथावत वढीरहेको पाइन्छ ।

### ५.१.३ सुबा पृथमान जिम्मा

तालिका नं. ३ मा उल्लेख ल.नं. १२४ सु. महाजित, महालाल खापुङ्ग वंशावलीमा उल्लेख भए अनुसार देखिन्छ । महालालका वुवा पृथमान खापुङ्ग सुवा भएको वि.सं. १९२४ सालको तमसुकी कागजमा पाइन्छ (परिशिष्ट ८) भने वि.सं. १९१३ को कागजमा पनि उल्लेख छ (परिशिष्ट -२२)। पृथमानको सुवांगीमा महालालको छोरा विरध्वज इस्ट इण्डिया कम्पनीमा भर्ती भएकाले त्यो सुवांगी उनका काकाको छोरा मकरध्वजका छोरा कालिवहादुरले चलाएको देखिन्छ । कालि वहादुर जिम्मा वि.सं. १९२५ को तमसुक हेर्दा पृथमाननै सुवा भएकाले उनको सुवांगी हकवालामा सरेर जादा मकरध्वज हुदै कालिवहादुरमा पुगेकामा विरध्वज इस्टइण्डिया कम्पनीका सुवेदार भएपछी त्यो जिम्मा पुन जेठाकी उनमा पुन फर्काइएको पाइन्छ । यसरी शक्तिको श्रोतको रूपमा सुवांगी फर्काउदा अन्तरविरोध द्वन्द भएको पनी देखिन्छ । तत्कालिन अवस्थामा मुद्दा चल्दा पनी जेठा सन्तानमा सुवांगी फर्किएको पाईन्छ । इस्ट इन्डिया कम्पनीको सुवेदार र सुवांगीको ओजमा सुवेदार विरध्वज खापुङ्गको छोरा भिमराज खापुङ्ग प्रधानपञ्च हुदै जिल्ला सभापती हुँदा हुँदै माननिय सम्म भएको देखिन्छ । सामन्तीय राज्यव्यवस्थामा सुवांगीको हकअधिकार उत्पादनका जमिन माथीको नियन्त्रण, पञ्चायती व्यवस्थाको राजनीतिमा प्रतिविम्व भएको देखिन्छ । माननीय भिमराज खापुङका नाती कृष्ण खापुङ्गले अन्तरवार्तामा भन्नुहुन्छ "जति पनी सवै विरध्वजका सन्ततीहरू मोराहाङ्गमा वसेका छन् ति सवैहरूको अंश विरध्वजकै किपट र उनले जोडेकैमा वसेका छन् अरु उनी देखी तल छोरा नातीसम्मका खलकहरू मोराहाङ्गमा थप भूमी जोडेर वसेनन् जिल्ला सभापती, माननिय भिमराज खापुङ्ग समेतले मोराहाङ्गमा थप भुमी जोडेनन् ।

कालिवहादुर जिम्मामा रहेको किपट जगर वगर पनी धेरै नै देखिन्छ । कालिवहादुरका छोरा नारायण प्रसादलाई भुमी सुधार (२०३२) मा नापीहुँदा ९६ रोपनी (८०

रोपनी जग्गा, १६ रोपनी घडेरी) भन्दा धेरै जमिन राख्न नपाइने कानुनी नीति हुँदा हदवन्दी लागेको थियो । त्यती धेरै जग्गाहरू पछी वेचेर नै सकिएको पाईन्छ । टंक खापुङ्ग, नारायण प्रसादका छोराका अनुसार प्राय सवै वेचीसकेपछी घर तलतिरको वारी ,कोठेवारी वेच्न आट्दा उनले अदालतमा गई रोक्का गरेको भन्नुहुन्छ उनको जमिन वेचाइको प्रसंग पनि घत लाग्दो छ । प्रसङ्ग अनुशार, वाहुन साहुको घरमा ऋण लिन जादा गुन्द्रीमा राडी विछयाई दिएर राखी दुःख सुखका कुरा गरेपछी खाना खादा अधिक मिठो धेरै प्रकारका अचार खसी/परेवाको मासु ,दुध, दही, घिउ, सँग खाना खुवाईन्थ्यो । किनकी उनी किपटिया थिए र किपटिया लिम्वुले जग्गा जसले राम्रो मानमनितो गर्दथ्यो उसैलाई परम्पराकालदेखी दिने चलन अनुशार भुमी सुधार पछी पनी धेरै लिम्वूहरूले भुमी वाहुनलाई नै दिएको पाइन्छ । कालीवहादुरको हदवन्दी लाग्ने गरेको जमिन वेचीसकेपछी अन्ततः वर्तमान अवस्थामा आर्थिक उत्पादन प्रणाली सँगको सम्बन्ध टुटीसकेपछी उनका सन्ततीहरूभुमी विहीन हुन पुगेको देखिन्छ ।

वि.सं. १९२५ को महाजाँचमा पल्लो किरात लिम्वूवानमा टेकविर जाँच आयोगले सुवांगी प्राप्त गर्ने नीति अझ खुकुलो पाऱ्यो । १९३७ मा लिम्वूवानमा हस्तवीर जाँच आयो साविकको वहाली सलामी वापत रु ५२/२६ हटाई रु ३० उठ्ती हुने ६० मुरी माटो को षेत सरकारलाई चढाउनेले सुवा भएभने रु १५ उठ्ती हुने ३० मुरी माटो चढाउने राई, खेत चढाउन नसक्ने तर आफूले तिर्नु पर्ने ठेक तिरोमा रु १ थपी सालिन्दा रु ७/५०र दर्ता सलामी रु ५२ तिर्ने तिरुवा सुवा हुने व्यवस्था कायम गरियो । वि.सं. १९२५ को व्यवस्थालाई वि.सं. १९३७, १९४८,१९५०, १९९७ जाच टोलीले पनी सुवांगी प्राप्त गर्ने तरीकालाई यथावत कायम गऱ्यो ।

### ५.१.४ सुबा धर्मविर जिम्मा

तालिका नं. ३ मा उल्लेख ल.नं. १५१ ति.सु. रूपसिं,रूपान्सीं खापुङ्ग वंशावलीमा उल्लेख भए अनुशार देखिन्छ । रूपान्सींको वुवा धर्मविर वि.सं. १९१७ को १६ आनीमा किपट उनी लगायत करविर र जैमान उनका भाई रायमान, कुरुङहाङले मधु पाध्यालाई दिदाको तमसुक हेर्दा धर्मविर राई उल्लेख छ (परिशिष्ट ७)। तत्कालिन अवस्थामा राई लेखेकोमा वि.सं. १९२४ को कागजमा सुवा धर्मविर देखिन्छ (परिशिष्ट ८) । यो कागज अनुसार ५ जनाको किपट क्षेत्रको समग्र भुगोल २ जना सुवाकोमा आएको देखिन्छ । उक्त कागजमा सुवा धर्मविरको छोरा रूपासीं उल्लेख पाईन्छ । वि.सं. १९५० साल जाँचका

पाखाको मोठ उजारको तिरो १३ थुम माल अड्डामा १९६४ मा वुझाएकोमा सुवापञ्चकर्णको जिम्मामा रूपान्सीं उल्लेख रहेको छ । तालिका नं. ३ मा हेर्दा ति.सु रूपसिं (दर्ता मिती १९३७) भएकाले उक्त तालिकामा भएको रूपसिं नै रूपान्सीं ठहरिन जान्छ । १९२४ को कागजमा सुवाभएकाले १९२४ अघि पछि देखिको समग्र सुवाहरूको दर्ता मिती १९३७लेखिएको हुनुपर्छ । वि.सं. १९४२ को तिरीज संयुक्त रूपमा पञ्चकर्ण र रूपान्सींले चैनपुर मालअड्डामा बुझाएको देखिन्छ (परिशिष्ट -२५)। उनै रूपान्सींको नाती महानन्द,वि.सं. १९७७ मा महानन्द उल्लेखित १३ थुम मालअड्डाको कागजमा देखिन्छ ( परिशिष्ट -२६) । यसरी किपटहरू दिनानुदिन रैकर हुदै गएपछि त्यसको फाईदा सुवाहरूले मात्र लिने गर्दथे । डोकेभाइहरू त्यसको मारमा पर्ने हुनाले उनका सन्ततीहरू वसाई गएको देखिन्छ ।रूपान्सींको छोरा हंसरूप भारत राङभाङमा बसाइ गई बसी उतै आजसम्म उनका सन्ततीहरूबसोबास गरीरहेका छन् । रूपन सिं को छोरा हंसरूपको नाममा तिरो तिरेको रसिद देखिन्छ (परिशिष्ट -२७) । उनका भाई मेघनाथ पनी वसाई गएको देखिन्छ । वि.सं. १९६० को तमसुकमा हेर्दा जग्गा रैकर हुने क्रम दिनानुदिन वढिरहदा राजिनामा छिन्ति दुई सुवाले गरिनसकिएको पाइन्छ । पुन ऋण पञ्चकर्णले लिएको देखिन्छ । तत्पश्चात वाँकी रहेको सम्पूर्ण किपटको जिम्मा ध्वजविर र उनका भाईहरूमा हस्तान्तरण भएको देखिन्छ । यसर्थ राजीनामा छिन्ति नभएको जग्गामा सामन्तको प्रतिनिधित्व किपटिया सुवाको नै रहन्थ्यो भने राजीनामा भएका भुमीहरू थरीको हातमा जान्थ्यो ।रैकर जग्गामा किपटिया लिम्वूहरू वस्दैनथे । भने डोकेभाईहरूले रैतीहरूसँग अरु ठाउँको किपट षेत, राम्रो जग्गा वन्धकीमा राखी जीवन गुजारेका पाउँछौ ।

लियोनल कप्लान लेख्नुहुन्छ “सबै वाहुन साहुहरू लिम्वू आसामीहरूलाई वर्वाद गर्ने दरिलो अभ्यासहरूमा व्यस्त थिए । वन्धकी लगाएको भूमिमा अर्को चलाखीपूर्ण छलकपट गरिएको थियो । त्यसमा साहुले थोरै ऋण उपलब्ध गरायो र हस्ताक्षर विशेष गरेर किपट मालिकको औठाको छाप प्राप्त गरिसकेपछि रकममा थोरै सुन्यहरू थपे या, मासु भात मिठो खाने कुराहरू दिएर थरी लगायत बाहुन साहुले ० एउटा होथपु भन्यो सुवाले जावो १ वटा २ वटा सुन्ना के नै हो र भन्यो, केही महिनापछी पैसा वुझाएर जग्गा फिर्ता लिन आए किपटीया लिम्वू त्यसवेला उसले भन्यो पैसा त पुगेन ? किन थोरै पैसा ल्याउछौं र जग्गा फिर्ता माग्छौ ?प्रमाणले धितो रकम पाच सय छ भन्छ तिमी मलाई पचास रूपैया ल्याइदिन्छौ । के म मुर्ख हुँ ? भनेर जाली तमसुकले किपट लिम्वू मालिकका लागि ऋण

तिरेर उसको भूमि फिर्ता लिन असम्भव वनायो"(कप्लान (नेपाली अनुवाद) सन् २०१० : ६७)।

तालिका नं. २ हेर्दा मोराहाङ्ग मौजामा धेरै जमिन रैकर भएको देखिन्छ । वि.सं. १९९७ सम्ममा सुवांगी, जंगी, कम्पु, टागो वकसयाउनी, झारावदे, नितिवदे गरी लगभग ८ खेत=८०० मुरी+ २५२ मुरी +२० पाथी जम्मा जम्मी १०५३ मुरी, एकहजार त्रीपन्नमुरी अन्न फल्ने खेत रैकर भएको पाउँछौ । भने पुरानो मुलुकीऐन अनुशार ४ मुरीको १ रोपनी हुने । यि भुमीहरूमा विशेष वाहुनहरूको प्रमुख पहुँच भने अन्य क्षेत्री र कम जनजातीहरूको पहुँचमा देखिन्छ । पाखावारी खर्कहरूको तिरो थरीले वुझाउने गर्दथे । उनीहरूले सुवाकोमा नवुझाएर सिधै अड्डामा वुझाउने पनी गर्दथे । सोह्र आनी टक्र्याएर केही रकममा व्याजको तवरमावा समय भाखाको तवरमा जग्गा राजिनामा छिन्ती प्राप्त गर्दथे । किपटिया सुवाबाट खोसी सकेपछि ती जमिनबाट उठेको तिरो देखि सम्पूर्ण फाईदा थरीको हुन्थ्यो थरीलाई रैतीहरूले मान मनितो गर्नु पर्ने वार्षिक रूपमा खेताला सित्तैमा सघाउनु पर्ने, थरीलाई रु १ लाग्ने तिरो १२ घरभन्दा वढी रैतीभएमा मिनाहा तिरो रु १ हुने आदिले गर्दा थरी धनी हुने क्रम दिनानुदिन वढिरहन्थ्यो ।मोराहां थरीहरूको राणाकालिन समयमा धनकुटामा राम्रो पहुच वनाएकाले वाहुनहरू धनी भएको देखिन्छ । आगे पुरानीया सुवा लुम्वा खापुङ्गले रु ४०० मा भुसुने नागी उधो ईकवा खोला दषिन चैते डाँडाँ उत्तर लगायतको विशाल किपट श्रीकृष्ण पाध्यालाई १६ आना खाई भोग गर्न दिएको देखिन्छ जो लुम्वा मोराहाङ छोडेर डाँडागाउँ आङवुङ गएपछि पाध्या भट्टराईहरूले ती जमिन आफ्नै कब्जामा , आफ्नो हक अधिकारमा राखेको देखिन्छ (परिशिष्ट -३६)।सम्भवतः उनीहरूले वि.सं. १९५८ अघि राजिनामा ठुलो भूक्षेत्र लीएको देखिन्छ । जग्गा दिने खापुङ्गहरू आङवुङ डाँडागाउँमा खुम्चिएर गरीवीमा रेखाङ्कीत भइरहेका छन् भने लिने भट्टराईको जनसंख्या वृद्धि भई धनाड्यमा उक्ली वारीपारी टाढाटाढा गाउँ ठाउँ र शहर देश विदेश पुरै भरिएको पाइन्छ ।पूर्वी नेपालमा टिनको च्यादर लगाउने थोरै मान्छेहरूमा वि.सं. १९९५ सालमा वेदनिधि भट्टराईले धनकुटाबाट कर्मी लगाई घर वनाई च्यादरको छानो लगाएको वताइन्छ । (राम भट्टराई सँगको अन्तरवार्तामा वताए अनुशार) उनको समयमा मोराहाङ्गको भुमीमा अधिकांश पौठाक र श्रीजुङ्गका किपटिया लिम्वूहरूको धेरै जग्गा जमिन र मोराहाङ्गका खापुङ्गहरूको पनी राजीनामा फार्स्या छिन्ती उनको स्वामीत्वमा रहेको पाउँछौ । उत्पादनका साधन जमिन धेरै हुनाले २०१२ सालमा बेदनिधी भट्टराईलाई मोराहाङ्ग मौजामा नै गोली ठोकेर मारियो

जसवेला १७ जनाको नाममा मुद्धा पर्दा उनका भतिजाहरू पनी किटानीमा परेका थिए । । यद्यपी भतिजाहरू केही वर्षपछी जेल मुक्त भएको पाउँछौ ।बिशेषत उनका भतिज जोखे भट्टराईको कर्तुत सुनाईन्छ। २००७ सालपछीको लुटपाटमा लाव्री पौठाक लगायतका लिम्वूहरू लुटपाटमा आउँदा पुण्य प्रसाद भट्टराईको घरमा आई लुटपाट सुरु गर्दा गर्दै मोराहाङ्गका लिम्वूहरूले खेदाई पठाए पछी वेदनिधीको घर लगायँत अन्यमा प्रवेश नभएको वताइन्छ । आसिकराम जिम्माका थरी विष्णुभक्त गौतमको पनी तत्कालिन अवस्थामा अत्यधिक सम्पतीभएको वताईन्छ । तत्कालिन समयमा ४ तले ,धनकुटाका कर्मी मार्फत झिँगुटी घर वनाएका थिए । आफ्नो सम्पती १ लाख भएको दावी गरी लखपतीमा दर्ता हुन खोज्दा १ लाख नपुगेको कहावत छ ।लखपतीलाई तत्कालिन राणा कालमा  सिपाई मार्फत नै सुरक्षा दिईन्थ्यो । उनीसँग कोवेकका लिम्वूहरूका धेरै किपट भूमी रहेको थियो । २००७ सालको आन्दोलनमाकोवेकबाट आएका लिम्वूहरूले पुरै लुटपाट गरेर सवै वन्धकी राजीनामा लगायत कागजपत्र लुटेपछी भुमीमा विष्णुभक्तको स्वामीत्व रहेन ,रहेको वन्धकी कागजहरूपनी उकासेकाले अन्ततः राणकालमा लखपतीमा दर्ता हुन दावी गरेका संभ्रान्त मर्ने वेलामा गरीव हुदै थिए  (राम भट्टराई अनुसार मोराहाङ्ग)। एक अर्थमा रैकर जमिनहरूको उत्पादीत आय स्रोतहरू उनीहरूमा केन्द्रित हुनाले, थरीहरूको शोषणको स्थानिय स्तरमा कुनै पनि उपचार नभएकाले वाहुन थरीहरू र उनका नजिकका पारिवारिक नातेदारहरू दिनानुदिन संभ्रान्त भएको देखिन्छ । सान्दार महल वनाई झिंगटी छाना लगाएर नातिनी भन्दा कान्छी विहे गरेर, नाती भन्दा धेरै कान्छा छोरा छोरी जन्माई वहुविवाह गरी जीवन गुजारा गरेको पाउछौं । राणकालको समयताका मोराहाङ्गमा २० वटा भन्दा ज्यादा झिंगटी घरहरूमा सवै वाहुनहरूको देखिन्छ । भने लिम्वू खापुङ्गमा सुवा नरविरको मात्र झिंगटी घर पाउँछौ । राणाकालमा धनी सामन्तको डन्डीकेटर झिंगटी घरलाई लिनसकिन्छ । वाहुनहरू त्यती कोदोको प्रयोग गर्दैनथे उनीहरूले रैती वसाएका हुनाले रैती मार्फत काम लगाई प्रसस्त अन्न राख्ने गर्दथे । लिम्वूहरूको अधिकांश भुमी वाहुन साहुको मै खर्चिलो परम्परा स्वभावले वन्धकीमा हुन्थ्यो त्यो मार्फत वटुलिएको धान रैतीहरू लगायत लिम्वू किपटिया समेतले लगि व्याजमा वर्ष भरीको कमाई तिर्दा तिनै साहुहरूको ढिकुटीमा जम्मा हुन्थ्यो । अन्नमा २५ प्रतिशत सम्म व्याज लगाएको देखिन्छ । भने वाहुन साहुहरूले ३/४ वर्ष सम्म कुहिएर जमेको कोदो कोदालोले चपरी चपरी झिकेर लगी जाड पकाएर २५% व्याजमा खाने गर्दथे । यसरी मोराहाङ्ग मौजामा धनी र गरिवको खाडल लिम्वु खापुङ्ग भित्र पनी थियो

त्यसको साथ साथै झनै ठुलो वर्गिय उत्पीडन, विभेद, शोषण थरी वाहुनहरू र रैतीहरूमा र छिन्नभिन्न किपट भुमी भएका डोकेभाई लिम्वूहरूमा भएको देखिन्छ ।

### ५.१.५ सुबा नरविर जिम्मा

वि.सं. १९३७ मा दर्ता भएका खापुङ्ग सुवाहरूमा नरविर तिरुवा सुवा तालिका नं. ३ को ल.नं. १४८ अनुशार देखिन्छ । उनले वि.सं. १९३७ मा रु ५२ सिर्तोक चढाई वार्षिक १ रूपैया सलामी चढाई रु ७/५० चढाउने गरी तिरुवा सुवा भएको देखिन्छ । सु. नरविरको वारेमा जानकारी लिदा उनका बुबा सहरजीत ओयाकजुङ्ग नेवाइमा देखिन्छन् (परिशिष्ट - २८) । भने सहरजितको बुबा नुबोहां नै नेवाइ थिए । नेवाइबाट मोराहाङ्ग वसाई सरी मांसारूप जमिनमानरबिर आई सवै उनैका सन्ततीहरू फैलिएको देखिन्छ । उक्त मांसारूप भुमीमा वाहुन सुवेदीहरू पनी थिए । नरविरको सन्ततीहरू फैलिएको देखिन्छ । नरविरको चर्चा गर्दा उनका दाजु आकासमानका सन्तानहरू इलामको नाम्सालिङ्गमा फैलिएर वसीरहेका छन् । नरवीरका बुबा सहरजितकै काका लुम्वा, खापुङ्गहरूकै पुरानो ठुलो किपटिया सुवा देखिन्छ भने लुम्वाले चलाएको सुवांगी उनको पिताकै सुवांगी भनेर उल्लेख गरिएको पाइन्छ जो सेनकालिन सुवा थिए । खापुङ्गहरूका सुवांगी उनीबाट फुटी भएर तहतह रूपमा अरु सुवाहरूभएको देखिन्छ । सुवा लुम्वाका छोराहरू ३ जनानै सुवा देखिन्छन् जो शाहवंशिय शासन कालमा तिनीहरूले मान्यता पाएको देखिन्छ । सुवा इसाहाङ्ग आङवुङ्ग डाँडागाउँ मौजामा पुरानिया सुवा भई विशाल किपटमा रहेको देखिन्छ भने उनका नाती हाङराज/हाङमाराज मोराहां मौजामा १९३७ मा सुबा हुदै आङबुङ डाँडाँ गाउँमा ति.सु देखिन्छ । भने सुवाछविलाल मोराहाङ्गमा १९३७ मा सुबा दर्ता भई उनी पनी डाँडाँ गाउँमा ति.सु देखिन्छन् , उनका छोरा सुवा मोटा आङवुङ्ग डाँडागाउँमा रहेको देखिन्छ भने सुवा संजहां मोराहाङ्गमा हुँदा उनको सुवांगी वाट फुटी नयाँ सुवा नरविर भएको देखिन्छ ( परिशिष्ट २८)। सुवा लुम्वाका नाती मोटा आङवुङ्ग डाँडाँगाउँमा आपुताली हुँदा उक्त अपुताली मुद्धा नरविरका सन्तानहरूले जितेपछि उनीहरूको भयो । जुन मोटा जिम्माको जग्गा जमिनहरू इसिवु लायम्वा, जलजले ओयाकजुङ्ग ,आङवुङ्ग डाँडाँगाउँ, कोयाखोला खाम्लालुङ्ग ,केउरेनी हलीमेला , मोराहाङ्ग लगायत स्वामीत्व रहेको थियो ।

नरविर तत्कालिन समयमा धनी देखिन्छन् उनले काठमांडौबाट भगवतीको मूर्ती ल्याई देविथान मांसारूपमा वनाएको देखिन्छ । जहाँ उनका सन्ततीहरूको विवाहमा लगन समेत त्यही गर्ने पनी गरिएको पाईन्छ । नरविरका वारेमा थप जानकारी लिन, उनका खनाती

वर्तमान मेन्छयायेम गाउपालिका वडा नं. ५ मोराहाङ्गका वडा अध्यक्ष शिवनाथ खापुङ्गका अनुसार नरविरसँग अरु जिम्माहरू पनि थिए । तसर्थ नरविरका छोराहरू क्रमश तीनजना कृष्णध्वज, खड्क वहादुर,जगजित ३ भाई नै सुवा भएको वताईन्छ यद्यपि सुवा नाम उल्लेखित छाप चलाएको कागजपत्र पाईएको भने छैन । सामन्तवादी समयताका उत्पादन साधन सम्बन्ध, आर्थिक उत्पादन प्रणालीनै भुमी जमिन भएकाले कृष्णध्वजको जेठा छोरा राम प्रसादलाई तत्कालिन पञ्चायती राजनीतिमा जम्न जनताबाट पनी चुनिनु सहजै भएको देखिन्छ । उनी दुइपल्टसम्म मोराहाङ्ग गाउँ पञ्चायतको प्रधानपञ्च हुनुभयो ।पञ्चायत कालमा उनका छोरा ओजाहां तत्कालीन वडा नं. १ को वडाअध्यक्ष भई प्रधान पञ्चमा प्रतिस्पर्धा गरेको देखिन्छ भने उनका छोरा शिवनाथ खापुङ्ग मेन्छयायेम गाउँपालिकाको वडा नं. ५ को वडाअध्यक्ष भएका छन् त्यस्तै वहुदलिय व्यवस्था २०४७ पछी रामप्रसादका छोरा भवानी प्रसाद खापुङ्ग, वि.सं. २०५४ सालमा गा.वि.स. अध्यक्ष र तेह्रथुम जिल्लाबाट वि.सं. २०७० र वि.सं. २०७४ गरी दुइपल्ट तेह्रथुम जिल्लाको संसद भईसकेका छन् ।

नरविरका पनाती अमृत खापुङ्गका अनुशार नरविरको जिम्माबाट जेठा छोरा कृष्णध्वज जेठाकी सुवा उत्तराधिकारी हुदा हुँदै उनको जिम्माबाट माइलो छोरा खड्क वहादुर र कान्छा जगजित पनी एकै समय सुवा भई वेग्ला वेग्लै स्थानमा मौलो गाडी मार हानेको बताउनुहुन्छ । यद्यपी वि.सं. १९३७ सालमा ति.सु नरविर दर्ता भएको देखिन्छ भने त्यसपछी १९३७,५०,९७ को जाँच हुदाताका सुवा भनी भनिएका खड्गबहादुर र जगजीतको नामको दर्ता मिती र नाम देखिदैन । त्यसकारण सुवा नरविर मातहत रहेको सुवांगी बाहेक उनका छोराहरूमा सुवा लुम्वाका छोरा सञ्जाहांको जिम्मा र लुम्वाका अर्का छोरा छविलालको छोरा मोटा जिम्मा पछिल्लो समयसम्म चलाएको देखिन्छ । ३ भाई छोराहरूमा वाडी ३ ठाउँ मौलो पुजी सुवा भएको देखिन्छ ।

सुवांगीको मौलोको अर्थ धार्मिक, साँस्कृतिक सामाजिक रूपमा वंशको उत्तराधिकारीसँग सम्बन्धित रहन्थ्यो । दशैको वेलामौलोमा मार हानिन्थ्यो यसले उसको शासन प्रमाणित गर्दथ्यो । वन्दुकको हर्ष वडाई गर्दै ड्रम वजाइनुको अर्थ जनतालाई खतराबाट सतर्क गराउनु हुन्थ्यो र लहरै राखिएको बन्दुक ,तरवार, कट्टी ढालहरूले उसको भैयाद, रैतीहरूको सुरक्षा सुवाको चिन्ताको विषय हो भनेर संकेत गर्दछ । मौलोमा चढाइएको वली विशेषत रागाँ हुने गर्दथ्यो त्यसमा दाजुभाई विच वरावरीको सहभागी, खर्च

विहोरेमा खर्क किपटमा पनि अंश लाग्ने गर्दथ्यो । मौलोको हातहतियार नगरनिशाना सुवांगीको उत्तराधिकारीमा रहन्थ्यो, दशैको समयमा थरीहरूले खीर दही र फलफुलको कोसेली लिएर सुवाकोमा जानुपर्ने वाध्यता थियो । त्यसको वदलामा सुवाबाट उनीहरूले टिका प्राप्त गर्दथे । नयाँ वर्षको उपलक्ष्यमा थरीहरूले रु १ साथै मक्खन र दही लिएर जानु पर्दथ्यो । त्यस अवसरमा आउदो वर्षका लागि उनीहरूले प्राप्त गरेको भुमी नविकरण गरिदिन अनुरोध गर्थे (कप्लान, २०१०: १३१,१३९) । थरी आफै नभए उनका छोराहरू दशैमा सुवाको हातबाट टिका थाप्न जानु पर्दथ्यो । त्यो भनेको सुवा मान्नु भन्ने अर्थ हुन्थ्यो । किपट वन्धकीमा दिएका उब्जनी खाने रैतीहरू वर्षेनी दशैमा सुवा मान्न आउथे ३० मुरी उब्जनी खाएर दशैमा एक ठेकी दही र एक काइयो केरा लिएर आउथे । मौलो सँगोलमा प्रायः सुवाहरूले नहाँनेर फाल्टै मौलो गाडी मार पनि हानेको देखिन्छ । यो अर्थमा नरविरको छोरा खड्क वहादुरले फाल्टै मौलो गाडी मार पनि हानेको बताइन्छ । जो खड्क वहादुरको नाती परशुराम खापुङ्ग २०४३ सालमा माननिय हुदै पञ्चायत कालमा सहायक मन्त्री र गणतन्त्र पछि केही महिना फूलमन्त्री भएका थिए । उनी पछीको राजनीतिमा स्थानिय स्तरमा समेत खड्क बहादुरको सन्तती जमेनन् । भने नरविरको कान्छा छोरा जगजितले पनि फाल्टै मौलो गाडी मार हानेको वताइन्छ  उनका सन्ततीहरूले राजनीति गरेनन्। नरबिरको जेठाकी सुबा कृष्णध्वजका छोरा राम प्रसादका छोरा नातीहरूको भने निरन्तरता देखिरहेको छ ।

### ५.१.६मोराहां मौजामा उल्लेखित बाकी सुबाहरू

तालिका नं. ३ को ल.नं. ११४ का सु. वागविर, खापुङ्ग हो या होइन अध्ययनको पाटो रहेको छ ।ल.नं. १४७ का तिरुवा सुवा विहार सिं मोराहाङ्गमा अपुताली भएको देखिन्छ ।उनको सुवांगीको कागज भने पाइन्छ (परिशिष्ट -३०)। ल.नं. १५२ ति.सु ढिकासी मोराहाङ्गकै देखिन्छ । उनका सन्ततीहरूको नाम वंशावलीमा नरहेकाले खापुङ्ग हो होइन त्यो दोधार छ ,उनी वि.सं. १९३७ मा ति.सु. मा दर्ता भएको देखिन्छ । भने कोयाषोला मौजाका सुवा विर्वल, सुवा पर्वल पञ्चकर्णकै जिम्मामा उल्लेख पाइन्छ भने सुवा पर्वल कोयाषोला मौजाको नामावलीमा आगे सुवाको रूपमा पाइन्छ (इङ्नाम २०७०:११५,११८) । किपटको पुनस्थापनाको निमित्त संघर्ष गर्नु हुने क्या.दलवहादुर खापुङ्गको पुर्खा वन्दमान २५ औ पुस्ता जसले मोराहाङ्गबाट म्याङलुङ्गमा गई ढालफाड गरी किपट भुमीमा वसोवास गरेको वताइन्छ । विभिन्न लालमोहर कागजातको स्रोत व्यक्तिमा उल्लेखित सैलेन्द्र खापुङ्गका पुर्खा २५ औ

पुस्ताका धर्मरूप खापुङ्ग मोराहाङ्गबाट तम्फुला झरेको वताइन्छ । १९३७ को तिरुवा सुवामा उल्लेखित म्याङलुङ जिम्मामा देखिन्छ । उनका भाइ जयदल पनी तम्फुलामा आएको देखिन्छ उनी २५ औ पुस्ताकै हुन् । उनको किपट भुमी तम्फुलामा धेरै देखिन्छ । उनीहरूको किपट तोक्मा जलजलेमा पनि रहेको देखिन्छ ।उनका सन्ततीहरूमध्ये २७ औ पुस्ताका विरहाङ्ग तम्फुला र साब्ला एउटै गाउँ पञ्चायत हुँदा  प्रधानपञ्च भएको देखिन्छ भने उनका छोरा होम खापुङ्ग स्थानिय निर्वाचन २०७४ मा मेयङलुङ नगरपालिकाका वडा अध्यक्ष वनेका छन् । डाडागाउँ आम्बुङ्गमा सुवा २५ औ पुस्ताका इसाहाङ्ग खापुङ्ग गएका देखिन्छन् । उनका बुबा खापुङ्गहरूकै पुरानीया सुवा लुम्वा देखिन आउछ (परिशिष्ट -३५) । भने उनका सन्तान ( छोरा) छविलाल पनि आङबुङ डाँडागाउँ गएको देखिन्छ । छबिलालको सुवांगीको तिरीज हेर्नुहोस् (परिशिष्ट -३१ ) ।

सु. तिङ्ग, राई गइएसिं, सु रन्जवीर, ठि.सु कर्नपाल, १९३७ मा दर्ता भएका सु मयन्सीं, ति.सु जैववहादुर, ति.सु भागिश्वरआदि खापुङ्ग नभएका जस्ता देखिन्छन् । यद्यपी ५० सालमा दर्ता भएका राई रंगध्वजको कागज भने पाइएको छ जसले माटो मुरी तिरेर राई पदवी लिम्बुले नै लिएको देखिन्छ (परिशिष्ट -३२) ।

### ५.१.७ मोराहां छाडेर जाने खापुङ्गहरूको अवस्था

मोराहाङबाट वसाई गएकाहरूमा ताप्लेजुङ थुम्वेदिन सिनाममा २० घर रहेका छन् । राजनीतिक रूपमा कुनै पद हासिल  नभएका देखिन्छ भने । पाँचथर याङनाममा गएका खापुङको अहिले सम्म १५० वर्ष भन्दा  ज्यादा समयमा पनी जम्मा दुई घरमात्र भएको पाइन्छ भने तोक्मा ओयाकजुङमा पनी नफैलिइको देखिन्छ । जलजलेमा ओयाकजुङको शिर देखीको किपट खोरुङ्गा खोला सम्म साविक जलजले गाविसको ३ वटा वडामा पुरै किपट देखिन्छ साथै त्यहाँबाट धेरै नै पुन बसाई सरेको देखिन्छ । जहाँबाट १ जना वडा अध्यक्ष साविक गाविस  जलजलेको भएको  देखिन्छ साथै भारतीय सेनामा सुवेदार थुप्रै भएका देखिन्छन् ।आङवुङ डाडागाउँमा खापुङ्गहरूको पुरानिया जेठाकी आगे सुवा लुम्वाका सन्तती गएकोमा उनीहरू पनी राजनीतिमा कुनै पद नलिएको  देखिन्छ । आङवुङ डाडागाउँको किपट  डाडागाउँको शिरदेखि  खोरुङ्गा खोला सम्मै देखिन्छ भने इसिवु लायम्वामा इसिवुको डाँडादेखि खोला सम्मै किपट देखिन्छ  त्यहाँ ईश्वरदल गएको देखिन्छ (परिशिष्ट ३३) । त्यो स्थानमा गएका खापुङ्गहरूले पनि राजनीतिक पद हासिल गरेको देखिदैन । कोयाषोला

खाम्लालुङ्गमा खापुङ्गहरूको किपट खाम्लालुङ्गको साविक ३ वटा वडामा देखिन्छ । जहाँबाट खापुङ्गहरूले राजनीतिक कुनै पद नलिएको देखिन्छ भने १ जना प्र.जि.अ भएको देखिन्छ ।

मोराहाङ्गबाट गएको वसाइसराईमा ईलाममा व्यापक जनसंख्या देखिन्छ । मोराहाङ्ग पछीको जनघनत्व इलाम देखिन्छ । इलामको गोर्खे जुन ठाउँको बजार नेपालको पूर्वी भागबाट जाने पुरानो नाका हो जहाँ खापुङ्ग गएर वसेको अहिले पनी वसोवास छ । भने इलामकै नाम्सालिङ्गमा खुर्पाठ्याक मार्फत नै भुमी उपभोग गरी ४० घर भन्दा ज्यादा साविक नामसालिङ गाविसको ३ वटा वडामा ज्यादा बाहुल्यता देखिन्छ राजनीतिक रूपमा कुनै पद हासिल गरेको पाईदैन । समाल्वुङ जुन भारतको नाकामा पर्दछ जहाँ गएका खापुङ्गहरू २० घर जति गएका छन् उनीहरूले राजनीतिक रूपले कुनै पद हासिल गरेको पाइन्दैन । इलामकै चिसापानी र दानावारीमा २५ घर जति रहेका छन् जहाँ पनि राजनीतिक पद प्राप्त गरेको छैनन् ।भारतको मिरिकमा ३० घर जति रहेका छन् जो गाउँमै वसोवास गरेका छन् नजिकैको मिरिक शहरमा कुनै जग्गा घर रहेको देखिदैन भने भारतको राङभाङमा खापुङ्गहरूको ३५ घर जति देखिन्छ । जहाँका खापुङ्गहरू मध्ये एकजना उपप्रधान भएको देखिन्छ । आसाम र दार्जेलिङ्ग क्षेत्रमा रहेका खापुङ्गहरूको पनि जीवनस्तर सामान्य नै देखिन्छ । अधिकांश राङभाङमा रहेकाहरू आर्थिक पाटोमा भारतिय सेनामा रहेका देखिन्छन् भने इलाम जिल्ला भरीका खापुङ्गहरू भारतिय सेना सिंगापुर प्रहरीमा देखिदैनन्, समालबुङ्ग इलाममा व्रिटिश सेनामा १ जना २०७४ सालमा मात्र लागेको देखिन्छ । र नेपालको सरकारी जागिरको ओहोदामा पनी देखिदैनन् भने तेह्रथुम जिल्ला अन्तर्गत आङवुङमा विशेष बेलायती सेना तथा नेपाल सरकारको जागिरमा देखिदैनन् । म्याङलुङमा भने केही वेलायती सेना देखिन्छ भने क्याप्टेन बाबु छोरा भएका देखिन्छन् भने जलजलेमा केही वेलायती सेना र सम्दुमा सिंगापुर प्रहरी देखिन्छन् भने खाम्लालुङमा अलि वेलायती सेना देखिन्छन् । छिटपुट रूपमा सुङनाम उम्फुवामा पनी खापुङ्ग रहेका छन् ।

### ५.१.८ मोराहाङ्गमा बस्ने खापुङ्गहरूको अवस्था

मोराहाङ्ग जो खापुङ्गहरूको पुर्ख्यौली थातथलोमा खापुङ्गहरूको दबदबा अहिले सम्म कायम आर्थिक,राजनीतिक,शैक्षिक,प्रशासनिक रूपमा रहेको देखिन्छ । इतिहासलाई मिहिन ढंगले अध्ययन गर्दा मानविय सभ्यता १६ शताब्दीमा भईसकेको देखिन्छ । सात राईहरूले भरिएको फेदापको भुभागको केन्द्र विन्दु मोराहाङ्ग ,श्रीजुङ्ग देखिन्छ जहाँ सात राईहरूको पुर्खा तेन्हाङ्गको अस्तीत्वका प्रमाणहरू यथावत सुरक्षित र संरक्षित नै रहेको छ । १७ औं शताब्दी

सम्ममा सात राईहरूको मात्र वस्ती तेन्हाङ्गका सन्ततीहरूका देखिन्छ जो नजिकका छिमेकीमा फेदाप भित्र ६ राईहरू देखिन्छन् । मोराहांमा अरु जातीका मानिसहरूको आगमन १८ औ शताब्दीमा देखिन्छ भने १९ औ शताब्दीमा तिव्रताको आभास हुन्छ । शुरुवातीमा भट्टराईहरू जो बि.सं १८१८ अगावै देखिन्छन् त्यतिवेला घर्ती,दाहाल, गड्तौला पनी देखिन्छ भने दाहालहरू लाब्री (पौढाक) तिर अलिक फैलिए । तेस्रो समुहको भट्टराई १८४० तिर आएको देखिन्छ जो सँग १ जना गुरागाई साथमा ल्याएको वताइन्छ जुन गरागाईसँग भट्टराईको छोरी वल्लो पाटामा राखेर पानीको मूल भएको ठाउँमा भट्टराई गए आठराईको गौतमलाई छोरी दिएपछि छोरी ज्वाईलाई भट्टराईले मोराहाङ्गमै राखे । जहाँ भट्टराई वरावरी नै गौतमहरू फैलिए। राणाकाल सम्ममा वेदनिधि भट्टराई उनका भाइहरूको परिवारको दवदवा नै रह्यो भने गौतमहरूमा विष्णु भक्त, छत्रपती, हरी प्रसादहरूको प्रभाव देखियो ।

गुरागाईले आफ्ना भान्जा सापकोटालाई कोक्रोमै वोकी ल्याएको वताइन्छ । उनीहरूको खासै प्रभाव रहेन । थुप्रै गैर लिम्वूहरूमा सुरुवातीमा निरौला,प्याकुरेल, अधिकारी, सुबेदी, चौहान, खतिवडा,गोताम लगायत अधिकांश वाहुनहरू बि.सं १९६० सम्ममा बसाई आई सकेको देखिन्छ भने क्षेत्रीहरू पनी उक्त समय तिरै बाहुन पछी प्रवेश भएको देखिन्छ। । वाहुनहरूका पुर्खाले मोराहाङ्गमा थुप्रै जंगल फाडी आफूमा दर्ता गरेको सुवाहरूको तिरिज ठड्डामा देखिन्छ । त्यस्तै अन्य जातिको हकमा पनि लागु भएको छ । विदेशी लेखक Ian carlos Fitzpatrick ले 'Cardamom and class' नामक पुस्तकमा Mamangkhe गाउँमा Phd को अध्ययन अनुसन्धान गर्दा उल्लेखीत के पाइन्छ भने उक्त गाउँमा सुरुवातीका लिम्वूहरू जंगलमा वस्ने ,शिकार खेल्ने र तरुलहरू वटुल्ने गर्दथे । धानको भात खाने मकै कोदो आदि खाने चलन वाहुनहरूले जमिनलाई विराई खेत बनाएपछि खेतीपाती गरेर चामलको सुरुवात गरेको थिए । उनले प्राप्त गरेको जानकारी र लेखेकोमा केही सत्यता देखिन सक्छ किनकी लिम्वूहरू मात्र बसोबास गर्दा विशाल जंगल नै थियो जहाँ शिकार गर्ने ,खोलामा माछा मार्ने, तरुल गिट्ठा भ्याकुरले छाक टार्ने, कम परिश्रम गर्ने विशाल किपट हुनाले खनजोत विराउने काम नगरेको हुन सक्छ भने वाहुनहरू जंगल,, खोलामा भर पर्ने भन्दा परिश्रमले अन्न उब्जनी गर्ने घरपालुवा चौपाया पाल्ने परापूर्वकालदेखि गरीरहेकै थिए । त्यसैले उनीहरूले सामन्तको उच्चतम प्रयोग र अभ्यास पनी गरे धेरै विहे गरेर धेरै छोराछोरी वनाए पछि जमिन धेरै चाहियो फाडे उनीहरूमा दर्ता गरे थोरै खाए, थोरै खर्च गरे ऋण जति लिम्वू किपटीया सुवाहरूलाई दिए त्यसवापत जमिन

आफ्नोमा भोगचलन गरे । मोराहाङ्गमा गैर लिम्वूहरूको प्रवेश अगाडीनै एउटा मानविय सभ्यताको सुरुवात भईसकेको थियो । तेन्हाङ्ग जो १६ औ शताब्दीका फेदापका राजा जसको वास स्थान रहेको थियो । अभ्र भनौ अन्नको उब्जनी र आहार गर्ने परिपाटी चलिसकेको भन्ने प्रमाण तेन्हाङ्गको धान कुट्ने ढुङ्गाको ओखल तत्समय थियो भने अहिले पनि छदैछ । जुन ठाउँ नजिक उनको घोडा वाध्ने ढुङ्गा पनी यथावत नै छ । त्यसैले Fitzpatrick ले अध्ययन गरेको ताप्लेजुङ्गको मामाङखे गाविसमा घर ठुलठुला निर्माण वाहुनले गरेको भने मोराहाङ्गमा पनी लागु हुन्छ वाहुनहरूले तत्कालिन अवस्थामा धनकुटाका कर्मी ल्याई राणाकालमा विशाल घरहरू बनाएका छन् । वाहुन क्षेत्रीहरू मोराहाङ्गमा फैलिएका पनी देखिन्छन् । तर उनीहरू आउनु भन्दा अघी खेती गर्ने परीपाटीको सुरुवात भैसकेको देखिन्छ । मोराहाङ्गबाट वाहुनहरूको फेरी वसाइसराई भएको छ जस्तो मोराहाङ्गबाट खापुङ्ग १८ औं शताब्दीमा डाडागाउँ आङवुङमा जादा गुराँगाई लगायतका वाहुन उनीहरूसँगै गए भने त्यस्तै जहाँ जहाँ खापुङ्गहरू वसाई गए त्यस ठाउँमा भने वाहुनहरू वसाई गए । मोराहाङ्गकै नजिक कोवेकमा जहाँ खापुङ्गहरूको किपट परेन त्यहाँ सम्वाहाम्फेको किपट पर्‍यो त्यहाँ कुनै वाहुनहरू क्षेत्रीहरू गएनन् वसोवास गरेनन् अहिले सम्म सम्वाहाम्फे मात्रै रहेका छन् र केही तामाङ्गहरू र मगरहरूबसेका छन् । खापुङ्गहरूमा टकराव श्रृजना बारम्बार भएको देखिन्छ त्यसको पछाडिको हात विशेष हिजोका प्रभावशाली थरीहरू र तिनका सन्ततीको देखिएको छ । इतिहासको लामो कालखण्डसम्म थुप्रै पुस्ताहरूले इतिहास कोरेका छैनन्, क्रमभंगता गरेका छैनन र प्रयत्नशिल देखिदैनन् । वि.सं. १९१३ को कागजमा मोराहाङ्गका सुवाहरूमध्ये पृथमानका सन्तान मध्ये विरध्वज खलकमा वडाअध्यक्ष देखि माननिय भए भने सुवा जैमानका पनातिका छोरा नातिहरू तीन भाइयाहरू स्थानीय निकायमा वडाअध्यक्ष, उपाध्यक्ष, ॅप्रधानपञ्च, क्षेत्रिय सदस्य, वर्तमान गाउँपालिका प्रमुख सम्मका हैसियतमा पुगे भने जैमानका तिन जना भाइहरूको पुस्ता पिडीमा दुई जना सम्म सावीक मोराहाङ्ग गाविसमा वडाअध्यक्ष सम्म मात्र भए । विमानका सन्ततीहरूमा राजनीतिक पदमा १ जना वडाअध्यक्ष सम्म भएका देखिन्छन् भने विमानका भाइ केतीकहाङका सन्ततीमा १ जना सिडीओ खाम्लालुङ्गबाट भएको देखिन्छ । विमानका भाई सीर्कमानका सन्ततीहरू राजनीतिक पदमा अहिले सम्म वडाअध्यक्ष सम्म देखिदैनन् भने धर्मविरका सन्ततीहरू पनि राजनीतिक रूपमा साविक मोराहाङ्गमा वडाअध्यक्ष सम्म भएको देखिदैनन् । लुम्वाका सन्तानहरूमा आम्वुङमा फैलिएको देखिन्छ । उनीहरूवडाअध्यक्ष सम्म नभएका सामान्य जीवन स्तरमा

देखिन्छ । लुम्वाको दाईको नाती नरवीरका नाती प्रधानपंच, पनातीहरू वडाअध्यक्ष, गाबिस अध्यक्ष,सांसद,मन्त्री सम्म भएका देखिन्छन ।

मोराहाङ्गको साविक वडा नं. १ मा पञ्चायत कालदेखी नै वडाअध्यक्ष भएका पाउछौँ ।वडा नं. २ मा भए पनि वडा नं. १ बाट सर्वप्रथम २०१८ सालमा रामदास खापुङ्ग वडाअध्यक्ष भए । २०२७ र २०३४ मा दुर्गबहादुर खापुङ्ग २ कार्यकाल वडाअध्यक्ष भए।२०३८ सालमा ओजाहाङ खापुङ्ग, २०४३ मा भने हेमकुमार खापुङ्ग निर्वीरोध वडाअध्यक्ष भए । २०४८ र २०५३ मा राजपंखी खापुङ्ग गरी जम्मा ५ जना वडाअध्यक्ष भएको पाउछौँ भने साविक मोराहाङ्गलाई २ वडामा विभाजन गरी गाउँपालिका बनाउँदा एउटा वडाबाट शिवनाथ खापुङ्ग वडाअध्यक्ष भएका छन् ।भने साविक वडा नं. २ मा लामो समयसम्म गर्जसिं खापुङ्ग (जम्ले कान्छा) वडाअध्यक्ष भए । वडा नं. ४ मा धनप्रसाद खापुङ्ग २०३८ सालमा वडाअध्यक्ष भए । २०३४ सालमा वडा नं. ५ मा ललीत बहादुर खापुङ्ग र वडा नं. ६ मा वेदी नारायण खापुङ्ग, २०३८ सालमा वडा नं. ८ मा हिमालध्वज खापुङ्ग वडाअध्यक्ष भए ।पञ्चायतकालीन प्रधानपञ्च पहिलो भिमराज खापुङ्ग तत्पश्चात रामप्रसाद खापुङ्ग , दुर्गबहादुर खापुङ्ग , गाविस अध्यक्षमा भवानी खापुङ्ग एक पल्ट गरी ४ जना भए भने गाविस उपाध्यक्ष एकल बहादुर खापुङ्ग भए । भिमराज खापुङ्ग प्रधानपञ्च भइ सके पश्चात जिल्ला पञ्चायत सदस्य हुदै जिल्ला सभापति तेस्रो कार्यकालको समयमा राष्ट्रिय पञ्चायत सदस्य माननीय पनि भए । जिल्ला विकास समिति क्षेत्र नं. ७ का क्षेत्रिय सदस्य यादव खापुङ्ग भई वर्तमान पहिलो मेन्छ्यायेम गाउँपालिका (साविक श्रीजुङ्ग, पौठाक, मोराहाङ्ग गाविस) का प्रमुख भएका छन् भने राष्ट्रिय पञ्चायत सदस्य हुँदै सहायक मन्त्री र फुलमन्त्री पर्शुराम खापुङ्ग भए । २०७० र २०७५ गरी २ कार्यकाल लगातार तेह्रथुम जिल्लाबाट पहिलो दोहोरीने सांसद भवानी खापङ्ग बने ।मोराहाङ्गका खापुङ्गहरू स्थानीय तह जिल्ला हुँदै केन्द्रसम्म राजनीतिक रूपमा प्रतिनिधित्व गरी रहेका छन् साथै ईस्टइन्डिया कम्पनीको सेनामा पहिलो र दोश्रो विश्वयुद्धमा सहभागी भई सुवेदार भएका छन् । भने बेलायती सेनामा थुप्रै भर्ती भई सेवा गरेको देखिन्छ । भर्खर कमिशन अफिसर सेकेन्ड लेफटीनेन्ट बेलायती सेनामा १ जना भएको देखिन्छ । सिंगापुर प्रहरी र भारतीय सेनामा भएकोमा अफिसर देखिदैनन् नेपाल प्रहरि र सेनामा पनि देखिन्छन् । नेपाल प्रहरीमा अधिकृत देखि माथिको तहमा प्रगति भइरहेको छ र त्यसको निरन्तरता पनि देखि रहेको छ भने आर्थिक उन्नती हुने देशहरूमा तछाड मछाड गर्दै विदेशीने प्रतिस्पर्धा पनि भइरहेको छ ।

खापुङ्ग पुस्तौ पुस्ता पिढीले इतिहासमा धक्का ब्रेक, पुरानो इतिहासलाई तोडेर नयाँ इतिहास कोरेनन् त्यही प्रभुत्वशाली परिवार ,खलकमा राजनीतिक सत्ता दोहोरीयो तेहेरीयो । प्रभावशाली सुवांगी सञ्चालन कर्ताको विरासतको निरन्तरता जस्तो देखियो । भनौ एउटा मानसम्मान प्रतिष्ठाको बाटोको निम्ति संघर्ष योगदान चलखेल लामो कालखण्डसम्म सुवांगी नचलाएका, सत्ता बाहिर रहेका परिवारको देखिदैन, इतिहासको पनि विनिर्माण भएको छैन । त्यो संघर्षशील बाटोमा नयाँ इतिहास कोर्न अग्रसर भई लागी रहेको  पनि देखिदैन

### ५.१.९ किपट भूमिको हस्तान्तरण तथा विच्छेदीकरण

लालमोहरिया ठेककामा पाउने सुवा देखी आगे दर्तामा भएका फुटी, तिरुवा, दामकाम गर्ने, उत्तराधिकारी सुवा खापुङ्गहरूको अध्ययन गर्दा खापुङ्गहरूको पुस्ता २४/२५ को वंशले आफ्नो सुवांगीको हक चलाउन मोराहाङ्गको थातथलो छोडेर आफ्नो अंशवण्डामा परेको विशाल किपटमा गई जंगल, पाखा ढाँलफाड गरी वसोवास योग्य वनाएको देखिन्छ । मानिसहरूले जिवन गुजारा गर्न सक्ने परिवेश र सभ्यताको सुरुवात गरेको देखिन्छ । नेपाल एकिकरण पश्चात आर्य क्षेत्री वाहुनहरू लगायत अन्य जातिहरूको वसाई सराई क्रम लिम्वूवानमा तिव्र रह्यो भने मोराहाङमा पनी तिव्र फैलिएको देखिन्छ । जसका कारण खापुङ्गहरू नयाँ गन्तव्य तर्फ वसाई गएको देखिन्छ । वि.सं. १८३१ पछी किपटिया क्षेत्रमा केन्द्रिय शासक वर्ग पूर्ण रूपमा आफ्नो नेतृत्व चाहन्थ्यो तर किपटभुमी विच्छेदन नगरी त्यो संभव थिएन । छिटफुट रूपमा प्रवेश गरिरहँदा सरकारले वि.सं. १८४४ आसपासमा गैर लिम्वू जातिले सोरआनी पट्टा र थरी पुर्जीबाट थरी (थऱ्याइ) प्राप्त गर्ने नीति अवलम्वन गरेपछी शासक वर्गले थरीलाई सुवाको विकल्पका रूपमा अघि सारेको पाइन्छ । सरकारले थरीसँग प्रत्यक्ष सम्पर्क राख्दथे । लिम्वूवान किपटक्षेत्रमा सरकारले लिम्वूहरूको अधिकारलाई कटौती गर्दै कमजोर वनाउन थालेकाले कालान्तरमा थरीहरूको शक्ति धेरै वढेको पाइन्छ । रैतीहरू रैकर जग्गामा वसोवास गर्न थाले जहाँ उनीहरू बढी सुरक्षित महसुस गर्दथे । रैकर जग्गामा राज्यले थरीको व्यवस्था गरी प्रशासनिक, न्यायिक, आर्थिक आदि कार्यमा सहायता लिने गर्दथ्यो । थरीको मृत्यु भएमा, वसाइ सरेर गएमा र उसको उत्तराधिकारी नभएमा सरकारले सम्बन्धीत क्षेत्रका जनतासँग सम्पर्क राखी अर्को व्यक्तिलाई थरीको पदमा नियुक्त गर्दथ्यो (संग्रौला, २०६७:२००,२०१)।सामन्त शोषक धनी थरीहरू सरकारले नियुक्त गरेका थरीहरू हुन्थे भने रैतीहरूले त्यहाँ धेरै शोषित हुनु पर्ने हुन्थ्यो । थरीले १६ आनीपट्टा वन्धकी लिएको जग्गाहरू जाँच आएको वखत रैकरमा दर्ता

गरिन्थ्यो । ठुलो भुक्षेत्रमा सोह्र आना पट्टा मार्फत सुरुवातीमा जमिन रैकर हुने प्रचलन देखिन्छ भने सानो क्षेत्रमा मासिककट्टा किपट जमिन वन्धकीमा लगाएको देखिन्छ । या राजीनाम पछी ननिखन्ने भन्ने सर्तमा पनी दिईएको देखिन्छ । मासिककट्टामा सहमतीमा निश्चित रकम वर्षेनी घट्ने हुनाले अन्त्यमा थैली समाप्त भई जग्गा साहुले छोड्नु पर्दथ्यो । किपट भुमीमा आफुखुसी खेतीगर्न पाइन्दैनथ्यो के कस्तो खेती गर्ने भनी शासक वर्गबाटै आदेश गरिन्थ्यो । आदेश उल्लघंन गरे किपट भुमी जफत गरी पोलाहालाई दिईन्थ्यो । महाजाच वा जुनसुकै समयमा किपट भुमि भएको प्रमाण किपटिया आफैले जुटाउनु पर्दथ्यो । वि.सं. १९५२ मा तेह्रथुम, वि.सं. १९४७ मा इलाम माल अड्डा राखियो ति अड्डा अदालतमा गैर लिम्वु जातिका कर्मचारी नियुक्त भई आए किपट भुमीमा कागज नपुगेर पनी कैयौ रैकर भए जसले पोल लगायो त्यसलाई त्यो जमिनको धेरै वा आधा हिस्सा जमिन उपलब्ध गराइयो । किपटलाई रैकर वनाउने सन्दर्भमा मालअड्डाका गैर लिम्वू कर्मचारीहरूको पनी सहयोग रह्यो । नापीको समयमा भैयाद अर्थात् डोकेभाइको यथार्थ विवरण समेत सरकारमा जाहेर नभएमा जाहेर वालाले जग्गा पाउने गर्दथें । जाहेरवालाले इनामस्वरूप पाएको जग्गा रैकर हुन्थ्यो । किपट भित्र रैकर जग्गा वा सरकारी जग्गा घुसेमा किपट जग्गाबाट त्यती वरावर सरकारी लागतमा दर्ता गरिन्थ्यो र त्यो भुमी रैकर हुन्थ्यो । लिम्वूवान भुमीमा वि.सं. १८४८देखी जग्गा नापजाँच सुरु गर्न टोली खटाएको थियो ।वि.सं. १८६३ को नापी पछी लिम्वूहरूलाई घर धुरीको आधारमा कर लगाइयो किनकी किपट भूमीमा कर लाग्दैनथ्यो । वि.सं. १९२५ मा टेकविर जाँच, १९३७ मा हस्तविर जाँच, १९५० मा वेदनिधी जाँच, १९७३ मा किर्तिमान दौडाहा, १९९५/९६ मा नापी र जाँच भएको थियो । किपट जग्गामा किपटिया तालुकदारसुवाले थरी नियुक्त गरी चारदाम ढेकी, सोरआना पट्टा गरी जङ्गल पाखो उपलब्ध गराउँथे ।सुवाहरूले नयाँ रैतीहरूलाई चलानी पुर्जी दिने गर्दथें । त्यो मार्फत रैती वसाए वापत जाच नआए सम्म रैतीबाट उठेको तिरो आफू खान्थे र जाँच आएपछी जग्गा रैकरमा परिवर्तन भई तिरो सरकारमा दाखिला गर्नु पर्दथ्यो । वि.सं. १९५० सम्ममा धेरै जस्तो किपटिया सुवाहरूको किपट भूमी १६ आना पट्टामा थऱ्याई मार्फत रैकर हुने क्रम चलिरहेको थियो । त्यसवेला लिम्वूहरूको किपट जग्गा साहुले रूपैया हालीदिदा कसैले ढाक्रे कुरिया वसेको गाउँ समेत गाभी र कसैले खर्क भनी सोह्र आना समेत हालेपछि निखन्न नपाउने लिखित साहुहरूले गर्दा ना.सु. वेदनिधि उपाध्यायले जाहेर गरेपछी "साहुले रैकरमा दरान तिरान गरी चलन गरे जति लेखत वमोजिम तिरो तिरी चलन गर्न पाउँछ, साहुले किपट सरह चलन गरेको किपट किपटियाले निखन्न पाउँछ

,किपटियाको किपट हुनाले आफ्नो रूपैयाँ आएपछि किपट अचलगरी खान्छौं भन्न पाउदैनन् भन्ने हुकुम मर्जी भएको कमाण्डर इन चिफ जनरल देवशमशेर जंग वहादुर राणा कस्यपत्र वि.सं. १९५२ मा सदर भएको देखिन्छ जुन कस्य पत्रको नक्कल मोराहाङ्गका सुवा मान वहादुर खापुङ्गको मूल घरमा रहेको छ (परिशिष्ट १०)।

वि.सं. १९५६ अघि जग्गा साहुले खाएपनी तिरो सुवाले तिर्नुपर्दथ्यो । तिरो कम उठ्नाले सरकारलाई घाटा भयो, अतः वि.सं. १९५६ सालपछि पल्लो किरातमा लिम्वू वाहेक अरुले किपट जग्गा धितो वन्धकी, फार्स्या, सोह्रआनी गरि नलिनु भन्ने खड्क निशाना भएको थियो । त्यही निसानामा लिम्वूका किपटमा रूपैयाँ हालि खाने साहुहरूले आफुले भोग गरेको किपटलाई लाग्ने ठहरेको जति तिरो लिम्वूलाई तिर्नु सो रुपियाँ लिम्वूसँग लिन पाउदैन । आफ्नो रुपियाँ उपर भएमा र वड्कारा पुगेमा किपट जग्गा छोडिदिनु पर्छ भन्ने सदर भयो । यसपछि साहुहरूले लिम्वूबाट किनेको किपटको तिरो तिर्न थाले र साथै साहुहरूले तिरो तिरेको जग्गा नछोडी त्यसमा आफ्नो दावी गर्न थाले त्यसपछी १९५८ को खड्क निशानाले ५८ सालअघि राजीनामा गरेको भए सदर हुने, जग्गामा वस्ने रैतीहरूको तिरो साहुबाटै असुल गरी सो व्यहोरा जनाई वुझाएको तिरोको साहुलाई तालुकदारले रसिद दिने, तिरो गऱ्याको भनी साहुले जग्गा दावी गर्न नपाउने । किपटिया तालुकदारले रूपैया तिरेको दिन जग्गा छोडिदिनुपर्छ, निखनी लान पाउँछ । साथै किपट जग्गा फार्स्या गरी वा निखन्न नपाउने लिखित गरीलिनु दिनु नगर्नु भन्ने सनद जारी भयो । यो ऐनले किपटियाहरूको धेरै किपट जग्गा रैकर हुन गयो । किनकी ५८ साल भन्दा अघि निखन्न नपाउने गरी लिखित सदर भएको जती रैकर हुन गयो (श्रेष्ठ: २०४२ :९७,९८)।

वि.सं. १९५८ सालमा किपटियाले किपट जग्गा फार्स्या गरी वा निखन्न नपाउने लिखित गरी लिनुदिनु नगर्नु भन्ने सनद भएतापनी फेरी वि.सं. १९६० मा किपटिया लिम्वूहरूले सोह्र आनी खाई आफ्नो किपट वाझो पाखो पानी खेतगरी तिरो गरी खानुभनी ४ किल्ला हाली राजीनामा गरी वा फार्स्याका तवरसँग लेखिदिन पाउँछ भन्ने सनद भएको देखिन्छ । यो सनद अनुशार खेत राजिनामा गर्न नपाउँने तर पाखो किपट जग्गामा त्यो नियम लागु हुने भयो (श्रेष्ठ, २०४२:९९) ।

सोह्रआना पट्टामा वन्धकी फेदाप मोराहाङ्ग मौजाको ठुलो किपट भुक्षेत्र वि.सं. १९१७ मा चार किल्ला जनाई मधुपाध्या गुरगाईसँग रु ६० निरव्याजीमा लिई दिएको देखिन्छ

(परिशिष्ट७)। तमसुक र खापुङ्ग वंशावलीमा अध्ययन गर्दा सम्पूर्ण विशाल किपट क्षेत्र तत्कालिन सुवा जैमान उनका भाई राईमान, गुरुहाङको धैरै देखिन्छ  जो एउटै परिवारबाट क्रमश रु ४०, रु ५, रु ५ लिएको देखिन्छ । यसर्थ यो किपट जैमानको वाजे गोविन्दको धैरै अंश जस्तो देखिन्छ किनकी तिङसानन्दका सबै छोरा नातीहरू मोराहाङ्ग मै रहेका छन् । अन्य स्थानमा अंश परेको किपट भई वसाई गएको देखिदैन । त्यसपछि थोरै यो भुभागमा अंश परेकोमा धर्मविर सित्रेको नाती देखिन्छ । जसले रु ५ खाएको देखिन्छ । धर्मविरहरूको सित्रेहरूको अरु ठाउमा पनी अंश किपट लिएको देखिन्छ । धर्मविरका काका याङथक नै ओयाकजुङ र जलजले किपटमा गएको देखिन्छ । त्यस्तै लुम्वाहाङ्गको नाती करविरले रु ५ खाएको देखिन्छ । जसको पनी किपट  ओयाकजुङ जलजलेमा रहेकाले उनी आफै  वसाई गएको देखिन्छ भने उनका काकाहरू डाँडागाउ आङवुङ गएको देखिन्छ । यो अध्ययनले उल्लेखित किपट चार किल्ला धैरै अंश सुवांगी भएका नाताले पनि जैमानको वाजे वाउँको हुनाले उनले रस्ती चलाई वस्ती वसाई जगर आवाद गुल्जार गरेको देखिन्छ । वि.सं. १९१७ मा तिरो जैमान आफैले तिर्ने गरी रु ६० र चारदाम ५/६० पैसा पनी लिएको तमसुक देखिन्छ । भने वि.सं. १९२४ मा त्यो किपट हस्तान्तरण जैमानको छोरा सु. पञ्चकर्ण र धर्मविरको छोरा रूपान्सींमा मात्र आएको देखिन्छ (परिशिष्ट ८)।उक्त सोह्रआनी (सोह्रआनामा १० आना आफु सुव्वाले खाएर सरकारमा ६ आनामात्र वुझाउनु पर्दथ्यो) ठेक पट्टामा थरी वनाई सामान्य न्याय निसाफ गर्न सम्मको अधिकार दिदै ५[२] मा वार्षिक ठेक दिएको देखिन्छ र वस्ती वढेको रकम थरीसँग नमाग्ने साथै कुनै समस्या देखाएर तिरो मिनाहा माग्न नपाइने उल्लेख गर्दै ढुङ्गाको रूपैया (जंगलहरूमा रुख अनावश्यक काटे, फडानी गरे, वाझो पाखा जग्गामा गरेको अनावश्यक गतिविधि चित्त नवुझेमा) सुवा गई ढुङ्गा झुण्डयाउथे । त्यो देखी सकेपछी थरी, सुवाकोमा गई दस्तुर तिरी छलफल गर्ने परिपाटी दुई सुवालाई वुझाउनु भनी तमसुक गरिदिएको देखिन्छ । यो मीति सम्ममा थुप्रै जग्गाहरू रैकर भइसकेको पनी उल्लेख छ । वि.सं. १९५८ साल भन्दा अघी राजीनामा गर्न पाउने अधिकार थियो । त्यसवेला सम्म यो किपट वन्धकी भुमी राजीनामा नगरेको देखिन्छ । वि.सं. १९५८ देखी ६० सम्म राजिनामा गर्न वन्धकी आदि लिम्वू समुदायमा मात्र गर्ने कानुन आएकोले त्यसपछी वि.सं. १९६० पछी खेत वाहेक अरु पाखो, सिमषेत आदि राजीनामा हुने वन्धकी लगाउन सवैमा छुट भएको हुनाले पुन यो तमसुक वनाइएको देखिन्छ । जसमा हकदार पञ्चकर्ण जिम्मामा जेठो ध्वजविरले तमसुक गरिदिएको देखिन्छ । उनी र उनका भाइहरूको

मात्र स्वामित्वमा किपट हस्तान्तरण भएको देखिन्छ उक्त तमसुक अनुशार मधु पाध्या गुरागाईले राजीनामा छिन्ती वा त्यो किपट क्षेत्र आफ्नामा ल्याउन नपाएको देखिन्छ । वि.सं. १९५२ मा सोह्रआना ठेक दिएको जग्गामा तिरो साहुले तिरे पनी किपट सरह चलन गरेको किपट किपटियाले निखन्न पाउँछ भन्ने कास्यपत्र सदर भएको हुनाले १९६० मा मधुपाध्याले थरी छोडी विश्वामित्रकोमा आएको देखिन्छ । पुन पञ्चकर्णले १९५५ मा रु १३ को तमसुक, पुन १५ को तमसुक नरध्वजले खाएको रु ५ श्रीहांले रु ५ खाएको राजीनामा छोडपत्र मांसारूप गाउँ वस्ने शान्तिराम पाध्या गुरागाईलाई छोडेको देखिन्छ । भने वन्धकीमा थप रकम ८९ रूपैया सात आना पुगेको देखिन्छ । पुरानै चारकिल्ला वि.सं. १९१७ मा उल्लेखित किपटलाई नै निरन्तरता दिएको पाइन्छ । पुरानो तमसुक सदर गर्दै १६ आनामा वस्ती रखाइनु, वसाइनु, उजार गर्नु गुजार गर्नु, तिरो उठाई वुझाउनु, जाँच आएपछी आफ्नो नाममा थरी दर्ता गर्नु र १६ आनामा लगाएको रूपैया तिरी उकास्ने उल्लेख गरिएको छ भने उक्त जग्गा सुवांगीको अधिनस्थ रहने हुनाले अरु दाजुभाईहरूले उक्त जग्गामा झगडा गरे वाझो, स्वारा र वाली खान मानेन भने आफ्नो घरघरानबाट वुझाउने भनी तमसुक गरिएको छ (परिशिष्ट११) । सुवा पञ्चकर्णका उत्तराधिकारी सुवा मानवहादुर भएकाले अन्ततः उक्त तमसुक मानवहादुरकोमा आएकोसाथै उक्त जिम्माको हात हतियार नगरनिशाना पनि स्वतः उनको मै रह्यो (चित्र नं. ञ) । किपटको हस्तान्तरण पनीसुवा मानवहादुर र उनको भाईहरूमा आएको छ । यो तमसुकलाई अध्ययन गर्दा किपटको ठुलो क्षेत्र रैकर भई किपटिया लिम्वू वाहेकको वस्ती भएको देखिन्छ । भने ध्वजविरको सन्तान चिप्ली पाखा जंगलको किपटमा गएको देखिन्छ । साथै यो वन्धकी उकासेको देखिन्छ । उकासेको हुनाले विसाल खर्क चौरहरू मानवहादुर र उनका भाइहरूले भुवन डाँडाँ आसपासको चिप्ली पाखा वारीनै भएकाले २०३२ सालमा मान व. खापुङ्ग , हांनारायण खापुङ्ग र वखत वहादुर खापुङका नाममा दर्ता गरिएको छ भने सिक्रे सिरान श्रीमाने डाडामा चौर र जंगल सरकारले दर्ता नगरे पनि ३ भाईका छोराहरू,वाजेहरूले खर्चरी स्वरूप रकम उठाएको सम्म पाइयो भने फुगु लुम्वा काली ढुंगा, अग्राखेको तेर्छाहरी पूर्व जैते डाँडासिक्रे थुमका महविर वरीपरी खोला भकभके टार घोद्रे सुख्खा पोखरी उत्तर चार किल्ला किपट खर्क उनीहरूको कागजमा  देखिन्छ (परिशिष्ट ११) । अरु कुनै पनी खापुङ्गहरूले चौर, खर्क जंगल दर्ता गरेनन् । यद्यपी किपटिया सुवाको अधिनको जगर वगर, चौर खर्क जंगल दर्ता

हुन नसक्दा सवै सरकारी भएको देखिन्छ भने संखुवासभामा मभ्कीयाहरूले विभिन्न तौर तरिकाबाट भने भिर पाखो डाँडाँकाडा जंगल व्यक्तिको नाममा दर्ता गरिएको पाइन्छ ।

रैकर भुमी माथी अवल, दोयम, सीम तथा चाहार कर लगाइने गरिन्थ्यो । यस प्रकारको कर भने सुरु सुरुमा पञ्चकर्णको जिम्मामा रैतीबाट उठाईएको देखिदैन । सरकारले किपटलाई क्षतविक्षत वनाउने षडयन्त्र स्वरूप रैकर जग्गामा अत्यधिक तिरो वृद्धि गरे । वि.सं. २०१८ मा १०%, १९ मा २०%, २० सालमा १००% वृद्धी भयो (श्रेष्ठ, २०४२:५८) । २०३२ सालमा तेह्रथुममा नापी सुरु गरियो र किपटमा पनी रैकर सरह तिरो लगाउने व्यवस्था गरिने हुनाले धेरै जसो किपटहरू नापीमा दर्ता किपटिया सुवाहरूले गरेनन् । संखुवासभामा दुर्गामणी देवान तत्कालिन राष्ट्रिय पञ्चायत सदस्यले डाडा पाखा, जंगल खर्क दर्ता गर्न नापीका कर्मचारी नमान्दा डन्डीले डडाँल्ने खुस्काइदिने धम्की दिदै विधेयकमा हस्ताक्षर गर्ने व्यक्ति हु कसरी गर्दैनस भनेर दर्ता धेरै पाखा, चौर खर्क जंगल गराए यद्यपी तेह्रथुमको संसद भिमराज खापुङ्गले पनी चाहेको भए दर्ता हुन सक्थ्यो भनेर किरात याकथुङ्ग चुम्लुङ्गको ललितपुर कार्यक्रम (२०७४/१/१०) गते व्यक्तिगत कुराकानीमा वताउनु भएको थियो । नापीका कर्मचारीहरूले जोतेको खेत वारीमात्र नाप्ने भनेकाले धेरै लिम्वूहरूको कान्लामात्र पनी नापी गरे भने कुनै सुवाहरूले भए भरको सम्म पनी नापे, भने कसैले डाँडाँपाखामा वस्ने चलाख क्षेत्री, वाहुनहरू र गुरुङ्ग, तामाङ्गहरू लगायतले किपट भित्रका जंगल, आसापास सम्मका पाखा खर्क नापीमा आउने कर्मचारीहरूलाई घुस दिएर पनी आफ्नो नाममा दर्ता गरे । पञ्चकर्ण जिम्मामा रहेको मंगलवारे फेद आसपासको विशाल जंगलजो किपटिया सुवाले सुरक्षित राख्नु पर्ने आदेश वमोजिम वचेको विशाल रुखहरू नापीले दर्ता नगर्ने र सुवांगीको हक भित्रको किपट समाप्त हुने भएकाले पञ्चकर्णका नाती ३ भाई सु. मानवहादुर, सु. हांनारायण, सु. वषतवहादुरका छोराहरूले धेरै काठकाटेको त्यहाँका एक गुरुङ्ग वासिन्दाले म सँग वताएको थियो । यद्यपी सुवांगी अन्तर्गतको किपटिया जिम्मावालको अधिकारसँग जानकार नरहेको आभास हुन्थ्यो । त्यसरी जंगल फडानी द्रुत गतीमा हुँदा थुप्रै स्थानिय वासीहरू समेतले काठ काटेर घर वनाउनु भन्दा वेचेको देखिन्छ भने ३ भाइका छोरा नातीहरूले काठ तस्करी वेचविखन नगरी, गाउँघरमा विशाल ३ धुरे, ६ धुरे घर लगायत काठ प्रसस्तमात्रामा प्रयोग गरी गाउँमै आकर्षक घरहरू वनाए भने कसैले त्यहीको काठले मोराहाङ्ग डाँडाँ वजारमा समेत विशाल घरहरू वनाए ।रेग्मी (सन्

१९६५) लेख्छन् "राज्यले क्रमिक रूपमा समय वित्दै जादा सवै भुमीहरू लिम्वूहरूबाट छुटयाएर उपभोगको एकात्मक प्रणाली समान उपभोग र रैकर प्रणालीमा ल्याएका छन् ।"


वि.सं. २०२५ मा भुमी सम्बन्धी ऐनमा दोस्रो संशोधन गरी किपटमा २०२६ सालदेखि भोगवन्धकीमा थैलीको सयकडा १० भन्दा वढी आयस्ता खाएको भए सो सावामा कट्टा गरिने व्यवस्था भयो । थोरै थैलीमा जग्गा साहुले भोगवन्धकी खाएको छ भने यो संशोधनले किपटिया लिम्वूहरूले ऋणबाट केही उक्सने अवसर पाए । ऋण मिनाहाको समयमा उनीहरूका किपट भूमिहरू रैकरमा वदलिएका थिए र वाँकी किपट भुमी केही रकम प्राप्त गरेपछी विक्रि गरे । लियोनल कप्लान लेख्नुहुन्छ "किपटियाले एउटा जमिन माथिको ऋण मिनाहाको दावी गऱ्यो र फिर्ता लियो तर अर्कोमा गरेन साहु आएर भन्यो वावुको समयदेखी भोग गरेको जमिन वेच्नु होस भनेर थप रकम दियो अनी राजीनामा पास गरिदिए । निश्चित रूपमा के देख्न सकिन्छ भने किपट भुमीको फिर्ता प्रमुख हस्तान्तरण वाहुन साहुहरूबाट लिम्वू मालिकहरूमा हुँदै भएन । यसले किपट भुमी रैकरमा परिवर्तन र विक्रि वितरणको फुकुवासँगै लिम्वूहरूको वचेखुचेको किपट भुमी ठुलो स्तरमा स्थायी रूपले विच्छेदीकरण भयो भन्ने प्रष्ट गर्छ । लिम्वूहरू जब ऋण मिनाहाको खबर सुने धेरै खुसी भए ।त्यसैले दुई दिनसम्म खुसी भए तर तेस्रो दिन रुनु सुरु गरे । किनकी मिनाहापछी किपटिया लिम्वूहरूको भूमि राजीनाममा वेच्नु पर्ने हुन्थ्यो (कप्लान, सन् २०१०: २१५) ।

## ५.२ सुवांगी र अमाल

स्थानिय सरकार व्यवस्थापन गर्ने सुवांगी अन्तर्गत लिम्वूवानमा महत्वपूर्ण अमाली प्रथा थियो । सुवांगी प्राप्त गरेका व्यक्तिले अमाल चलाउँन पाउथ्यो । तालुकदार सुवाले आफ्नो क्षेत्र जिम्मा भित्र पञ्चखत (हड्सनका अनुशार पञ्चखत भन्नाले ब्रह्म हत्या, स्त्रीहत्या, वालहत्या, गौहत्या, देखी जवरजस्ती यौन सम्पर्कहरू) पर्दथे । महेशचन्द्र रेग्मीले भने ज्यान जाने, मुडिने, दामल हुने (घटी जातमा मिलाउनमा खेपिने) जातमा पतित हुने रजीवन भर कैद गराउँने पाच मुद्दालाई पञ्चखत भनेका छन्। ति वाहेकका मुद्धामामिला हेर्न, फौसला हेर्न, मिलापत्र गर्न र दण्डकुण्ड तथा ठिङरोमुङरो गर्न पाउँथे । उनीहरूको काम न्याय, आर्थिक व्यवस्थापन देखि वाटोघाटो वनाउने, जंगलको संरक्षण गर्ने, सिमामा गस्ती गर्ने, पल्टनको लागि राशन तयार गर्ने र तोडा हुलाक वोक्ने मुख्य थियो । महेशचन्द्र रेग्मी अनुसार पल्लो किरातमा लिम्वूहरूको परम्परागत चलन अनुशार सुवा, राई, तिरुवा

सुवाहरूले आफ्नो अधिकार क्षेत्र भित्रका ईलाकामा न्यायिक अधिकार उपभोग गर्दछन् । तर वास्तवमा तिरुवा सुवाले भने न्यायिक अधिकार उपभोग गर्न अथवा अमाल गर्न पाउदैनथ्यो ।यद्यपी लेखपढ गर्न जान्ने सुवाहरूले मात्र अमाली चलाएको देखिन्छ । वि.सं. १८७७ को सरकारी आदेशले सुवांगी अधिकार पनी वंशाणुगत गराइयो वा सुवाको जेठो छोरालाई नै सुवा वनाईन्थ्यो । वि.सं. १९९८ को सनदले पनी त्यही नियमलाई निरन्तरता दिदै सुवाको जेठो छोरालाई सुवांगी हकदार कायम गरायो (संग्रौला, २०५६ :१३६) । दरवारबाट किपटियालाई रस्ती रसाइ वस्ती वसाई निमकको सोझो भएर भोग्य गर भन्ने हुकुम हुन्थ्यो ।गैर लिम्वूहरू देखि अरु थरका लिम्वूहरूलाई सुवाले चोकफुङ (भैयाद वनाउने र शुद्ध गराउने) द्वारा दुवो ढुङ्गो छुवाएर भैयाद वनाउन सक्थ्यो । धर्मपुत्र (ससिङ) वनाउने तरिका पनि चोकफुङवाटै हुन्थ्यो । सुवाले पाँच जना आफ्नो क्षेत्रभित्र अमालमा मनोनित गर्दथ्यो । राई, कारोवारी, कर्ता, पगरी र वुढयौली जसलाई रु ३ तिरो मिन्हा हुन्थ्यो ।

कर्ता, कारोवारीहरूले डोकेभाई/भैयादहरूलाई तिरो उठाउने र नराम्रो काम गर्नेलाई ठिङ्रो मुङ्रो लगाउँन सुवालाई सहयोग गर्थ्यो । वुढ्यौलीहरूले सुवालाई अमालमा मुद्दा छिन्ने देखि संस्कृति संस्कारका कार्यहरूमा सल्लाह दिन्थे । थरीको काम ढाक्रे (गैर लिम्वू) हरूको तिरो उठाउनु हुन्थ्यो । डोकेभाईहरूलाई घरधुरी अनुरूप रु ६/५० पैसा लाग्थ्यो । वाहुन क्षेत्रीहरूलाई कर थोरै लाग्थ्यो, सुषिम वसाई गएका डोकेभाईहरूलाई रु ५/५० लाग्थ्यो ।सुषिमे र वाहुन क्षेत्रीहरूलाई झारा कर लाग्दैनथ्यो रु १ मिन्हा हुन्थ्यो । वाहुन क्षेत्रीहरूलाई मात्र साउन्या कर लाग्थ्यो । भने रैती सम्पूर्णलाई शेर्मा कर नलागेको देखिन्छ । वाहुन क्षेत्री वाहेकका लाई मेगजिन (गाई गोरुको मासु खाए वापतको कर) पनी उठाएको देखिन्छ । वि.सं. १९३० सालमा पंचकर्ण खापुङ्ग जिम्माको तिरोको तिरिज निम्नानुशार छ ।



त्यस्तै वि.सं. १९५० नाप जाच पछी , लिम्वूवान किपट क्षेत्र भित्रका गैर किपटिया जातिहरूलाई हले, पाटे र कोदाले तिरो लगाईयो । साथै विविध पेशा अपनाउँनेहरूलाई पेसागत कर लाग्ने व्यवस्था गरियो । उक्त व्यवस्था अनुशार कामीलाई तालेतिरो, दमाइलाई सुजेरो तिरो, सार्कीलाई पलेट तिरो, नेवारलाई छिपौछापो तिरो लगाईयो । वि.सं. १९५० को पाखा तर्फको.मोठ उजारमा उक्त तिरो उल्लेखित रहेको छ (परिशिष्ट ९)।लिम्वूवानमा सेनवंशी राजाहरूको समयदेखि नै अमाल प्रथा प्रचलित भएको वुझिन्छ । लिम्वूवान जव नेपाल अधिराज्यमा सम्मिलित भयो श्री ५ पृथ्वीनारायण शाहले लिम्वूहरूले पहिलेदेखि पाई आएको थिति थामीदिई यस प्रकारको स्थानिय स्वायत्त शासन पनी थामी दिए । सरकारबाट

अरुण नदी पूर्वका अमाली सुवाहरूको नाममा वि.सं. १८६७श्रावण वदी १० मा एक रूक्का आदेश पठाई वि.सं. १८६३ अघि तोकिएको दण्डकुण्डलाई सदर गरी सो भन्दा वढी दण्डकुण्ड नगरिने आदेश जारी गरियो । रण वहादुरशाहको पालामा जरिवाना निम्नानुशार तोकिएको थियो । (१) वालहत्या रु १५ (२) हाडनाता करणी पुरुष रु १५, स्त्री रु १२ (३) ब्याभिचार पुरुष (चाक) रु १२, स्त्री (चकुई) रु १० (४) शारिरीक चोटपटक रु ५, उल्लेखित विवरण अनुशार वालहत्या, हाडनाताकरणी, व्याभिचार, र शारिरीक चोटपटक वा अङ्गभङ्ग सम्बन्धी अपराधमा निश्चित रकम तोकिएको भएता पनि जातपात वा छुवाछुत सम्बन्धमा कुनै नीति नियम भएको उल्लेख पाईएको छैन । करनी मुद्दामा 'चन्द्रायण' गर्नु पर्दा अमाली समक्ष गएर जानकारी दिनुपर्ने र अमालीले आवश्यक कारवाही गर्नु पर्ने कुरा वि.सं. १८९७ को सनदबाट प्रस्ट हुन्छ । त्यस्तै अमालको अधिकार सम्बन्धमा वि.सं. १९०४ जेष्ठ वदी ५ को लालमोहरमा यस प्रकार उल्लेख छ । रैतिहरूका जग्गामा अघिदेखि चलि आएको चाक चकुइको (अर्काकी स्वास्नी लादा जारलाई लाग्ने दण्ड १५ रूपैया मध्ये खन्दुकीलाई ५ दिनु वाकी रूपैया १० चकुईका रूपैया १२ अमालीले खानु । जार हान्नेको चकुई प्रजानीलाई निखन्छु भने त्यसको मोल रूपैया ३५ अमालिले लिनु । हतियार प्रयोग नगरी कसैले कसैलाई रगत पक्ष वा रगताम्मे पारे रुपियाँ ५ दण्ड गर्नु तर दात नसाटिएको वच्चाले रगताम्मे पारे दण्डजरिवानाको व्यवस्था थिएन । वनजङ्गलमा सिकारीले जति सिकार मारे पनी एउटा फिला अमालीलाई दिनुपर्थ्यो तर पासामा पारेको सिकारको हक सिकारीको हुन्थ्यो । वनमा सोलापासा थापेमा सिकारीले अमाली सुवालाई थाहा दिनुपर्थ्यो र पासामा परी कसैको मृत्यु भएमा अमाली सुवाले रु ५ दण्ड गर्थ्यो । पासोमा परी चोटपटकमात्र लागेमा आधा रकम दण्ड हुन्थ्यो । अमाली सुवाले विधुवा आइमाई पोइल गए विवाह खर्च जारी वापत उठाई दिनु र लोग्ने कायम गरिदिनु पर्थ्यो (संग्रौला, २०६७:१७८, १७९) ।अमाली सुवाले गौरी गाईको दाहिने सिं, हात्तिको दाहिने दाँत, गैडाको खाग, आकासमा उड्ने चिल, खोलाको तितेमाछा, भिरमौरीको मह, सरकारलाई वुझाउनु पर्दथ्यो भने वाघ, भालुको छाला, हात्तिको देब्रेदात, आदि आफै राख्न पाउँथ्यो । मोरां मौजाका सुवा मानवहादुरले हात्तिको देब्रेदातले वनाईएको खुकुरीको विड भिर्ने, भालुको छालाको मुडामा वस्ने गर्दथे,बाघको छाला घरको बरण्डामा झुण्ड्याएर बस्ने,ओछ्याउने गर्दथे । वाल्यकालमा सवै भन्दा धेरै मुडा वोकेर वाजेलाई साथी दिने उनका कान्छा छोराका काइला छोरा नाती वर्तमान मेन्छयायेम गाउपालिकाका वर्तमान अध्यक्ष यादव ब. खापुङ्ग हुनुहुन्थ्यो । अमाली सुवाको सुवांगी भित्र

पर्ने क्षेत्रको उडन्त (उड्ने पंक्षिमा), गडन्त (जमिन मुनीको वस्तु), जलकर (पानी भित्र वाहिरको), वनकर (जङ्गलका प्राणी), तितेमाछा, महभिर, वाघ ,भालु ,गैडा, हात्ति सवै अमाली सुवाको अधिकार भित्र पर्दथ्यो । यि वाहेक अमाली सुवाले अर्मल, ठेकी, खर्चरी, वेठी, सिसार, सुवा मान्ने (लिम्वूहरूको रितभात हुदा सुवालाई रु ५ र एक वोतल रक्सी राख्नु पर्ने) अमाली तालुकदार जिमिदारले ढाक्रेहरूलाई किपट भुमीमा वसोवास गराई ठेकी कर लिने तर ढाक्रेहरूले वलपूर्वक किपट जग्गामा नवस्ने, किपटिया जिमिदारले आफ्नो किपट क्षेत्र भित्र मरेका भैसिहरू माथि अधिकार गर्न पाउने । अमाली सुवाले प्रत्येक रैती घरबाट वर्षमा ५ वटा खेताला पाउँने । साथै अमाली सुवाहरूले आफ्नो सुवांगी क्षेत्रमा शान्ति व्यवस्था कायम गर्ने ,तिरो उठाई सरकारी कोषमा जम्मा गर्नुपर्ने, न्यायिक कार्य स्वच्छ तरिकाले सञ्चालन गर्नुपर्ने, विकाश निर्माणको कार्य गर्नुपर्ने, वनजङ्गलको सुरक्षा, प्राकृतिक स्रोत साधनको संरक्षण र उपयोग, जङ्गली पशुपंक्षीको संरक्षण र उपयोग, गाउँ समाजका छुल्याहा, हुल्याहा, फाटाहा, वदमासी, चोरी डकौती व्यभिचारीलाई दण्ड जरिमाना ठिङ्ग्रोमुङरो ठोक्ने जस्ता अधिकार प्रयोगगरी शान्ति सुरक्षा गर्नु पर्ने तथा सरकारलाई हरतरहले सहयोग गर्नुपर्ने हुन्थ्यो । अमाली सुवाहरूले आफ्नो जिम्मा भित्र र दोसाधको झैझगडाहरूमात्र नहेरी अरु थुम इलाकाका झगडाहरू हेर्न र छिन्न थालेकाले र सुवाहरूले अरुलाई अमाल गर्नु भनी पट्टा गरिदिएकाले अरुले पनी झगडाहरू हेर्न छिन्न थालेकाले वि.सं. १९५२ को इस्तीहारमा आ-आफ्नो तिरिजमा मात्र कार्य गर्नु भन्ने जारी भयो यद्यपि वि.सं. १९९४ सम्म सुवांगी पट्टा लेनदेन, तिरो उठाउने र अमाली काम गर्ने निरन्तरता रहीरहेको थियो । वि.सं. १९५० सालको मोठ उजार १९६४ उल्लेखित मितिको कागजमा सु. पञ्चकर्णको थप ४ जिम्मा चलाएको देखिन्छ (परिशिष्ट ९) । वि.सं. १९९८ को सनद अनुसार सुवांगी तालुकदारी प्रथा वेच्न नपाइने भयो । मुलुकी ऐनमा संशोधन गर्दै वि.सं. १९११ देखि १९२७ सम्म आईपुग्दा रु १०० सम्मको विगो वा रु २५ सम्म दण्ड सजाय हुने मुद्धा मात्र फैसला गर्ने कानुनी व्यवस्था भयो । मुलुकी ऐनमा संशोधन गर्दै वि.सं. १९८० सम्म आइपुग्दा अमाली सुवाले रु ५० विगो र रु १० सम्मकोमात्र दण्ड सजाय गर्न पाउने व्यवस्था गरियो ।

शिवकुमार श्रेष्ठका अनुसार वि.सं. २००३ मा खड्क निशाना भयो उक्त खड्क निशानाले कोदालोले विराएको खेतमा तिरो नलाग्ने, एक किस्तामा तिरो वुझाउनु पर्ने, दर्ता नभएको घरधुरी (कर) खान पाउने, छुवाछुत मुद्धा छिन्न पाउने ,अड्डाले अमालबाट मिसिल

झिकुवा गर्न नपाउने र अमालीले छिनेको मुद्धामा अमालीले प्रतिवादी सरह तारिखमा रहन नपर्ने, पञ्चखत वाहेकका मुद्धा किपटिया जिम्मावाल अमाली सुवाले हेर्न र आसमानी दण्डकुण्ड गरी खान पाउने । अमालीले छिनेको मुद्धामा चित्त नवुझनेले अपिल दिएमा मात्र नालेस लाग्ने भन्ने जारी भयो ।

समाजमा अमाली सुवाको ठुलो मान प्रतिष्ठा इज्जत थियो । मौजाको आ-आफ्नो जिम्मामा अमाल सञ्चालन गर्दर्थे । अमाली सञ्चालन गर्न वेग्लै वा छुट्टै कार्यलय थिएन । अमाली सुवाको घर, दलान, खुल्ला चौतारा, पाटी वा वादी प्रतिवादीको घर आगन आदि नै इजलास रहने स्थान थियो । यसरी कार्यलय अनौपचारिक भएपनी निजहरूले गरेका न्यायनिसाफ तथा फैसलाले पूर्ण औपचारिक वा कानुनी मान्यता पाउथ्यो । अधिकांश मौजाहरूमा सुवाहरूले मौखिक रूपमै फैसला गर्दर्थे भने केही सुवाहरूले आफ्नो फैसला लिपिवद्ध पनी गर्दर्थे । थुम थुम, जिल्ला ,गौँडामा उनीहरूको रवाफ हुनाले सुवाहरूको टाढा टाढा सम्म वैवाहिक सम्बन्ध हुन्थ्यो । विशेषत ठुला जिम्मा सुवांगीभएको सँग त्यही हौसियतकोसँग मात्र कुटुम्वेरी हुन्थ्यो भने सानो जिम्माको सुवा र सुवांगी नभएका किपटिया लिम्वू भैयाद डोकेभाइहरूको वैवाहिक सम्बन्ध त्यही धरातलिय पृष्ठभूमिमा रहन्थ्यो । तसर्थ त्यो सामन्तवादी समाजमा वैवाहिक सम्बन्धको परिणाम पनी पछिल्लो पुस्तामा उच, निच प्रतिविम्वित भएको पाउँछौ । गरिवको छोराले धनीको छोरी हाजिरा गएर मागी विहे गर्ने सहज अवस्था थिएन यदाकदा चिनजान र मनपरापर भएमा भागि विवाह संभव हुन सक्थ्यो त्यसरी सुवांगीले एउटा उच, निच, विभेद लिम्वु वंशभित्र श्रृजीत गरेको थियो । आङदेम्वे वंशावलीमा हेर्दा एक जना वाजनसिंह आङदेम्वेको सन्तानमा वर्तमान सम्ममा आफ्नो पछिल्लो आङ्देम्वे वंश र छोरी तर्फका भान्जा/भान्जी र तिनका छोराहरूको वंश वृक्षमा देखाइएको नाममा अधिकांश अहिलेसम्म भएमा मन्त्रीहरू र संसदहरूको नाम उल्लेख पाईन्छ । भने विशेष म्याङ्लुङका भागिमान सिं तुम्वाहाम्फेको सन्ततीमा पनी त्यो देख्न सकिन्छ । कहलिएको सुवाले थुप्रै जिम्माको तालुकदार पनी हुने हुनाले आयस्रोत हुने आर्थिक पाटोका विभिन्न पक्षहरू सँग अमाली सुवा नै जोडिनाले प्रसस्त जग्गा जमिन र सम्पती हुन्थ्यो । उसले धेरै श्रीमती वटुल्ने गरेको देखिन्छ । तत्कालिन समयमा गरिव लिम्वूसँग वाहुनीहरूले विवाह गरेको देखिदैन यद्यपी नामुद सुवाहरू सँग चही छिटफुट विहे पनी गरेको देखिन्छ । भने इटहरीका सुवा महेश्वरमान मेन्याङवोले वाहुनी विहे गरी सकेपछी कमिनी (अछुत) २ जना दिदी वहिनी नै विहे गरेको पाइन्छ । सामन्तवादी समाजमा

सुवामेन्याङ्वोले विवाह गरी आफैसँग आफ्नै घरमा राख्दा पनी समाजले केही गर्ने हिम्मत गरेन कुनै गरिव मेन्याङवो अर्थात अन्य थरीले गरेको भए सामाजिक वहिष्कार हुनु पर्थ्यो र भएको देखिन्छ । त्यो मोराहाङ्गमा पनी दलित सँग विहे गर्नेहरू सामाजिक वहिष्कार मै परेका छन् । मोराहाङ्गमा विहे गर्ने लिम्वूलाई दाजुभाइको घरमा प्रवेश निशेध गरिएको छ । भने अरु लिम्वूहरू गाउँ छोडेर वसाई नै गएका छन तथापी तिनै इटहरीका महेश्वर झोडाका सुवा महेश्वर मन्याङ्वोका लिम्वुनी पट्टीको छोरा अञ्चलाधिस र मन्त्री वने । सुवाहरूश्रीमती वटुल्नलाई राज्यको छुट त्यो अर्थमा जस्तो देखिन्छकी जति धैरै किपटिया लिम्वु डोकेभाइको संख्या वढ्यो त्यत्ती घरधुरी अनुरूप तिरो बढ्थ्यो । १ परिवार वरावर रु ६/५० कर तिरो वुझाउँदा सरकारलाई फाइदा हुन्थ्यो । जेठीश्रीमतीले पनी जेठा छोरा हुदाहुदै अर्को श्रीमती ल्याउँदा त्यत्ती आपत्ती व्यक्त गर्दैनथे । किनकी उसैको जेठा छोरा नै जेठाकी सुवांगी जुन समाज कुलवंशको सामन्तको रूपमा प्रतिनिधित्व हुन्थ्यो । यद्यपी सुवाको धैरै श्रीमतीबाट धैरै सन्तान धैरै स्वभाव, क्षमता, संभावनाका जन्मिएको देखिन्छ ( फिल्डनोट २०७४) ।

मोराहाङ्गका सुवा मानवहादुर,सुवा हांनारायण, सुवा वषतवहादुर ३ भाईले जेठी पट्टी सवैको छोरा हुदाहुदै दोस्रो श्रीमती ल्याए, सु. मानवहादुरको ४ छोरा र १४ नातीहरू, सु.हां नारायणका ५ छोरा ६ नाती, सु. वषत वहादुरका ५ छोरा १३ नातीहरू देखिन्छन् । तत्कालिन वंश र समाजको राजनीतिक आर्थिक सामाजिक, क्षेत्रमा उनीहरूको प्रभावशाली उपस्थीतीले ३ भाईया अरिङ्गाले नामक नयाँ आयामको पहिचान मार्फत परिचित हुन पुगे ( चित्र नं. झ) । २०६५ सम्ममा मोराहाङ्गमा खापुङ्ग लिम्वूहरूको कुल भुमी मध्ये आधा हिस्सा भन्दा ज्यादा यिनीहरूकै सन्ततीको पकडमा थियो । जति पनी वाहुन क्षेत्रीहरू भूमी वेचेर वसाई गए तिनीहरूको जमिन यिनीहरूले नै ज्यादा लिएको देखिन्छ । ३ भाई एकातिर , पुरै गाउँका बिशेष थरी बाहुनहरू,केही क्षत्री लगायत खापुङ्ग नजिकका दाजुभाई र टाढाका बिरुद्ध हुँदा भिड्दै,थेग्दै टिकेको देखिन्छ । सुबांगी किपट जग्गा मुद्धा बि.सं १९८८ मा सुबा टिकाहांका छोरा अगमध्वज संगको मुद्धामा मान बहादुर बादी रहीजित पत्रको धनकुटा अपिलको फैसलामा वसिदुम्बा बस्ने बेदनिधी पाध्या भट्टराई ( तत्कालिन समयका अत्यधिक धनी जसले पुर्बमै लगभगशुरुमा घरको छानो टिनले छाएका थिए अत्यधिक धनी भएकाले उनका भतिज पर्ने जोखेको षडयन्त्रमा २०१२ सालमा मारियो) उनी अगमध्वजका साक्षी बसेका छन् जो बेदनिधीले बि.सं १९९३ मा अरिंगालले टोकेर मारेको मान्छे मान बहादुर र

उनका भाईहरूले मारेको भनी सुबा चन्द्रहांका छोरा धन बहादुरलाई उकासी उनै धन बहादुर द्वारा आरोपको मुद्धा लगाए पछी मान बहादुर जेल गए । पछी मान बहादुर र हां नारायण जेलबाट छुटे ।सु. मान बहादुर पञ्चकर्ण जिम्माका उत्तराधिकारी सुबा थिए भने अगमध्वज र धन बहादुर सुबाकै छोराहरू थिए । एक अर्थमा प्रभुत्वशाली सुबा बन्ने प्रतिस्प्रर्धाको होडबाजीमा सरकारी मुद्धा लड्ने परिस्थितीका साक्षी  प्राय तिनै थरी (थऱ्याई) भएका बाहुनहरू हुन्थे ।मान बहादुर जीबनकाल भरी प्रायः मुद्धामा हारेनन् ।उनको लेखापडी राम्रो हुनाले उनका कान्छा छोरा गणेस बहादुर धनकुटा पुनराबेदन अदालत सम्म वकालत गर्दथे भने वकिल भनेर पनी कहलिए ।सुबांगी रहन्जल उनको प्रभाव र रवाफ देखिन्छ ।


सुवा मान वहादुर खापुङ्गको साइला छोरा मेरो बाजे देवी वहादुर खापुङ्गले मात्र सात घर खायल परिवार गुरागाई वाहुनहरूलाई यथेष्ट चित्तबुझ्दो पैसा दिएर घर वारी, जंगल, सिमषेत राजीनामा किनी तिनीहरू मधेश झरेका थिए । तिनीहरू मध्येको १ घर धनी  थरी नै भएको गुरागाई लाई बि.सं २०३४/३५ सालमा पचहत्तर हजार (७५,०००) दिए बापत बन जंगल,घर बारी,सिम खेत लिएको देखिन्छ । सात परिवारकै राम्रो चापद्वारा निर्मित घरपाली थिए । वि.सं. १९६० पछी २०३२ अघि सिमषेत वाहेक अरु षेत राजीनामा नहुने नियमले गर्दा खापुङ्ग दाजुभाइहरू सँग राजीनामा कागजमा पास किनीएको खेत २०५८/५९ मा मात्र पास गरिएको थियो भने पूर्वमन्त्री परशुराम खापुङ्गसँग वाजेले कागजमा राजीनामा किनिएको खेत २०७४ सालमा हाइड्रो पावरलाई वेच्नु पर्दा तेह्रथुम मालपोतबाट उनले राजीनामा पास गरिदिए । वाजे देवी वहादुरको जमिन आफु वसेको मूलघरबाट उधोमा खोरुङगा खोलाको गौखुरी देवीआसपास सम्म भने उभोमा टेकविरे डाँडाँसम्म जीमि, भुमी जंगल देखिन्छ । उहाँले आफ्नो नामदेखी वाहेक आफ्नो छोराहरू र छोरी समेतमा नापी गरी पास गरेकाले त्यत्रो भुभागमा हदवन्दी लागेन जुन उनका ४ भाई छोराहरूको अंशमा जतीको त्यतीमा वरु छोराहरूले अझ थपेको देखिन्छ । भने सुबा बखत बहादुरको छोरा ललित बहादुरको मोराहाङ्गमा धेरै नै जग्गा देखिन्छ ।मोराहाङ्गमा एउटै सोलो डोलो पल्टमा सबैभन्दा धेरै अलैची उनैको हुन्छ जुन जमिन पनी धेरैको किनेरै संग्रह गरिएकै देखिन्छ ।

सुवा राम प्रसाद खापुङ्गले ६ भाई छोरा हुदाहुँदै वाहुनी विवाह गरेको देखिन्छ । जो खन्तरे छोरा वर्तमान तेह्रथुम जिल्लाका निर्वाचित संसद छन् । भने उनका पुर्खा नरविरको सन्तानको व्यापक जनसंख्या वृद्धिले खापुङ्ग समुदायमा नयाँ आयाम थप्दै मांसारूपको ठुलो

भुक्षेत्र उनीहरूकै नियन्त्रणमा देखिन्छ । साथै राजनीतिक क्षेत्रमा उनीहरूको निरन्तर प्रभाव देखिन्छ (फिल्ड नोट २०७५)।

अमाली सुवाहरू स्थानिय मौजामा पुरै अधिकारले सम्पन्न हुनाले सरकारले कुनै पनी गतिविधि, हस्तक्षेप प्रत्यक्ष गर्दैन्थ्यो । आम जनताको शान्ति सुरक्षाको जिम्मेवारी तत्स्थानको अमाली सुवाको हुने गर्दथ्यो । २००७ सालको आन्दोलनमा कोवेकका सम्वाहाम्फे लिम्वूहरूले सुवा आसिकराम संम्वाहाम्फे मोराहाङ्गको जिम्माको थरी विष्णुभक्तको घरमा आक्रमण गरी लुटपाट गरेर थुप्रै तमसुक भुमीका कागज पत्र, अन्नपानी लुटेका थिए, लाव्रीलगायत धेरै क्षेत्रवाट लुटपाट गर्न मोराहाङ्गमा आक्रमण हुदा छेत्री, वाहुन लगायतका धनीहरूले सम्पती रामप्रसादखापुङ्गको घरमा लुकाएका थिए । तेह्रथुम भरी विभिन्न मौजाहरूमा लुटपाट चलिरहेको थियो धनकुटाका तत्कालिन वडाहाकिम खेम शमशेर राणा र सहायक लोचन शमशेर थापा आत्मसमर्पण गरी काठमाडौं २००७ साल माघ २१ गते गए (तामाङ्ग, २०६३ :१६७) । २००७ साल फाल्गुन ७ गते प्रजातन्त्रको घोषणा भयो । राणाशासनको अन्त्यपछी क्रान्तिकारीहरू कांग्रेसले ललित बहादुर तुम्वाहाम्फे गर्भनरको नेतृत्वमा सामुहिक सरकारको मन्त्री मण्डल बनाए पनि तर शासन, प्रशासन, शान्ति, सुरक्षा लगायत कार्यसञ्चालन गर्न नसकेकोले राणा र कांग्रेसको अन्तरिम सरकार गठनपछी धनकुटा गौडामा नयाँ वडाहाकिम कमाण्डीङ्ग कर्णेल प्रकाश शमशेर जङ्ग बहादुर राणा आए । प्रकाश शमशेर श्री ३ महाराज देब शमशेरका छोरा देखिन्छन् जसका सन्ततीहरू भारतको देहरादुनको मसुरियामा रहेका थिए। जुद्ध शमशेर श्री ३ महाराज भएपछी देब शमशेरका छोराहरूलाई नेपालमा बोलाई नेपालगञ्ज बाके र बर्दियामा बिसाल जमिन साथै काठमाण्डौ थापाथलीको दरबार दिएको देखिन्छ, कारण उनलाई उनका दाजु देब शमशेर र भाउजुले पालन पोषण गरी हुर्काएका थिए ।जुद्ध शमशेरले प्रकाश शमशेरलाई रोल कममा राखी लेफ्टिनेन्ट कर्णेल बनाए पश्चात नेपालगञ्जको बडाहाकिम पनी भए, २००७ सालमा जनमुक्ती सेनाको नेपालगञ्ज आक्रमण अघी बडाहाकिम पद छोडेको देखिन्छ ।पुन प्रजातन्त्र आए पश्चात धनकुटाका बडाहाकिम कमाण्डिङ्ग कर्णेलको (राणाकालमा ब्रिगेडियर जनरल भन्दा मुनी कर्णेल भन्दा माथीको पद कमाण्डिङ्ग कर्णेल भनिन्थ्यो) रूपमा प्रकाश शमशेर धनकुटा आए उनी पछी मेजर जनरल सम्म भए।प्रकाश शमशेर धनकुटा आए पश्चात पनी पूर्वी नेपाल तेह्रथुममा लुटपाट चलिरहेको थियो । २००८ साल कात्तिक १९ गते सोमबारको मितिमा, फेदाप मोराहाङ्गका सुवा मानवहादुर लिम्वूको नाममा इलाका जिल्लामै राजाकाजको झुटा कुरा उठ्ने,

जनताहरू भड्काउने हुनाले जिल्ला तालुकभित्रै त्यस्तो गर्न नदिन, प्रवंध गर्न र लुटपाट हुन नदिन आफ्नो मौजाको आसपास गाउँहरूका मौजाहरूमा शान्ति कायम गर्नुपर्ने, जवरजस्ती गर्नेहरूलाई पक्राउ गरी थानाहरूमा बुझाइदिनु पर्ने साथै धनकुटा गौडामा गतिविधि लेखी समेत पठाउनु पर्ने त्यस्ता केही घटना भएमा जवाफदेही हुनुपर्ने, शान्तिस्थापना निमित्त जील्लामा सल्लाहकार जाच कमिसडोर आउने हुनाले सल्लाहकार डोरमा हाजिर भई सहयोग गर्नु गराउनु भनी पत्र लेखेको निम्न छ ।



यो पत्रलाई हेर्दा प्रजातन्त्रपछी पनि लुटपाट चलिरहेको अशान्ती भएको, सामन्तहरूको घर फोडिएको, राजकाज सम्मको मुद्धा धनकुटामा आएको भागि हिड्नेहरूले वाली नाली लुटपाट गर्ने चलिरहेको व्यहोरा देखाएको छ । २००७साल पछी ८ साल लाग्दा सम्म धेरै थऱ्याई वाहुनहरू क्षेत्री नेवार लगायत साहु महाजन हरू लुटिएकाले यो पत्रले आफ्नो नजिकको मौजा देखि जिल्ला तालुकभित्र शान्ति कायम गर्ने, लुटपाट रोकिनु पर्ने जिम्मेवारीपूर्वकको आदेशात्मक पत्र अमाली सुवा मानवहादुर खापुङ्गलाई पठाईएको छ । यो पत्रको आसय वुझ्दा उनको मौजा मौजा, जिल्ला भित्रका तालुकदारहरूसँग प्रभाव र रवाफयोग्य सम्बन्ध र उनी कहलिएका हर्ताकर्ता अमाली सुवा हुनाले राम्रो शान्ति सुव्यवस्था कायम गर्नु पर्ने, आसपासको गाउँहरूमा समेत सम्झाउँने, बुझाउँने, बेहिसाब हुन नदिने प्रवन्ध मिलाउनु पर्ने जिम्मेवारी वोध सहितको व्यहोरा पनी उल्लेख भएको पाउँछौ । यो पत्रले थप पुष्टी के गर्छ भने विशेष वाहुन क्षेत्रीहरूको सुरक्षालाई राज्यले महत्वपूर्ण ठानेको साथै लिम्वू सुवाले सुरक्षा नदिएमा त्यसको जवाफदेही समेत हुनु पर्ने चेतावनीपूर्वकको पत्र धनकुटा गौडाको वडाहाकिमको नाम र हस्ताक्षरमा अमाली सुवा मानवहादुर खापुङ्गलाई लेखी पठाइएको छ ।

तेह्रथुम आठराई क्षेत्रमा २००८ सम्म पनी व्यापक लुटपाट चलिरहेको थियो । त्यही लुटपाटको कारणले भु.पु मन्त्री देउमान आङदेम्वे धनी भएको वताईन्छ । केपी शर्मा ओली, सिपी मैनाली, कृष्ण सिटौला लगायतका थुप्रै राष्ट्रिय व्यक्तित्वका हस्तीहरूका पुर्खा यही २००७ सालको काण्डमा आठराईछोडी रातारात मधेश झरे ,धेरै बाहुनहरू धनी सयौ बिघाहा जमिनका मालिक जमिन्दार भए भने त्यहाँ रहेका आदिम समय देखि बसोबास गरेका आदिबासी राजबंशी,धिमाल,सतार, मेचे,कोचे लगायँतको जमिन सकियो र ति आदिबासीहरू पहाडबाट झरेका जमिन्दारहरूकैमा हली गोठाला हुन बाध्य भए । तेह्रथुममा २००८ सालपछी लुटपाटलाई निस्तेज पार्न र शान्ति स्थापना गर्न वडाहाकिम तेह्रथुम म्याङलुङमा आउँदा खिचिएको पुरानो फोटो वडाहाकिमको छेउमा सुवा मानवहादुर खापुङ्ग लगायत तेह्रथुमका नामुद अमाली सुवाहरूको सामुहिक फोटो वेलायत लगेर धेरै वनाई ल्याउने भन्दा उतै हराएको भनेर त्यो फोटोको स्मरण के. आइ.सिं खापुङ्ग काका गर्नु हुन्छ । धनकुटा गौडाका वडाहाकिम मकर ब. वान्तावा (राई) पूर्वी तेह्रथुममा आउदा मान. ब. खापुङ्गकै घरमा बडाहाकिमले भेटघाट गरेको स्मरण मेरा वुवा ज्यू योगेन्द्र ब. खापुङ्गले स्मरण सुनाउनु हुन्थ्यो । मौजा मौजाको सुरक्षा, शान्तीव्यवस्था, न्यायिक अधिकार अमाली

सुवाको मातहतमै रहनाले जिल्लाबाट आएका अधिकारी देखी गौडासम्मका प्रशासनिक अधिकारीहरूले स्थानीय अमाली सुवासँग छलफल, राय सुझाव लिनुपर्ने हुन्थ्यो ।

न्याय प्रशासन ऐन वमोजिम २०१६ देखि तालुकदार अमाली सुवाको न्यायिक अधिकार समाप्त भएकोले न्याय सम्बन्धी कुराको निर्णय अदालतबाट गरिने भयो । अमाली सुवाले न्यायिक कार्य गर्ने अधिकारबाट वञ्चित हुनुपरे तापनि रैतीहरूबाट तिरो उठाउने, वेठ वेगार, चारदाम ठेकी, कोसेली आदि सुविधाहरूबाट भने वञ्चित गरिएन । न्यायिक अधिकार कटौती पश्चात तेह्रथुममा २०३२ सालमा भुमी सुधार लागु भई नापी सर्भेको काम गरियो र मालपोत ऐन लागु भई मालपोत कार्यलयबाट नै मालपोत उठाउन थालियो यसरी लिम्वूवानको अमाली प्रथाको लामो ऐतिहासिक परम्परा विजयपुरका राजा लोहांगसेनको समयदेखी शुरु भएको सुवांगी संस्थाको पुरा समाप्त भयो ।

# अध्याय छ
# सारांश र निष्कर्ष

## ६.१ सारांश

### अध्याय १

यो शोपधत्रमा मैले फेदाप तेह्रथुम मोराहाङ्ग मौजाको खापुङ्गहरूको सुवांगी संस्थाको व्यक्तिगत अध्ययनको रूपमा समाजशास्त्रिय दृष्टिकोणबाट हेर्न खोजिएको छ । शो -यबाबाट अपभ्रंस हुदैसुवा भएको मानिन्छ । सुवांगी संस्था भनेको लिम्वूवानका लिम्वूहरूको स्वशासनको प्रत्याभुति गराउने संरचनाको रूपमा रहेको थियो । पल्लो किरातको किपट भुमीको निश्चित भुमागमा परम्परादेखि उपभोग गर्दै आएको किपटभुमीको रेखदेख, हेरचाह, नियन्त्रण र प्रशासन गर्न लालमोहर, रूक्का सरकारी आदेशबाट अधिकार प्राप्त लिम्वूहरूलाई सुवा, जिम्मावाल, तालुकदार भनिन्थ्यो र उसको अधिकार क्षेत्रलाई सुवांगी भनिन्थ्यो । यो पद पुस्तौनी हुन्थ्यो । सुवा पछी उनकै जेठा सन्तानले सुवा वा सुवांगी पद प्राप्त गरेको पाउँदछौ ।

### अध्याय २

यो शोधपत्रमा मैले सन्दर्भ साहित्यको पुनरावलोकन सम्बन्धी विभिन्न समाजशास्त्री, मानवशास्त्री दुर्खिम (१८५८ १९१७), मार्क्सवादी सिद्धान्तहरूलाई समाजशास्त्रीय दृष्टिकोणले हेर्ने प्रयास गरिएको छ । साथै लिम्वू जाति सम्बन्धमा विदेशी लेखक ह्यामिल्टन, ककपेट्रिक देखि नेपाली लेखक इमानसिं चेम्जोङ्ग, शिव कुमार श्रेष्ठ, भगिराज इङ्नाम द्वारा लिखित थुप्रै पुस्तकहरू, नव लेखकहरूका विभिन्न प्रकाशन भएका लेख रचना, पत्रपत्रिकाहरूलाई पनी समावेश गरिएको छ ।

### अध्याय ३

यो शोधपत्रमा मैले बलियो र राम्रो वनाउँनको लागि अनुसन्धान पद्धतिमा अध्ययन क्षेत्रको छनौट र त्यसको औचित्य माथी प्रकाश पार्न कोशिस गरेको छु । तथ्याङ्कको प्रकृति एवं स्रोत, तथ्याङ्क संकलन विधिहरूमा (प्राथमिक स्रोत अन्तर्गत अवलोकन, प्रमुख जानकार व्यक्तिहरू सँगको अन्तवार्ता, व्यक्तिगत अध्ययन र द्वित्तिय स्रोत अन्तर्गत अभिलेख, व्यक्तिगत डायरी, पुराना तमसुक, कागजपत्र, जीवनवृतान्त, प्रकाशित तथा अप्रकाशित लेख

रचना आदिबाट तथ्याङ्क संकलन गरिएको छ । यसका साथै तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण र अध्ययनको सीमा समावेश गरिएको छ ।

**अध्याय ४**

यो शोधपत्रमा मैले अध्ययन क्षेत्रको सामान्य परिचय गराउने उद्देश्यले जिल्ला तेह्रथुम, नामाकरणको ऐतिहासिक परिचय, मोराहाङ्गको नामाकरण र ऐतिहासिक तथ्य, फेदाप थुमका राजा तेन्हाङ्गसँग जोडिएका प्रसङ्ग इतिहास थातथलो स्थल आदि समावेश गर्ने प्रयास गरिएको छ ।

**अध्याय ५**

यो सोधपत्रमा मैले खापुङ्ग सुवांगी विगत र वर्तमानलाई मार्क्सवादी दृष्टिकोणले हेरेको छु । सुवांगी संस्थालाई मिहिन ढंगले अध्ययन विश्लेषण गर्नलाई (१) सुवांगी र खापुङ्गको किपट, (२) सुवांगी र खापुङ्गको अमालप्रथालाई जोडेर हेरीएको छ ।

सुवांगी संस्था भन्ने वित्तिकै अमाल प्रथा र किपट प्रथा अन्योन्याश्रीत रूपमा जोडिएर आउदो रहेछ । खापुङ्गहरूको किपट भुमी जेठाकी सुवांगी हुदाहुदै पनी माटोमुरी तिरी फुटी सुवा देखी तिरुवा सुवा सम्म भएको पाउँछौ । भएका किपटहरू एउटै वंशमा सुवा हुन रैकर वनाएपछी जमिनको अंशवण्डा किपट मै लिम्वू वस्नु पर्ने हुनाले खापुङ्ग वाध्य भई आफ्नो किपटमा टाढा टाढा वसाई गएको देखिन्छ । भने ठुलो किपट भुक्षेत्र रस्ती चलाई, वस्ती वसाउनु पर्ने हुनाले नव आगन्तुक मानिसहरूलाई वसाउनु जमिन उपलब्ध गराउनु पर्ने, रैतीहरूको संख्या तिव्र वृद्धीले गर्दा किपट जमिन एकाएक तरिकाले रैकर भए उक्त रैकर जग्गामा किपटिया लिम्वू वस्न नपाउनाले वसाई सरेको देखिन्छ । जुन १८३१ पछी २४/२५ पुस्ताको व्यापक वसाई सरेको पाइन्छ । उत्पादनको सम्बन्धसुवा हुने जेठाकी उत्तराधिकारीले हक अधिकार प्राप्त गर्नाले रैतीहरूको मानसम्मान देखि आयस्रोत सम्म सुवाकै सन्ततीहरूले प्राप्त गर्ने सामन्तवादी परीपाटीले प्रत्येक चरणमा सुवाको वंश छुट्टिदा सुवाका छोराहरू धनी हुदै जाने भने सुवा नभई छुट्टिएका डोकेभाइहरूगरिब हुदै जाने गर्दथे । आन्तरिक द्वन्दको कारणले नयाँ फुटी सुवा र तिरुवा सुवा हुने क्रम तिव्र भयो त्यसको फाईदा सरकारले नै लियो यात रैकर भएको भुमी वाठा थरीहरूले हात पारे त्यस अर्थमा थरीहरूले व्यापक रैतीहरू माथीको शोषण गरे । अमालप्रथाबाट पाउने सुविधाहरूसुवाले

मात्र प्राप्त गरे जसले गर्दा एउटै वंश परिवार भित्र आर्थिक असमानताको खाडल रह्यो । वाउहरूले आफ्नो छोराहरू आउदो वंशको निम्ति नसोचि दिदा पनी गरिवीको कारक तत्व बन्यो भएका भुमीहरू भुमी सुधार पछी धनीपूर्जा उठाई राजीनामा वेचीदिए । जैमान जिम्माको सुवांगी जेठाकी सुवाको हक अन्तर्गत ध्वजविरले सञ्चालन गर्नु पर्नेमा वास्ता नै नगरीएकाले सुरुमा कान्छा सिरहां ले चलाएको देखिन्छ त्यो आर्थिक उत्पादन प्रणालीसँग सम्बन्धीत विसाल किपट क्षेत्र, सुवांगीको अधिकारसँग जोडिएर आउने आर्थिक कारोवार आयस्ता हक अधिकार माईला नर वहादुरका छोरा मान वहादुरले सम्हाल्न पुगे उनी र उनका भाइहरूले सम्हालेको जिम्मा जेठा ध्वजविरका सन्ततीले फर्काएनन् । सुवांगी संस्था आर्थिक उत्पादन सम्बन्धसँग जोडिएकाले अझ प्रशासनिक हक अधिकारको उपयोग गर्न सक्ने हैसियतको कारण, सुवाका सन्ततीहरू धनी भएको पाउँछौ उनीहरूको परिवर्तित राजनीतिमा सहभागिता जनाएको देखिन्छ । भुमी सुधार लागु गराउँदा तिनै सुवाका सन्ततीहरूलाई प्रयोग, उपयोग गरियो । प्रयोग गरेवापत कोही संसद, मन्त्री भए केही चही प्रधानपञ्च सम्म भए । पञ्चायतले अख्तियार अवलम्वन गरेको नीति वहुदलिय व्यवस्थामा आउँदा पनी तिनैका सन्ततीहरू गाविस अध्यक्ष देखी संसद मन्त्रीहरू वने भने लोकतान्त्रीक गणतन्त्रमा पनी त्यसको अनुसरण निरन्तरता भइरहेको छ । खापुङ्ग किपटियाले नापीमा थोरै मात्र दर्ता गरे हदवन्दी लाग्नाले सवै किपट जग्गा सरकारी भैदियो भएको राजीनामा वेचेर गरिव भए । भने उत्पादनका साधन माथीको पकट नापी पछी भुमी किनेर समेत हदवन्दी नलाग्ने तरिकाले आफ्नो पहुचमा राख्नेहरू नयाँ धनी संभ्रान्त वर्गमा परिणत भएको पाइयो । खापुङ्ग वंशको वर्ग हरेक कालखण्डमा फेरिरहेको पाइन्छ । र वर्गसंघर्ष को स्वरूप पनि त्यही अनुरूप भएको देखिन्छ । समाजको अन्तर विरोधात्मक गतिशिलता आर्थिक तत्वको आधारमा भएको पाइन्छ । उक्त विषय वस्तुको स्थलगत अनुसन्धानको क्रममा १५ जनासँग अन्तवार्ता लिइएको छ ।

**अध्याय ६,**

यो शोधपत्रमा मैले सुवांगी संस्थाको विगत र वर्तमान खापुङ्गको एक अध्ययनको सारांशलाई अध्याय १ देखि अध्याय ७ सम्म संक्षेपमा राख्ने प्रयास गरेको छु । संक्षेपमा वनाइएका मनन् योग्य विचारहरू मार्क्सवाद अनुशार वास्तविकता र वस्तुगत तथ्यमा

आधारित भएर द्वन्दबाट, वर्ग सङ्घर्ष, उत्पादन स्वरूपको आधार एकको दुइमा विभाजनको नियमहरूलाई समाजशास्त्रको आधारमा निष्कर्ष तयार गरिएको छ ।

## ६.२ निष्कर्ष

सुवांगी भन्नाले केन्द्रिय सरकार (सेन, शाह, राणा) ले विभिन्न कालखण्डमा विभिन्न तौर तरिकाबाट किपटिया लिम्वूहरूलाई स्थानिय शासन पद्धती सञ्चालन गर्न सुवा पदवीले सुशोभित गरिन्थ्यो र त्यो सुवाहरूले थुम र मौजाहरूको आ-आफ्नो जिम्मामा सम्पूर्ण रूपमै पाउने जिम्मेवारी, अधिकार, कार्यसञ्चालनको समष्टीगत रूपनै सुवांगी हो । लिम्वू समुदायमा प्राचीनकालमा काठमाडौँ शासन गरेका किराँत शासकको रूपमा रहे पनी स्थानिय वा एउटा क्षेत्र विशेषमा परम्परादेखि चलिआएको राजनीतिक व्यवस्था भने सुवांगी संस्था हो । लिम्वू समुदायको लागि सुवांगी संस्था सामाजिक तथा अर्थ राजनीतिक रूपमा प्रमुख आधार स्तम्भको रूपमा रहेको थियो । जसले गर्दा लिम्वू जातिहरू अन्य जाति समुदायका अगाडी, राज्य, शासन, सँस्कृति संस्कार, राजनीति आदिले परिपूर्ण एक पूर्ण समाजको रूपमा रहेको थियो । अमाल प्रथा अन्त्य गराउदा पनी किपट रहेकाले सुवांगी संस्थाको औचित्य रहीरहेको थियो । किपट प्रथाको अन्त्य गरीसकेपछी भने सुवांगी संस्था पुरै समाप्त भयो । पल्लो किरात लिम्वूवानमा किपटिया लिम्वूहरूको किपट थियो । त्यसकारण निजहरूले सुवांगी पाएका थिए । सुवा भएका नाताले अमाल सञ्चालन गर्ने अधिकार पाए । यसरी सुवांगी संस्थामा किपट प्रथा र अमाल प्रथा अन्योन्यास्रित र महत्वपूर्ण अर्थले जोडिएको थियो ।

किपटिया लिम्वू सुवाहरूले गुमेको किपट भुमि थमौतीगर्न वा परम्परागत रूपमा चलिआएको रिती थिती सुवांगी कायम गर्न लिम्वू सुवाहरूले कैयौ पल्ट श्री ५ सरकार समक्ष माग गरे । तर ‘काग कराउदै गर्छ पिना सक्दै छ’ भन्ने उखानलाई चरितार्थ गर्दै किपटिया लिम्वूहरूले किपट थमौतीको माग राख्दै गएभने शासक वर्ग आफ्नै तरिकाले चल्दै किपट भुमि सुवांगी संस्थाको समाप्त गर्ने कार्यमा तत्लीन रहेको पाइन्छ एकको दुईमा विभाजनको नियम साथै द्वन्दको कारणले सुवा हुने क्रम वढेर ८००० पुगी सकी किपट भुमी क्षतविक्षत त थियो नै पञ्चायत व्यवस्थामा नेतृत्व लिने होडवाजी चलेको कारण एकजुट हुनै सकेनन् । विपरितहरूको एकत्व नभएकाले सुर्य वहादुर थापा लिम्वूवान धनकुटाका पञ्चायती सत्तामा सदावहार रही प्रधानमन्त्री वनीरहे । उनले जसरी भए पनी

भुमी सुधार लागु गरी नापी, किपट भुमीमा समेत लागु गर्ने अडान लिदै भुमी सुधारको विरोध गर्नेहरू , नापी गर्न नदिनेहरूको छाला काडेर जुत्ता सिलाउने समेत भएभने पञ्चायती सरकारको किपट उन्मुलन गर्ने नीतिको समर्थन गर्नेहरू राजनीतिक पद वडाहाकिम, अञ्चलाधिस, संसद, मन्त्रीहरू वन्न सफल भएभने कतिलाई भुमी सुधार हाकिम भनी पद दिईयो भने कतिपय नापीमा खटिन सहयोग गर्न लगाइयो सहयोग गर्नेहरू प्रधानपञ्च सम्म भए ।

किपट प्रथा र अमाली प्रथा लिम्वूवान क्षेत्रमा एकै पटक नभई क्रमिक रूपले विस्तारै विस्तारै अन्त्य गरियो । विशेष न्याय प्रशासन सुधार ऐन २०१७ अनुशार जिल्ला अदालतले मुद्धा मामला हेर्ने व्यवस्था भएकाले किपटिया सुवाको न्यायिक अधिकारमा कटौती भयो । वि.सं. २०१८ मा गाउँ पञ्चायतको चुनाव भई निर्वाचित अधिकारीहरूले न्यायिक प्रशासनिक एवं विकास जस्ता कार्य हेर्ने भएको हुँदा सुवाहरूको न्यायिक एवम् प्रशासनिक अधिकार अझै कटौती भयो । अन्त्यमा लिम्वूवान क्षेत्रको सम्पूर्ण किपट भूमि नापी भए पछि सुवांगी संस्थाको विभिन्न अधिकार, अदालत, मालपोत कार्यलय, गाउँपञ्चायत, जिल्ला वन कार्यलय, प्रमुख जिल्ला अधिकारी तथा विभिन्न निकायले गर्न थालेकाले सेनकालवाटै प्राप्त सुवांगी संस्था सधैका लागि अन्त्य भई इतिहासको पानामा मात्र सीमित रह्यो । सुवांगी संस्था अन्त्य भन्नु भनेको राज्यको जमीनको प्रकारमा समुदाय विशेषको मात्र हुदैन भन्ने मात्र व्याख्या होइन यसले लिम्वू समुदायको परम्परागत राजनीतिक व्यवस्था माथीको पकटको पनी अन्त्य भएको छ । मार्क्सवाद अनुशार जीवन र जगत भन्नु नै द्वन्द, गती, नविनता, पुरानोको पतन र नयाँको उत्पतीको अनन्तश्रृङ्खला हो । सिङ्गो सामाजिक प्रक्रिया, समाज तथा यस भित्रका सामाजिक संस्थाहरू, मूल्यमान्यताहरू आदि परिवर्तनशील हुन्छन् । यस परिवर्तनले गर्दा नै खास खास खालका भिन्ना भिन्नै प्रकृति वा विशेषताहरू भएका नयाँ समाज, सामाजिक संस्थाहरू, मूल्यमान्यता, राजनैतिक परिपाटी, साँस्कृतिक संरचना सृजना हुन पुग्दछ । अतः लिम्बुहरू संग अन्योन्याश्रित सम्बन्ध जोडिएको सुबांगी संस्था ईतिहासमा कैद भयो ।

# सन्दर्भ ग्रन्थ सूची

कन्दङ्वा, काजिमान, (२०५६), कन्दङ्वा वंशावली, कन्दङ्वा वंशावली कोष ।

चेम्जोङ, इमानसिंह, (२०५९):'किरात इतिहास', किरात याकथुङ चुम्लुङ केन्द्रिय कार्यलय।

इङ्नाम भगिराज र शेरबहादुर, (२०७०): 'तेह्रथुम जिल्लामा सुवाङ्गी प्रथा' नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी, काठमाडौं।

श्रेष्ठ, शिव कुमार, (२०४२): 'लिम्बूवानको ऐतिहासिक अध्ययन, प्रकाशिका श्रीमती गंगा श्रेष्ठ।

मावुहाङ्ग,अर्जुन, (२०६३) :'लिम्बुवान,'लालबहादुर लुम्फुङवा, चित्रकला खेवाङ, एनकार्ड।

खापुङ्ग वंशावली, ( २०६२) ।

बराल, भवानी र तिगेला कमल, (२०६४): 'लिम्बूवानको राजनीति', वुक कल्व १ काठमाडौं, भनिन्द्र कुमार याकथुङ ।

तुम्वाहाम्फे, लिला वहादुर, (२०६३): सातरेनुहाङ तुम्वाहाम्फे वंशावली र फेदाप लिम्बूवान, जेठान सिं मागिमान सिं तुम्वाहाम्फे परिवार ।

विष्ट, डोरबहादुर, (सन् २००१) : सबै जातिको फुलवारी, हिमाल वितरण प्रा.लि. काठमाडौं ।

चोङवाङ, हरि हुक्पा, (२०७१): त्येअङसी शिरिजंगाको जीवनी, प्रकाशक मेहरमान लिङदेन।

सुवा, राजेन्द्र,(सन् २०१०): अनु-पूर्वी नेपालमा लिम्बु जातिको किपट र सामाजिक फेरबदल ।

डा. संग्रौला, नारायण प्रसाद,(२०६७): पल्लो किरातको किपट व्यवस्था, प्रकासिका श्रीमति अम्बीका देवि संग्रौला ।

मावुहाङ्ग, टंक सुव्वा २०७३ : याक्थुङ्ग समुदायको अन्तिम स्वशासित सुवांगी प्रणाली, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान लगनखेल, ललितपुर नेपाल ।

तामाङ, श्याम कुमार २०६३ : जनमुक्ति सेना एउटा नलेखिएको इतिहास, एकता प्रकाशन ।


थेवे, अमृता, २०६९ लिम्बु जातिको तुम्याङ न्यायप्रणाली, विश्व याक्थुङ मुन्धुम समाज धरान।

Fitzpatrick carlos Ian, 2011 Cardamom and class, Vajra publications


Caplan, Lionel, Land and Social change in East Nepal, London 1970AD

# परिशिष्ट अ






# परिशिष्ट १



# परिशिष्ट २



स्वस्ति श्री गिरिराजचक्रचूडामणि [illegible] त्यादि विविध विरुदावली विरा
जमानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज [illegible]
साहबहादुर समसेर जंग देवानाम् सदा समर विजयीनाम् ———
आगे तुगुहाऊ लोकसुरायके ये थाविं तईप्रान्त आघि हाम्रा बाफज्यादाले
मुलुक मोदे तेरा बाफज्यादा कटक गर्न्या मा पसीकाटीया माफि [illegible]
तेरा बाफज्यादाका सब खत बात माफ मागी स माफ व कस्यौ आघि मोरं[illegible]
का सेनवाजा का हुन्न हुदा देखि तेरा बिरजु भुई फु हामो रीलु भुखोला तारी मा
ऊ वायके तम्रानीयाऊ सीऊ जुऊ भाऊ लावाऊ जगामा सवा गय आफ्ना हु
पगराइ वस्याका मत्याहुन आज तेल्ले आयं निसाजा पाल्न जी मे रोज जगा हे
र्ना हाम्रा भारदारका जी रणजीत पांडे का कचहरी मा श्री नामा चढाई दांकाले
दगय मात मयवसी बिर्डीकर्पन्न गरी पुर्क गर्दा तलाई वहाई दिया छन तस अर्थ
सो जगा सेवोके छाप भयो उप्रान्त हालमा तैले भोगी तेरा जिउ बाबुका पालदेखि
वार्थि आयाको फाउदुवा योला दक्षिन तम्मोर उत्तर नाऊ खुसा खोला पूर्व सिमु
वा मुलडाडा पश्चिम [illegible] यति चार किल्ला भित्रको [illegible] हिन्दुपति ले दि
याको थिति पवथन वाहक सबै अङ्क मा फङ्ग [illegible] दियाको [illegible]
मेदभारा सुवा पुरेन्द्र केपेज ५ साईन्या फागु [illegible] मोहा म्रीले पनि
माफ गरीदियाको छ यातित न्या संगाधि तिमीनी भोग [illegible] इति सम्वत १८४२ साल
पौष वदी 30 रोज १ शुभम्


## परिशिष्ट ३


स्वस्ति श्री मन्महाराजाधिराजाको हुकुम

# परिशिष्ट ४

"आगे रैनसिंह राइके ३०० खुँडा ३२ बन्दुक २२८ घना श्री देव राई के खुँडा, २५० खुँडा ३० बन्दुक, २२० घना, श्री फेदाप आताहाङ राइके २५२ खुँडा, २५ बन्दुक, २२७ घना औ श्री शुभवन्त राइके १६० खुडा, २० बन्दुक, १४० घना..." इति संवत् १८४० जेष्ठ सुदी १२ रोज १ मुकाम कान्तिपुर शुभम् ।

फेदापका आतहाङ रायले वि.सं. १८३९ निम्न हातहतियार पाएका थिए । सो हतियार निजका वंश लीलाप्रसाद पड्याङगो तेङ्युमसँग रहेको छ ।



*लीलाप्रसादसँग रहेको १८३९ मा आतहाङ राईले पाएको हातहतियार*


# परिशिष्ट ५




श्रीदुर्गासहाय

स्वस्ति श्री दिवान बंछु राना श्री सर्दार प्रति मन राना क स्य पत्र
आगे सो मा राइ कौ नाति अत राइ को छोरो भजित राइ के
[illegible]
अचल गरि थाया भित्र को र हत्ता य हता गाउ वा पं
च घर त्वा हिक अरु भोरो अपुतालि चोरि जारिको घत
पत समेत आफना अचल भित्र को सवा गरि दि
अंक रु पैयां ६० सालबसाल सर्कार कोसि तोंद्दा पिल
गर्नु काज पुग्या पछि मोहर गरि दिउंला आफना
षातिर्जम्मा सँग भोग्य गरि इनको सो भै ला थाको
ह हस रुजु गार सर्वथा इति संवत १८ अ ...

# परिशिष्ट ६





[illegible]
मद्दवोहेद [illegible]
[illegible] — x — x — २ — ॥


कृहिन भैयाआको पोल्ती मिनिश्चमा [illegible] गरि
माराको [illegible] — १२ — । — x — x — १ — ।
बकानी [illegible] मा [illegible]
प्रज्ञा [illegible] — १२ — । — x — x — १६ — ।

२५साल [illegible]


[illegible] आलेविरमा आदो [illegible] — x — x — १११४ — ३ — १११४ — ३
माथि
[illegible] — x — x — २ — ॥ — २ — ॥
माथि
[illegible] — x — x — १२ — । — १२ — ।
१६२ [illegible] [illegible] [illegible] [illegible] [illegible]

इतिसम्वत् [illegible] साल मिति [illegible]


# परिशिष्ट ७



# परिशिष्ट ८



# परिशिष्ट ९



पं॰ [illegible]को

१८

डोके

[illegible] — १ — ५॥ — १ — ६॥

पौडेल — १ — ५॥ — १ — ६॥

२ ११ २ [illegible]

१ ३॥ २ ५ [illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible]

[illegible] १०

[illegible] — / — / 

[illegible]


[illegible] थापा — [illegible] १ — / — १/

[illegible] — [illegible] १ — / — १/


[illegible] थापा — [illegible] १ — / — १/


[illegible]

[illegible] — [illegible]




# परिशिष्ट १०






# परिशिष्ट ११



# परिशिष्ट १२


## छराई सात राई उल्लेखित कागज



# परिशिष्ट १३



## परिशिष्ट १४



स्वस्तिश्री महाराजाधिराजकस्यरुक्का

आगे आताहरे राईके हिजो मकवानि राजाले दियाका थामिनु [illegible]

[illegible] याफासिंर्जु [illegible] सपुरा दक्षिण [illegible] पूर्व [illegible] पश्चिम


[illegible] भित्रका जगा तलाई भनि वकस्यौं लिनुका

[illegible] हुलाई लागपाको दस्तुर अमालिलाई दाखिल गरि आफनु


जिमिनु आनि भोगे गर इति सम्बत [illegible] साल भाद्र सुदि [illegible]

शुभम


# परिशिष्ट १५



## परिशिष्ट १६



स्वस्ति श्री सम्वत्

## परिशिष्ट १७


स्वस्ति श्री पाहाँ जित राई आगे एम्मा जेलि मु मावो मु...म्वा
सुधो याहिमा को सभा सुमावो माद्धिस्मुं थलि मलि सर्वे पाछि
नाफा सफा मरि आयदेखि थलि मलि जे लि छरा नादि
विनादि ले यो कुरा उध्यां कस्रो भज्या एम्मो यातविना
त हरभनि मु खुल्का लेखिदिस्मुं आयदेखि से सन्या गरि
कात्यो भज्या ग्रामि वर्ता ले दंवोको सेले षै काद्धि भनि तस पांछि
राम्बि ... सादि नाम ... अर्डहो कोछाप ...लिदि
स्मुं भनि मु खुल्का लेखिदिस्मुं लेष को साद्धि ... भमान
साद्धि इस्मु हां राई साद्धि जितमान राई साद्धि नयु हां राई
साद्धि हांकम्म्हा राई साद्धि पांजन सिं राई साद्धि जगनसिं
राई साद्धि इ३० सां जेत राई साद्धि इथाजित राई साद्धि षा
सिंहां राई साद्धि संके सम्वत १८८५ साल कार्तिक वदि
६ रोज ३ हांपां सुभ एम्म्स

## परिशिष्ट १८

# परिशिष्ट १८



# परिशिष्ट १९

## ३१. सम्झौता पत्र


जगनन्दा राईले हचम्फियालाई ब्यब्जा खादा हचम्फियालले जम्मा कमारी कमारो १५ आनी तिन्यो र पनि जगनन्दले तेरो काम खान्छु दाम खादिन भन्दा ६ राई, ७ राईले र कोन्दोडवा इनीहरुले तेरो पर्जा थामी दिन्छौ दाम हामी खान्छौं भनी इडनामफेलाई भन्दा कबोल पुग्छ भन्या सल्लाह देखि बाहिक रहन्या छैन भन्यो । हचम्फियाको दाम कमारो कमारी फेदाप्या र कोन्दोड्वाले बाडी खाएको सम्झौता तपसिल

| | |
|---|---|
| आतहाड राईले खाको कमारी कमारो | २ |
| दुमामित राईले खाको आनी | १ |
| युनहाड र सेकपाराले खाको आनी | २ |
| मोज राईले खाको आनी | १ |
| हांसामाले खाको आनी | १ |
| हाडसु राई त्यायुडले खाको आनी खापुङ समेतले | १ |
| टटुवाले खाको आनी | १ |
| इनीहरुलाई तिमीहरु पञ्च साक्षी छौ | |
| भनी मेजमानी खुवाको आनी | १ |
| गीदहाडले खाको आनी | १ |
| हाडवान्दले खाको १ आनीको मोल | ३० |
| मुसाहाडले खाको आनी | १ |
| हाडसावोन राई र युसाडहाड राई इन २ ले खाको आनी | १ |
| जगनन्दले खाको आनी | १ |


फेदापले खाकोमा मुख कायल भया पनी पोराहाड हययाम्फियाले फेदापमा गाको आनी मैले उठाई खाया रेख छ भन्या गर भनी ८५ सालमा न्यापालमा भन्याको निस्सै हो । ८ आनी पोराहाडले फकाई लियौं । दाजु भाइले झगडा गन्यौ ता हयाम्फिया छेउ देखाइदिनु ।

सम्वत १८८५ साल मिती आषाढ वदी ७ रोज ५ शुभम् ।


## परिशिष्ट२०




## परिशिष्ट२१




# परिशिष्ट२२



# परिशिष्ट२३




# परिशिष्ट२४




[illegible]


# परिशिष्ट२५



# परिशिष्ट२६




# परिशिष्ट२७




चेक रसीद बुक. जमिन्दार सरदारीराम मोधीराम, रांगभांग ईस्टेट।
जिल्ला दारजीलिंग
मौजा वा माकौन
रैयत का नाम
बाप का नाम
जात
मोट रु०
ता:
सन १८
साल।
दस्तखत मालिकका।
दस्तखत मैनेजर का।


# परिशिष्ट२८



## परिशिष्ट२९


लिखितम सुवा भोगदार सुवा जेमान आगे हुम्लाल [illegible] काजे
ला को ठाक्या थरि [illegible] उपाध्याको [illegible] हामि दुइ कोमि
[illegible] मा १८ सालमा हाल्याका [illegible] पाध्या घर [illegible]
लमा हाल्याको इन्द्र दिलास पाध्या घर १ हामि दुइ [illegible]
[illegible] जिजा बाप [illegible] को १८०२ साल [illegible]
सुवाका जिजा बा हाल [illegible]
मिति आश्विन वदि १३ रोज २ शुभम


## परिशिष्ट३०


तपसिल


# परिशिष्ट३१




## परिशिष्ट३२




## परिशिष्ट३३



## परिशिष्ट३४



# परिशिष्ट३५



तपसिल

[illegible] — ३

[illegible] — ३

[illegible] — ३

[illegible] — ३

जितबिर — २ [illegible]

गजदल — ३

धर्माजित — ५॥


[illegible] — ६॥

[illegible] — ५॥

[illegible] — ६॥

[illegible]

# परिशिष्ट३६



चित्र च



आठराइ संक्रान्ति बजार स्थित फेदाप र आठराइ थुमको सिमा छुट्याउने ठाडो ढुङ्गा शिलास्तम्भ ।



सावरे र छथरेहरूले लिम्बुहरूलाई अम्फुवा दोभानमा सीमा बाँधेको शिलास्तम्भ ।

चित्र छ

सुभा पंचकर्ण जिम्माको सुभाङ्गी संचालक, हकाधिकारवाला उत्तराधिकारि आगे सुभा मान वहादुर खापुङ्ग, सुभा हां नारायण खापुङ्ग, सुभा वषत वहादुर खापुङ्ग तिन भाईया अरिङगाले तिन सुभा

**चित्र झ**



सुभा जयमानको पंचकर्ण जिम्मा हुदै तिन भाईया तिन सुभा मान वहादुर, हाङ्ग नारायण, वषत वहादुरले संगोलमा पूजी दशैमा मार हान्ने मौलो गाडिएको ढुङ्गा ।

**चित्र ञ**



सुभा मान वहादुर खापुङको जिम्मामा रहेकोहातहतियार गैडाको छालाको ढाल, तरवार, हात्तिको दाँतको विड भएको खुकुरी हाल धरान मानबहादुर खापुङ्गका नाती केआइ सिं खापुङ्गको घरमा रहेको छ ।